"Partnership for urban Gorvernance"

# शहरको आवाज

नेपाल नगरपालिका संघको चौमासिक पत्रिका

पूर्णाङ्क ५३ वर्ष २४ अंक ३ कार्तिक–पौष २०८०

# तहगत अधिकारको कार्यविस्तृतिकरण परिमार्जन सुझाव प्रतिवेदन

VOICE OF CITIES

www.muannepal.org.np




कार्यविस्तृतीकरण सुझाव प्रतिवेदन हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै
तत्कालिन **का.वा. प्रधानमन्त्री मा. पूर्णबहादुर खड्का**



सुझाव प्रतिवेदन हस्तान्तरण गर्नुहुँदै **नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ नेपाल**का अध्यक्षहरु क्रमश **लक्ष्मीदेवी पाण्डे** र **भीमप्रसाद ढुङ्गाना** तथा कार्यकारी निर्देशक **कलानिधि देवकोटा** एवं **राजेन्द्र प्याकुरेल**। प्रतिवेदन ग्रहण गर्दै कार्यदलका संयोजक **एकनारायण अर्याल**

# तहगत अधिकारको कार्यविस्तृतिकरण परिमार्जनकालागि
# नेपाल नगरपालिका संघ र
# गाउँपालिका राष्ट्रिय महासंघ नेपालका तर्फबाट प्रस्तुत

## प्रारम्भिक सुझाव प्रतिवेदन

१२ आश्विन, २०८०
काठमाडौं

**नेपाल नगरपालिका संघद्वारा प्रकाशित**
**चौमासिक बुलेटिन शहरको आवाज**

**संरक्षक**
भीमप्रसाद ढुंगाना

**सम्पादक**
कलानिधि देवकोटा

**सह-सम्पादक**
मधुसुदन रिजाल

**वितरण**
रोशनी श्रेष्ठ

© **कपिराइट**:
नेपाल नगरपालिका संघ

**संख्या**:
१००० प्रति

**डिजाइन/लेआउट**:
रबिन्द्र न्यौपाने

**मुद्रण**:
सिप्को बिजनेश प्रिन्टिङ्ग सिष्टम प्रा.लि,

**Voice of Cities (VoC),** a quarterly development journal of **Municipal Association of Nepal (MuAN)**, aims at stimulating interaction on varous topics relevant to urban development and good governance. comments and contributions are welcome by mail or email: info@muannepal.org.np . To be on the mailing list of the VoC, send a request letter to MuAN or log on to www.muannepal.org.np or email info@muannepall.org.np.

# प्रकाशकीय

स्थानीय सरकारको संवैधानिक व्यवस्थाका लागि निरन्तर बहस, पैरवी गर्दै संविधान प्रदत्त स्थानीय सरकारका विभिन्न प्रकृतिका एकल अधिकारहरुको संरक्षण गर्न ती अधिकारको संविधान एवं बाभि्रएका कार्यान्वयनकालागि नमूना कानूनको निर्माण, बाभि्रएका कानूनहरुको संशोधन वा खारेजी, जनप्रतिनिधिको क्षमता अभिबृद्धि, नीतिगत र प्राविधिक सहयोग, अन्तर-सरकार समन्वय, अनुसन्धान तथा संजालिकरणको माध्यमबाट स्थानीय सरकारको संस्थागत विकास गर्न नेपाल नगरपालिका संघले अग्रणी भूमिका निर्वाह गर्दै आएको कुरा सम्बन्धित सबैमा विदितै छ ।

संघ, प्रदेश र स्थानीय तहको अन्तर्सम्बन्ध व्यवस्थित गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित राष्ट्रिय समन्वय परिषद्को सदस्यमा स्थानीय सरकारका संघमहासंघका अध्यक्षहरु समेत नियुक्त हुनु स्वयम् संघ/महासंघले निर्वाह गरेको भुमिकाबाट स्पष्ट हुन्छ । राष्ट्रिय समन्वय परिषद्को बैठक २०८० असार १६ गते पोखरामा सम्पन्न भई विभिन्न निर्णयहरु भएकोमा स्थानीय सरकारका संघ महासंघहरुलाई संघीयता कार्यान्वयनका लागि आवश्यक पर्ने कार्य विस्तृतिकरण लगायतका प्रदेश स्तरीय समितिमा समेत राख्ने प्रतिवद्धता गरिएको थियो । तथापि कार्यविस्तृतिकरण बाहेक अन्य कुनै पनि समितिमा संघ/महासंघको प्रतिनिधित्व नभएको र सोको सुनिश्चितता गर्न संघको तर्फबाट सम्माननीय प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा आवश्यक पहल र समन्वय भईरहेको छ ।

राष्ट्रिय समन्वय परिषद्को पहिलो निर्णयअनुसार गठित कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समितिको साउन ८ गते प्रधानमन्त्री कार्यालयमा सम्पन्न बैठकले डेढ महिनाभित्र प्रदेशस्तरमा सरोकारवालाबीच परामर्श गरिसक्नेगरी कार्यतालिका स्वीकृत गरेको थियो । नेपाल सरकारले कार्यविस्तृतीकरण परिमार्जन गर्नुपर्नाको औचित्य, कानुनि हैसियत एवं साविकको प्रतिवेदनमा स्पष्ट नभएका विषयहरुमा थप प्रष्ट पार्न, छुटेका विषयहरुलाई समावेश गर्न, दुई वा दुई भन्दा बढी सरकारका क्षेत्रमा दोहोरो तथा तेहेरोपना भएका विषयहरुको पहिचान गरी त्यसलाई हटाउने विषयहरुको पहिचान गरी परिमार्जन गर्ने स्पष्ट सैद्धान्तिक धारणा सहित यो सुझाव प्रतिवेदन तयार पारिएको छ ।

विभिन्न विषयगत क्षेत्रमा विज्ञ परामर्शदाता, स्थानीय सरकारका जनप्रतिनिधि, कर्मचारी बीच घनिभुत छलफल गरी कार्यविस्तृतीकरण प्रतिवेदनमा परिमार्जनका लागि सुझाव संकलन गर्ने उद्देश्यले प्रादेशिक तहमा तीन वटा प्रदेशमा (नेपालगञ्ज, बर्दिबास र भरतपुर)मा कार्यक्रम संचालन गरिएको थियो । स्थानीय सरकारबाट प्रतिनिधिमुलक रुपमा सहभागि भएका जनप्रतिनिधिहरुसँग विषय विज्ञहरुको सहयोगमा अन्तरक्रिया गरी तयार गरिएको प्रारम्भिक प्रतिवेदन नेपाल नगरपालिका संघ एवं गाउँपालिका राष्ट्रिय महाँसंघ नेपालका अध्यक्षद्वारा नेपाल सरकारका त्यसबेलाका कार्यवाहक प्रधानमन्त्री पुर्णबहादुर खड्काज्यू को प्रमुख आतिथ्यता रहेको समारोहमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एकनारायण अर्याल लाई बुझाइएको हो ।

अन्त्यमा, नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि एवं कर्मचारीहरुका लागि अनवरत क्रियाशील यस संघले गरेका महत्वपूर्ण गतिबिधिलाई लामो समय देखि संघको नियमित प्रकाशन **"शहरको आवाज"** पत्रिका मार्फत प्रकाशित गर्दै आएको र संघले यस अंकलाई विशेष अंकको रुपमा यो प्रतिवेदनलाई पस्कने जमर्को गरेको छ । प्रतिवेदन तयार गर्न सहयोग गर्ने साझेदार संस्थाहरुमा द एसिया फाउण्डेसन नेपाल, सिडिएसजी/जिआईजेड, एसडिसी, एडिबि लगायत विषय विज्ञहरुको योगदानको उच्च मुल्याङ्कन गर्दै सुझाव प्रदान गर्नुहुने सबैमा आभार प्रकट गर्दछौं । प्रस्तुत सुझावहरुलाई सिफारिस कार्यदलले स्वीकृतीका लागि राष्ट्रिय समन्वय परिषद् र मन्त्रिपरिषद्मा पेश गर्नेछ भन्ने पूर्ण विश्वासका साथ कार्यविस्तृतीकरणको परिमार्जनले तहगत सरकारका एकल तथा साझा अधिकारमा स्पष्टता ल्याई संघीयता कार्यान्वयनमा सहजता हुने विश्वास लिएका छौं ।

# भुमिका

राष्ट्रिय समन्वय परिषदको मिति २०८० असार १६ गते पोखरामा सम्पन्न पहिलो बैठकले कार्यविस्तृतीकरण प्रतिवेदनलाई परिमार्जन गर्ने निर्णयअनुसार गठित कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समितिको पहिलो बैठक साउन ८ गते प्रधानमन्त्री कार्यालयमा बसेको थियो। बैठकले डेढ महिनाभित्र प्रदेशस्तरमा सरोकारवालाबीच परामर्श गरिसक्नेगरी कार्यतालिका स्वीकृत गरेको छ।

नेपाल सरकारले कार्यविस्तृतीकरण परिमार्जन गर्नुपर्नाको औचित्य अझै पुष्टी गर्न सकेको छैन र यसको कानूनी हैसियतको जवाफ पनि स्पष्ट दिन सकेको छैन। साविकको प्रतिवेदनमा के के कुरा अस्पष्ट भए र अब के कसरी परिमार्जन गर्ने भन्ने पनि स्पष्ट सैद्धान्तिक धारणा बनाएको छैन। यस पृष्ठभूमिमा गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघको संयुक्त प्रयासमा कार्यविस्तृतीकरण प्रतिवेदनमा स्पष्ट नभएका विषयहरुमा थप प्रष्ट पार्न, छुटेका विषयहरुलाई समावेश गर्न, दुई वा दुई भन्दा बढी सरकारका क्षेत्रमा दोहोरो तथा तेहेरोपना भएका विषयहरुको पहिचान गरी त्यसलाई हटाउने गरी विषयहरुको पहिचान गरी सुझाव तयार पारिएको छ।

सुझाव तयार पार्ने क्रममा पहिलो चरणमा विभिन्न ७ वटा क्षेत्रगत रुपमा विज्ञ परामर्शकर्ता एवं अभ्यासकर्ताहरु मार्फत कार्यविस्तृतीकरण परिमार्जनमा उठाउनु पर्ने स्पष्ट विषयहरुको मस्यौदा तयार पारिएको थियो। मस्यौदालाई तीन वटा क्लष्टरस्तर (बर्दिबास, चितवन र नेपालगञ्ज) मा सरोकारवालाहरु (गाउँ/नगरपालिकाका प्रमुख/उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष एवं शाखा प्रमुखहरु) को सहभागितामा परामर्श गोष्ठि मार्फत सुझाव प्राप्त गरिएको छ। यसैगरी प्रदेश र स्थानीय सरकारका साझा अधिकारका सूचीमा स्पष्टता ल्याउन दुई वटा प्रदेश सरकार (बागमती र लुम्बिनी) सँग समेत परामर्श कार्यशालाको आयोजना गरिएको थियो।

क्लष्टरस्तर र प्रदेशस्तरमा भएका परामर्श कार्यशालाबाट प्राप्त सुझावलाई विज्ञ समूहले अन्तिम रुप प्रदान गरिएको छ। प्रस्तुत सुझाव मुख्यगरी साविकको प्रतिवेनमा परिमार्जन गर्नुपर्ने विषयहरुलाई तीन महले तालिकामा उल्लेख गरिएको छ। जसमा पहिलो महलमा प्रतिवेदनमा रहेको साविकको व्यवस्था, दोस्रो महलमा परिमार्जन गर्नुपर्ने विषयहरु र तेस्रो महलमा परिमार्जन गर्नुपर्नाको कारणलाई उल्लेख गरिएको छ। सात वटै विषय क्षेत्रको तीन महले तालिकाको अन्तिममा तीन महले तालिकमा छुटेका सवालहरुलाई सुझावको रुपमा राखिएको छ।

प्रस्तुत सुझाव तयार पार्ने क्रममा यसका केही सीमिता पनि रहे। छोटो समय अर्थात छ हप्तामा नै सुझाव तयार पारेर बुझाउनु पर्ने सिफारिस समितिको कार्यतालिकाले सरोकारवालाहरुसँग पर्याप्त परामर्श गर्न समयको अभावले सम्भव भएन। संघ/महासंघमा रहेको आर्थिक स्रोतको सीमितता अर्को बाधक बन्यो। तत्कालै स्रोत साधनको जोहो गरेर विज्ञ परिचालन गर्ने र सरोकारवालाहरुसँग परामर्श गर्नु चुनौती नै रह्यो। कार्यविस्तृतीकरण परिमार्जन गर्दा प्रतिवेदनको कार्यान्वयनको समिक्षा गर्न सकिएको भए ग्याप पत्ता लगाउन सजिलो हुने थियो जसले परिमार्जनका लागि ठोस आधार प्राप्त गर्न सकिने थियो।

अन्त्यमा, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघले कार्यविस्तृतीकरणमा परिमार्जनको लागि सुझाव तयार पार्न क्षेत्रगत विज्ञहरुको योगदान प्रति हामी आभारी छौं। सुझाव संकलनका लागि क्लष्टरस्तरमा भएको परामर्श कार्यक्रममा सहभागि भै सुझाव प्रदान गर्नुहुने स्थानीय सरकारका प्रतिनिधिहरु, प्रदेश सरकारका प्रतिनिधिहरु र अन्य सरोकारवालाहरुमा आभार प्रकट गर्दछौं।

प्रस्तुत सुझावहरुलाई सिफारिस कार्यदलले आफ्नो प्रतिवेदनमा समावेश गरी स्वीकृतीका लागि राष्ट्रिय समन्वय परिषद र मन्त्रिपरिषदमा पेश गर्नेछ भने पूर्ण विश्वास लिएका छौं। कार्यविस्तृतीकरणको परिमार्जनले तहगत सरकारका एकल तथा साझा अधिकारमा स्पष्टता आई संघीयता कार्यान्वयनमा सहजता हुने विश्वास लिएका छौं।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ

भिम प्रसाद ढुङ्गाना
अध्यक्ष
नेपाल नगरपालिका संघ

## १. कार्यक्रमको नाम

कार्यविस्तृतीकरण परिमार्जनको लागि स्थानीय सरकारको तर्फबाट सुझाव तयारी

## २. उद्देश्यः

सरोकारवालाहरुसँगको परामर्शमा कार्यविस्तृतीकरण प्रतिवेदन अद्यावधिकका लागि स्थानीय सरकारहरुको तर्फबाट सुझाव तयार गरी पेश गर्ने ।

## ३. आयोजकः

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघ

## ४. प्रमुख गतिविधिहरु

- विभिन्न ७ वटा क्षेत्रगत (अनुसूची १) रुपमा विज्ञ परामर्शकर्ता एवं अभ्यासकर्ताहरुलाई कार्यविवरण प्रदान गरी कार्यविस्तृतीकरण परिमार्जनको लागि स्थानीय सरकारको तर्फबाट उठाउनु पर्ने स्पष्ट विषयहरु तयारी
- अनुसूची १ मा उल्लेखित ७ वटै विषयक्षेत्रमा सम्बन्धित सरोकारवालाहरुबीच बेग्लाबेग्लै ७ वटा परामर्श बैठक आयोजना
- तीन वटा क्लष्टर (बर्दिबास, चितवन र कोहलपुर) मा स्थानीय सरकारहरुका प्रतिनिधिहरु सम्मिलित परामर्श गोष्ठि सञ्चालन गरी प्रतिवेदन परिमार्जनमा स्पष्ट धारणा र एजेण्डा तयारी
- राष्ट्रिय समन्वय समितिले गठन गरेको सिफारिस समितिको आयोजना र संघ/महासंघको व्यवस्थापनमा केन्द्रिय स्तरमा अन्तिम गोष्ठि सञ्चालन मार्फत सिफारिस समितिमा पेश
- सिफारिस समितिले सबै प्रदेशहरुमा गर्ने सुझाव संकलन गोष्ठीमा संघ/महासंघको तर्फबाट तर्कसँग रुपमा प्रस्तुत हुन भर्चुअल अभिमुखीकरण
- सबै कार्यक्रम सम्पन्न गरी सबैको सुझावको आधारमा कार्यविस्तृतीकरणमा स्थानीय सरकारको स्पष्ट एजेण्डा तयार पारी सिफारिस समितिको बैठकमा सहभागिता जनाउने र परिमार्जन प्रतिवेदनमा स्थानीय सरकारको एजेण्डा स्थापित

## ५. विज्ञ परामर्शकर्ताहरुको कार्यविवरणः

**विज्ञ परामर्शकर्ताले देहायबमोजिमको कार्य गर्नेगरी जिम्मेवारी दिई परामर्श सेवा लिने ।**

- तोकिएका विषयक्षेत्रमा कार्यविस्तृतीकरण स्थानीय सरकारको एकल तथा साझा अधिकारको डेस्क समिक्षा गर्ने ।
- उक्त विषयमा स्थानीय सरकारका काम गर्दा आएका समस्याहरुलाई विश्लेषण गर्ने । यसरी विश्लेषण गर्दा (१) नीति तथा कानूनी पक्ष, (२) कार्यान्वयन पक्ष र (३) अन्तर सरकार समन्वय लगायतका विषयमा कहाँ कहाँ र के के समस्या रहेको छ ? हेर्ने ।
- तोकिएको विषयमा सुधार गर्नुपर्ने अर्थात परिमार्जन गर्नुपर्ने विषयहरुको चेक लिष्ट तयार ।
- संघ/महासंघले सम्बन्धित क्षेत्रका सरोकारवालाहरुसँग र क्लष्टर तहमा गर्ने परामर्श बैठकको सहजिकरण गर्ने र सुझाव संकलन गरी प्रतिवेदन तयार ।
- क्षेत्रगत विषयमा सरोकारवालाहरुसँग काठमाडौंमा बेग्लाबेग्लै परामर्श बैठक सञ्चालन ।
- प्रधामन्त्री कार्यालयको आयोजना र संघ/महासंघको संयुक्त व्यवस्थापनमा अन्तिम कार्याशाला आयोजना गरी अन्तिम प्रतिवेदन तयार गरी समितिमा पेश ।

## ६. कार्यतालिका

| क्र.सं. | प्रमुख कृयाकलाप | समय तालिका | कैफियत |
|---|---|---|---|
| १ | क्षेत्रगत विज्ञको छनोट | २९ साउन | भैसकेको |
| २ | क्षेत्रगत विज्ञ र संयोजकको संयुक्त बैठक र तयारी | भाद्र १ (काठमाडौं) | |
| ३ | क्लष्टर स्तरमा परामर्श गोष्ठि आयोजना | | |
| ३.१ | बर्दिबास | भाद्र ७ र ८ | |
| ३.२ | चितवन | भाद्र ९ र १० | |
| ३.३ | कोहलपुर | भाद्र १५ र १६ | |
| ४ | विषय क्षेतगत रुपमा सरोकारावालाहरुसँग परामर्श बैठकहरु सञ्चालन | भाद्र १७ देखि २२ सम्म | |
| ५ | अन्तिम परामर्श गोष्ठि (काठमाडौं) | भाद्र २५ | |
| ६ | प्रतिवेदन पेश | आश्विन १२ | |

**कार्यविस्तृतिकरण परिमार्जनका लागि**
**स्थानीय सरकारका सवालहरुमा सुझाव तयार गर्न संचालन गरिएका प्रमुख कार्यक्रमहरु**

| कार्यक्रम | स्थान, मिति (२०८०) | सहभागिता | सहभागि संख्या |
|---|---|---|---|
| प्रारम्भिक परामर्श | काठमाडौं<br>भाद्र ६-७ | क्षेत्रगत बिज्ञहरु र संघ/महासंघका पदाधिकारीहरु | २८ |
| क्लष्टरगत परामर्श कार्यशाला | चितवन<br>भाद्र ११-१२ | गण्डकी, बागमतीको पश्चिम क्षेत्र र लुम्विनीको पूर्वी क्षेत्रका स्थानीय सरकारका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु | ५४ |
| क्लष्टरगत परामर्श कार्यशाला | बर्दिबास<br>भाद्र १७-१८ | कोशी, मधेश र बागमती प्रदेशको पूर्वी क्षेत्रका स्थानीय सरकारका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु | ५२ |
| क्लष्टरगत परामर्श कार्यशाला | कोहलपुर<br>भाद्र २२-२३ | लुम्बिनी प्रदेशको पश्चिम क्षेत्र, कर्णाली र सुदुरपश्चिम प्रदेशका स्थानीय सरकारका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु | ५६ |
| प्रदेश सरकारसँग अन्तर्कृया | भालुवाङ<br>भाद्र २९ | लुम्विनी प्रदेश सरकारका मुख्य मन्त्री, सभामुख, मन्त्रीहरु, संसमा प्रतिनिधित्व गर्ने दलका प्रमुख सचेतक/ सचेतकहरु, प्रदेश सचिवहरु र संघ/महासंघका प्रदेशका पदाधिकारीहरु | ४८ |
| प्रतिवेदन तयारी कार्यशाला | धुलिखेल<br>असोज १०-११ | क्षेत्रगत बिज्ञहरु, संघ/महासंघका पदाधिकारीसंग अन्तिम परामर्श र सिफारिस प्रतिवेदन तयारी | ३३ |
| सुझाव प्रस्तुतीका लागि राष्ट्रिय कार्यशाला | काठमाण्डौं<br>असोज ०६-१२ | माननीय का. मु. प्रधानमन्त्री पूर्णबहादुर खड्काज्यूको प्रमुख आतिथ्यता र सिफारिस समितिका संयोजक निमित्त मुख्य सचिव एक नारायण अर्यालको अध्यक्षता, राष्ट्रिय समन्वय परिषद्को सचिवालयको आयोजना र स्थानीय सरकारका संघ/महासंघसंगको सहजिकरणमा भएको अन्तरक्रिया कार्यक्रममा प्रतिवेदन हस्तान्तरण | ५२ |

# विषयसूची


| बिषय | पेज नं. |
|---|---|
| १. शिक्षा क्षेत्र | १ |
| २. स्वास्थ्य क्षेत्र | ११ |
| ३. पूर्वाधार क्षेत्र | २१ |
| ४. आर्थिक विकास | २९ |
| ५. सेवा क्षेत्र | ४९ |
| ६. वित्तीय क्षेत्र | ७१ |
| ७. वन, वातावरण र विपद व्यवस्थापन क्षेत्र | ७९ |


- स्थानीय तह एकल अधिकारसुची अनुसूची ८ को विस्तृतिकरण
- संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसुची अनुसूची ९ को विस्तृतिकरण
- संविधानका मैलिक हक र राज्यका निर्देशक सिद्धान्त सम्वन्धी धारा र अन्य धारामा उल्लिखित कार्यको विस्तृतिकरण
- कार्यविभाजन नियमावली र अन्य ऐन कानून अन्तरगत भइ रहेका कार्यको विस्तृतिकरण

# शिक्षा क्षेत्र

## कार्यविस्तृतीकरण पुनरावलोकन सुझाव

**समुहः शिक्षा**

| | साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| **संविधानको अनुसूची ८ बमोजिमको एकल अधिकारको विस्तृतिकरण** | | | |
| **८ आधारभूत तथा माध्यमिक शिक्षा** | | | |
| ८.१ | प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक (गुरुकुल, मदरसा, गुम्वा आदि) एवम् निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | | |
| ८.२ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन | माध्यमिक तहसम्मको प्रविधिक शिक्षा तथा व्यावसायिक तालिमको नीति कानून, योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन (स्रोतको हस्तान्तरण समेत) | संविधानकौ अनुसूची ८ को बुदा नं. ८ बमोजिम सबै प्रकारका आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको हो र कार्यान्वयनमा सहजताको लागि समेत यहि व्यवस्था उपयुक्त हुने |
| ८.३ | पाठ्यक्रम र पाठ्यसामग्री वितरण र कार्यान्वयन | | |
| ८.४ | विद्यालय शिक्षक एवं कर्मचारीको व्यवस्थापन | विद्यालय शिक्षक एवं कर्मचारीहरुको नियुक्ति, पदस्थापना, का.स.मु., दरवन्दि मिलान, प्रोत्साहन, पुरस्कार, दण्ड, सजाय र अवकास सम्मको व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | थप स्पष्ट गरिए कार्यान्वयनमा सहजता हुन जाने । |
| ८.५ | विद्यालय नक्शाङ्कन, विद्यालयको अनुमति, स्वीकृति, समायोजन र नियमन | | |
| ८.६ | शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार | संघ, प्रदेश र अन्य विभिन्न पक्षको साझेदारीमा शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार | शिक्षामा लगानी संघ र प्रदेश सरकारको पनि दायित्व हो भने कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको हो । |
| ८.७ | आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन | | |
| ८.८ | विद्यार्थी सिकाई उपलब्धी परीक्षण र व्यवस्थापन | | |
| ८.९ | विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन | | |



| | साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| ८.१० | शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन | शैक्षिक परामर्श सेवाको मापदण्ड, नीति, निर्माण, कानून, अनुमति, नियमन, दर्ता र खारेजी | थप स्पष्ट गर्नुपर्ने भएकाले । |
| ८.११ | स्थानीय तहका शैक्षिक ज्ञान, सिप र प्रविधि संरक्षण, प्रबर्द्धन र स्तरीकरण | | |
| ८.११ | स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन | | |
| ८.११ | माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन | सवै प्रकारका माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमको समन्वय, नियमन र कार्यान्वयन | थप स्पष्ट गर्नुपर्ने भएकाले । |
| ८.११ | थप | स्थानीय पाठ्यक्रम निर्माण, पाठ्यसामाग्री निर्माण, वितरण, कार्यान्वयन र अनुगमन | थप गर्नु पर्ने । |
| ८.११ | थप | संस्थागत विद्यालयको मापदण्ड, दर्ता, नियमन र अनुगमन | थप गर्नु पर्ने । |
| ८.१६ | थप | आवासिय विद्यालयको संचालन,व्यवस्थापन र नियमन | थप गर्नु पर्ने । |
| ८.१७ | थप | आधारभुत र माध्यमिक शिक्षा सम्वन्धि अन्य कार्यहरु | थप गर्नु पर्ने । |
| **२२ भाषासंस्कृति र ललितकलाको संरक्षण र विकास** | | | |
| २२.१ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन नियमन | | |
| २२.२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास | संघ, प्रदेश र अन्य विभिन्न पक्षको साझेदारीमा पुरातत्व, प्राचिन स्मारक र संग्रालयको संरक्षण, सम्भार, प्रर्वदन र विकास | लागत साझेदारी गर्नुपर्ने भएकाले । |
| २२.३ | परम्परागरत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन | | |
| **संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण** | | | |
| **२ शिक्षा, खेलकूद र पत्रपत्रिका** | | | |
| २.१ | शिक्षा (अनुसूची ८ (८) अन्तरगत समावेश) | | |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| २.२ | स्थानीयस्तरमा खेलकुदको संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास | संघ, प्रदेश र अन्य विभिन्न पक्षको साझेदारीमा स्थानीयस्तरमा खेलकुदको संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास | लागत साझेदारी गर्नुपर्ने भएकाले । |
| २.३ | स्थानीयस्तरमा खेलकूद प्रशासन र संघसंस्थाको नियमन र समन्वय | | |
| २.४ | खेलकूद विकास र प्रवर्द्धन | | |
| २.५ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र सहभागिता | | |
| २.६ | खेलकूद सम्वन्धी प्रादेशिक पूर्वाधारको विकास | | |
| २.७ | स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन | | |
| **संविधानका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त, राज्यका नीति सम्बन्धी धारा र अन्य धारामा उल्लिखित कार्यको विस्तृतीकरण** | | | |
| **कार्य विभाजन नियमावली र अन्य ऐन कानून अन्तर्गत भै रहेकाकार्यहरूको विस्तृतीकरण** | | | |



## सङ्घ प्रदेश र स्थानीय तहका संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकारको विस्तृतिकरण

| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रशतावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| **संङ्घीय विस्तृतिकरण** | | | |
| **२ शिक्षा, खेलकुद र पत्रपत्रिका** | | | |
| २.१ | अनुसूची ५ को १५ मा समावेश भएको | | |
| २.१ | शिक्षा क्षेत्र | | |
| २.१.१ | शिक्षा सम्वन्धी राष्ट्रिय नीति, कानून तथा मापदण्ड निर्धारण | शिक्षा सम्वन्धी राष्ट्रिय नीति, न्युनत्तम राष्ट्रिय मापदण्ड सम्बन्धी कानून तथा मापदण्ड निर्धारण | विध्यालय शिक्षा सम्बन्धी मापदण्ड कानून मात्र बनाउने हो । |
| २.१.२ | मानव संसाधन आवश्यकता प्रक्षेपण तथा राष्ट्रिय शैक्षिक योजना निर्माण | | |
| २.१.३ | शिक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय विकास साझेदार र निकायसँगको समन्वय | | |
| २.१.४ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयंसेवा सम्बन्धी नीति निर्धारण र परिचालन | | |
| २.१.५ | विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल (ऋयचभ) विषयको पाठ्यक्रम र नमूना पाठ्यपुस्तक निर्माण एवं नियमन | | |
| २.१.६ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड निर्धारण र नियमन | | |
| २.१.७ | विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता एवं सक्षमताको मापदण्ड निर्धारण र नियमन | | |
| २.१.८ | शैक्षिक संस्थाको स्थापना र सञ्चालनको राष्ट्रिय मापदण्ड निर्धारण | | |
| २.१.९ | कूटनीतिक नियोग तथा विदेशी शैक्षिक संस्थाबाट सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति तथा नियमन | कूटनीतिक नियोग तथा विदेशी शैक्षिक संस्थाबाट सञ्चालन हुने शैक्षिक संस्थालाइ स्थानीय तहले दिने स्वीकृति तथा अनुमतिमा ;हमतीा | विध्यालय स्थापना र सञ्चालन अनुमति स्थानीय तहको कानून बमोजिम हुने हो तर अन्तर्राष्टिय सवाल भएकोले संघ सरकारको सहमति अनिवार्य रहन्छ । |
| २.१.१० | विदेशमा नेपालको पाठ्यक्रम अनुसार विद्यालय खोल्न अनुमति | | |
| २.१.११ | विद्यालयतहको परीक्षाको राष्ट्रिय मापदण्ड निर्धारण | | |

| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रश्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| २.१.१२ | विद्यालयतहको कक्षा १२ को परीक्षा व्यवस्थापन | | |
| २.१.१३ | शैक्षिक योग्यताको समकक्षता निर्धारण | | |
| २.१.१४ | छात्रवृति र विद्वतवृत्ति सम्वन्धी राष्ट्रिय मापदण्ड निर्धारण | | |
| २.१.१५ | स्वदेशी तथा विदेशी नागरिकका लागि शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृति | | |
| २.१.१६ | राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन | | |
| २.१ | पत्रपत्रिका | राष्ट्रिय स्तरका पत्रपत्रिका | स्थानीय स्तर र प्रदेश स्तरको सम्बन्धित तहको |
| २.१.१ | पत्रपत्रिका सम्वन्धी आचार संहिताको मापदण्ड | | |
| २.१.२ | सार्वजनिक छापा सञ्चार माध्यमको सञ्चालन, विस्तार र नियमन | | |
| २.१.३ | अनुगमन, अभिलेख र व्यवस्थापन (संघ स्तरीय पत्रपत्रिका) | | |
| २.२ | खेलकुद | राष्टिय तथा अर्न्तराष्ट्रिय खेलकुद | स्थानीय स्तर र प्रदेश स्तरको सम्बन्धित तहको |
| २.२.१ | खेलकूद सम्वन्धी नीति, कानून,  मापदण्ड, कार्यान्वयन र नियमन | खेलकूद सम्वन्धी नीति, कानून,  मापदण्ड | कार्यान्वयन र नियमन स्थानीय तहले गर्नु पर्दछ । |
| २.२.२ | खेलकूद प्रशासन र संघसंस्थाको नियमन र समन्वय | प्रदेश स्तरीय खेलकूद प्रशासन र संघसंस्थाको नियमन र समन्वय | अफ्नै तहको गर्ने हो । |
| २.२.३ | राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा खेलकूद विकास र प्रवर्द्धन | | |
| २.२.४ | राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता | | |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | | |
| १२ | अनूसुची ५ (३४) मा समावेश | | |



## सङ्घ प्रदेश र स्थानीय तहका संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकारको विस्तृतिकरण

| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रश्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| **प्रदेश तह विस्तृतिकरण** | | | |
| **अनुसूची ९ को २ बाट शिक्षा, खेलकुद र पत्रपत्रिका** | | | |
| २.१ | शिक्षा क्षेत्र | | |
| २.१.१ | शिक्षाको प्रादेशिक नीति, कानून, मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन | शिक्षाको प्रादेशिक नीति, कानून, मापदण्ड निर्धारण | कार्यान्वयन र नियमन स्थानीय तहले गर्नु पर्दछ । |
| २.१.२ | प्रादेशिक मानव संसाधन आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन | | |
| २.१.३ | प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवं पाठ्यपुस्तक निर्माण र उत्पादन | | |
| २.१.४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, पाठ्यक्रम र पाठ्य सामग्री निर्माण, कार्यान्वयन र नियमन | | |
| २.१.५ | विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताको प्रदेशस्तरमा मापदण्ड निर्धारण एवं नियमन | हटाउने | संघबाट हुने भएकोले प्रदेशमा राख्न आवश्यक नभएको |
| २.१.६ | माध्यमिक तहको शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन | हटाउने | संघबाट हुने भएकोले प्रदेशमा राख्न आवश्यक नभएको |
| २.१.७ | माध्यमिक तहको कक्षा १० को परीक्षा व्यवस्थापन | | |
| २.१.८ | उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन | | |
| २.१.९ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्वन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन | | |
| २.१.१० | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रवृत्ति व्यवस्थापन | | |
| २.१.११ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन | | |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | | |
| १२ | संस्कृति क्षेत्र | | |
| १२.१ | अनुसूची ६ को (१८) मा समावेश भएको | | |

### सङ्घ प्रदेश र स्थानीय तहका संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकारको विस्तृतिकरण

| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रशतावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| स्थानीय तह विस्तृतिकरण | | | |
| अनुसूची ९ को २ बाट शिक्षा, खेलकुद र पत्रपत्रिका | | | |
| २.१ | शिक्षा (अनुसूची ८ (८) अन्तरगत समावेश) | | |
| २.२ | स्थानीयस्तरमा खेलकुदको संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास | | |
| २.३ | स्थानीयस्तरमा खेलकूद प्रशासन र संघसंस्थाको नियमन र समन्वय | | |
| २.४ | खेलकूद विकास र प्रवर्द्धन | | |
| २.५ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र सहभागिता | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना गरिएकोमा सहभागिता | राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना स्थानीयले गर्ने होइन |
| २.६ | खेलकूद सम्वन्धी प्रादेशिक पूर्वाधारको विकास | संघ, प्रदेश र अन्य विभिन्न पक्षको साझेदारीमा खेलकूद सम्वन्धी प्रादेशिक पूर्वाधारको विकास | |
| २.७ | स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन | | |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | | |
| १२.१ | स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वर्धन र पुनर्निर्माण | | |



# अन्य सुझावहरु

### १. तहगत सरकारको भुमिका

**संघले प्रयोग गर्ने अधिकार:** केन्द्रीय विश्वविद्यालय, विद्यलय शिक्षाको शैक्षिक मापदण्ड, पाठ्यक्रम, पाठ्यपुस्तक, राष्ट्रिय योग्यता प्रणाली, गुणस्तर मानकमा आधारित प्रतायन प्रमाणपत्र (Quality Assurance and Accreditation), राष्ट्रिय तथा अन्तराष्ट्रिय स्वयंसेवक परिचालन, शिक्षकको सेवा शर्त योग्यता एवं सक्षमताको मापदण्ड र नियमन

**प्रदेश:** प्रदेश विश्वविध्याल (क्षेत्रीय विश्वविद्यालय) र सामुदायिक क्यम्पस, कक्षा१० को परीक्षा, पालिकाको सहमतिमा अन्तरपालिका शिक्षक सरूवा, शैक्षिक तालिम केन्द्र संचालन ।

**जिल्ला समन्वय समिति :** तीन तहका सरकारका कार्यक्रमहरुको समन्वय तथा अनुगमन ।

**स्थानीय तह:** आधारभूत र माध्यमिक विद्यालय, स्वीकृति, समायोजन, खारेजी, आवासीय विद्यालय, विद्यालय व्यवस्थापन, पालिका क्षेत्र भित्र शिक्षक सरुवा, कार्य सम्पादन मूल्यांकन, शिक्षक कर्मचारी क्षमता विकास र अध्यावधिक, स्थानीय स्वयंसेवक परिचालन प्राविधिक र व्यावसायिक शिक्षा र तालिम

**शिक्षक:** आयोगको शिफारिसमा शिक्षक नियुक्ति, । राष्ट्रिय गुणस्तर मापदण्डको सुनिश्चितता

### २. स्थानीय तहको जिम्मेवारी

### १. स्थानीय तहको जिम्मेवारी

- शैक्षिक पूर्वाधार निर्माण
- छात्रवृति व्यवस्थापन
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन
- स्थानीय तहका ज्ञान, सीप, प्रविधिको खोजी प्रवर्द्धन र स्तरिकरण
- स्थानीय तहको पुस्तकालय र वाचनालय
- आधारभुत र माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमको संचालन समन्वय र नियमन
- गुणस्तरीय स्थानीय पाठ्यक्रम निर्माण
- संस्थागत विध्यालयको मापदण्ड दर्ता, नियमन र अनुगमन
- नमुना विद्यालय, आवसीय विद्यालय, विषेश विद्यालय संचालन र नियमन
- स्थानीय ज्ञान सीप र प्रविधिको डिजिटल सामाग्री बनाइ शैक्षिक सामाग्रीहरुमा प्रयोग गर्ने

### २. भाषा र संस्कृति

- भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास
- प्रमुख भाषालाइ विषयका रुपमा पठन पाठन गर्ने
- सबैको भाषालाइ माध्यमका रुपमा पठन पाठन गर्ने
- सिमान्तकृत भाषा तथा लिपीहरुको विकास गर्ने
- लोपोन्मुख भाषा तथा लिपिहरुको खोजी गर्ने

### ३. समस्या र समाधानका उपायहरु

- विद्यालय रहेको जग्गाको र भौतिक संरचना र सम्पत्ती अधिकांस विद्यालयको नाममा नरहेको अवस्था छ । विद्यालय संचालन रहेको स्थान र सम्पत्ती सम्वन्धित विद्यालयका नाममा दर्ता हुने व्यवस्था गर्नु पर्ने
- विद्यालय मर्ज गरी खाली रहेको विद्यालयको जमिन वा भौतिक सम्पत्ती स्थानीय सरकारलाइ हस्तान्तरण गर्नु पर्ने
- वालविकास शिक्षकको सम्पूर्ण तलव भत्ताको रकम राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा उपलब्ध हुने व्यवस्था गर्नु पर्ने
- सरकारले निर्धारण गरेको मापदण्ड वमोजिम विध्यार्थी अनुपातमा शिक्षक दरवन्दी उपलब्ध गराउने र विषयगत शिक्षकको व्यवस्था नभएकोले मापदण्ड बमोजिम शिक्षक दरवन्दीको व्यवस्था गरिनु पर्ने
- विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारको भए पछि भवन निर्माण आदि पूर्वाधार निर्माणकाफ अधिकार पनि स्थानीय सरकारको नै भएकोले संघ र प्रदेशको निर्माण गर्ने भौतिक संरचना आदि काम पनि स्थानीय सरकारकै हुनु पर्ने

- शिक्षकको शैक्षिक तालिम केन्द्रले शैक्षिक जनशक्ती विकासमा स्थायी मात्र नभएर अस्थायी, राहत शिक्षक विद्यालय व्यवस्थापन समिति, शैक्षिक व्यवस्थापन समिति, शैक्षिक प्रशासन र शिक्षा समितति समेतलाइ तालिम नदिदा एकिकृत रुपमा सीप र क्षमता अभिवृद्धि र बुझाइमा एकरुपता आउन सकेको छैन त्यसैफले सबै पक्षलाइ समेटी क्षमता विकास गरिनु पर्ने
- संविधानतः विद्यालय शिक्षाको सम्पुर्ण अधिकार स्थानीय सरकारको भएता पनि संघ र प्रदेशले समेत नमुना विद्यालय तथा विशिष्टिकृत विद्यालय ठूला बिद्यालय खोल्ने र विद्यालय भित्र विभिन्न परियोजना प्रदेशले संचालन गर्दै आएको अवस्था अन्त्य गरी स्थानीय सरकारबाटै त्यस्ता विषय संचालन हुने व्यवस्था गरिनु पर्छ।
- जिल्लामा रहेक जिल्ला शिक्षा समन्वय कार्यालय हटाएर जनशक्ति र सम्पत्ति स्थानीय तहमा हस्तान्तरण
- संघमा रहेका शिक्षा मन्त्रालय, शिक्षा विभाग, राष्ट्रिय पाठ्यक्रम परिषद, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परिक्षण केन्द्र, राष्ट्रिय परिक्षा बोर्ड छुट्टाछुट्टै धेरै संरचनालाइ एउटै संरचनामा उकिकृत गरी लगानीलाइ विध्यालय शिक्षाको शिक्षक दरबन्दी र गुणस्तर सुधारमा केन्द्रित गर्नुपर्ने।
- शशर्त अनुदानको निर्णयमा स्थानीय सरकारसंग समन्वय
- छात्रवृत्ती स्थानीय सरकारले निर्णय गर्न पाउने गरि हस्तान्तरण
- प्र.अ. प्रतिस्पर्धामा छनौटको व्यवस्था र निर्धारित जिम्मेवारी पूरा नगरे तथा नतिजा निकाल्न नसके परिवर्तन गर्ने व्यवस्था
- विद्यार्थी अनुपात अनुसार शिक्षक दरबन्दी थप
- परस्पर सथनीय सरकारहरु बीचको सहमतिमा सिधा सरुवा (जी टु जी)
- विद्यालयको विपदमा तीनै तहका सरकारहरुबाट तत्काल रेस्पोन्स गर्नुपर्ने
- प्रारम्भिक वाल शिक्षामा स्रोत सुनिश्चितता गर्नुपर्ने
- कानून बनाउनदा नीति ऐन नियमावली र कार्यविधि एकसाथ बनाउनु पर्ने
- स्थानीय सीपयुक्त व्यक्तीहरुको रोष्टर बनाइ बनाइ बिज्ञको रुपमा प्रयोग गर्ने गराउने
- जनप्रतिनिधिहरु बाहेकको विध्यालय व्यवस्थापन समिति बनाउने। स्थानीय शिक्षासेवीलाइ समितिमा सल्लाहकार बनाउने
- नीजि विध्यालयहरूलाइ न्यायपूर्ण विधि बनाएर निश्चित अवधी भित्र अनिवार्य गुठीमा रूपान्तरण गर्ने त्यस्तो हुन नसके नया नीजि विध्यालय रोक्न नमिल्ने

**समस्या र समाधान**

- आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको एकल अधिकार हो तर विध्यालय शिक्षाको जवाफदेहिता स्थानीय सरकारको हुने शिक्षाक संघ र प्रदेश प्रति उत्तरदायी हुने वहस र अन्त्य गरी विध्यालय शिक्षाको सम्पूर्ण अधिकार स्थानीय सरकारमा हुनु पर्ने
- विध्यालय रहेको जग्गाक र भौतिक संरचना र सम्वत्ती अधिकांस विध्यालयको नाममा नरहेको अवस्था छ। विध्यालष संचालन रहेको स्थान र सम्पत्ती विध्यालयका नाममा दर्ता हुने व्यवस्था गर्नु पर्ने
- विध्यालय मर्ज गरी खाली रहेके विध्यालयको जमिन वा भौतिक सम्पत्ती र स्थानीय सरकारलाइ हस्तान्तरण गर्नु पर्ने
- वालविकास शिक्षकककको सम्पूर्ण तलव भत्ताको रकम राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग सिफारिसको परिधिमा कायम राख्नु पर्ने
- सरकारले निर्धारण गरेको मापदण्ड वमोजिम विध्यार्थी अनुपातमा शिक्षक दरवन्दी उपलब्ध गराउने र विषयगत शिक्षकको व्यवस्था नभएकोले मापदण्ड बमोजिम शिक्षक दरवन्दीको व्यवस्था गरिनु पर्ने
- विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारको भए पछि भवन निर्माण आदि पूर्वाधार निर्माणकाफ अधिकार पनि स्थानीय सरकारको नै भएकोले संघ र प्रदेशको निर्माण गर्ने भौतिक संरचना आदि काम पनि स्थानीय सरकारकै हुनु पर्ने
- शिक्षकको शैक्षिक तालिम केन्द्रले शैक्षिक जनशक्ती विकासमा स्थायी मात्र नभएर अस्थायी, राहत शिक्षक विध्यालय व्यवस्थापन समिति, शैक्षिक व्यवस्थापन समिति, शैक्षिक प्रशासन र शिक्षा समितति समेतलाइ तालिम नदिदा एकिकृत रुपमा सीप र क्षमता अभिवृद्धि र बुझाइमा एकरुपता आउन सकेको छैन त्यसैफले सबै पक्षलाइ समेटी क्षमता विकास गरिनु पर्ने
- संविधानतः विध्यालय शिक्षाको सम्पुर्ण अधिकार स्थानीय सरकारको भएता पनि संघ र प्रदेशले समेत नमुना विध्यालय तथा विशिष्टिकृत विद्यालय ठूला विध्यालय खोल्ने र विध्यालय भित्र विभिन्न परियोजना प्रदेशले संचालन गर्दै आएको अवस्था अन्त्य गरी स्थानीय सरकारबाटै त्यस्ता विषय संचालन हुने व्यवस्था गरिनु पर्छ।



# स्वास्थ्य क्षेत्र

## कार्यविस्तृतीकरण पुनरावलोकनका लागि विभिन्न क्लष्टरबाट संकलित सुझावहरु

### मुलभुत मान्यता तथा समस्याहरु

- निःशुल्क आधारभुत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवा, प्रजनन स्वास्थ्य अधिकार नागरिकको मौलिक हक भएकोले राज्यको दायीत्वभित्र पर्ने हुँदा संघ, प्रदेश र स्थानीय तहको के जिम्मेवारी हो स्पष्ट सिमाङ्कन आवश्यक छ ।
- स्थानीय तहको एकल अधिकारमा आधारभुत स्वास्थ्य भएकोले संविधानतः आधारभुत स्वास्थ्य सेवा व्यवस्थापन स्थानीय तहको जिम्मेवारीको विषय हो । सो का लागि स्थानीय तहलाई आवश्यक स्रोत, साधनको सुनिश्चितता, पूर्वाधार र जनशक्ति व्यवस्थापनमा संघीय सरकारले सहयोग र समन्वय गर्ने, स्थानीय तहका लागि विद्यमान स्वास्थ्य संगठन संरचनालाई पुनरावलोकन गर्न र जनशक्ति व्यवस्थापनका सन्दर्भमा स्वास्थ्य सेवा ऐन संघले तत्काल ल्याउन आवश्यक रहेको ।
- Vaccination, Family planning commodities, life saving medicine, special medicine-TB, Leprosy) को आपुर्ती व्यवस्थापन संघले गर्नुपर्ने तथा आधारभूत स्वास्थ्य सेवाका लागि अत्यावश्यक औषधीको आपुर्ती व्यवस्थापन स्थानीय तहमा नै हुनुपर्ने ।
- संविधान प्रदत्त अधिकार कार्यान्वयनमा स्थानीय तहलाई सबल वनाउन प्राविधिक क्षमता अविवृद्धिमा प्रदेश र संघले सहकार्य र सहयोग गर्नुपर्ने ।
- सेवा, पुर्वाधार र गुणस्तरको न्युनतम राष्ट्रिय मापदण्ड संघले वनाउनुपर्ने ।
- धेरै जसो स्थानीय तहमा (स्वास्थ्य साखा महासाखा) रहेमा स्वास्थ्य कर्मचारिको दरबन्धि कम तथा व्यवस्थापकिय सिपको कमि ।
- सुरुको बर्षमा सघिय तथा प्रदेश मार्फत आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक सेवा इकाइको स्थापना गरि भौतिक पुर्बाधार जनसक्ति औषधि उपकरण लगाएत को सहयोग गरेको तथा पछिल्लो आ ब मा सबै सहयोग नदिएकोले आधारभुत स्वास्थ्य सेवा सचालनमा कठिनाइ भएको ।
- स्वास्थ्य सम्बन्धी जनशक्ति व्यवस्थापनका लागी सेवा अनुसारको मापदण्ड र संगठन संरचना निर्धारण तथा पुनरावलोकन गर्नुपर्ने

## आधारभूत स्वास्थ्य र सरसफाइ

१. आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन

१.१ अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

१.२ स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

१.३ रक्त संचार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा

## परिमार्जनको लागि प्रस्तावित व्यवस्था

- सबिधानको धारा ३५, ३८ र ३९ मा उल्लेख तथा जनस्वाथ्य ऐन २०७५ अनुसार थप ब्याख्या गरिएको छ ।
- स्थानीय तहमा हाल अभ्यासमा रहेकोले १५ बेडको अस्पताल स्थापना तथा सञ्चालन अनुमतिलाइ ५० बेड सम्म सिफारिस गरिएको छ ।
- आधारभूत स्वास्थ्य सेवा मौलिक हक रहेकोले भौतिक पूर्वाधार विकास तथा व्यवस्थापनमा सघ तथा प्रदेशले श्रोत सुनिस्चित गर्न सिफारिस गरिएको छ ।
- स्थानीय तहमा हाल अभ्यासमा रहेकोले प्रबिधियुक्त एम्बुलेन्स सब बहान सेवा थप गरि ब्याख्या गरिएको छ ।
- स्वास्थ्य सेवामा अन्तरपालिका प्रदेश सघ तथा निजि क्षेत्र सग सहकार्यमा जोड दिएको छ ।
- सरसफाई सचेतना अभिवृद्धि मा महिनाबारि सफाइ (meastruation hygiene) छुट भएकोले थप गरिएको छ ।

सङ्घ प्रदेश र स्थानीय तहका संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकारको विस्तृतिकरण

३.१ राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल र नर्सिङ्ग होम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको दर्ता, सञ्चालन अनुमति र नियमन

३.२ खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा एवं गुणस्तरको मापदण्ड र कार्यान्वयन

३.१२ स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन

३.२० आकस्मिक स्वास्थ्य सेवा प्रवाह

**परिमार्जनको लागि प्रस्तावित व्यवस्था**

- कार्यान्वयनमा स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चिता गरिएको
- अस्पताल तथा दुर्घटना स्थलमा नै पुर्ण तयारिका साथ आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा प्रेषण
- खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन गर्न प्रयोगसाला स्थापना गर्न प्रदेशले सहयोग गर्नुपर्ने ।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन स्थानीय तहमा राख्ने



**कार्यविस्तृतीकरणमा परिमार्जन गर्नु पर्ने क्षेत्रहरु**

| कोड | साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| ९ आधारभूत स्वास्थ्य र सरसफाइ | | | |
| ९.१ | आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन | आधारभूत स्वास्थ्य र सरसफाई, आकस्मिक सेवा, प्रजनन स्वास्थ्य सेवा, पोषण सेवा, सरुवा तथा नसर्ने रोग, लागु औषध दुर्व्यसन निरूत्साहन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन । | स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था समेत समावेश गरि थप प्रष्ट गरिएको |
| ९.२ | आधारभूत स्वास्थ्य सेवा संचालन र प्रवर्द्धन | आधारभूत स्वास्थ्य तथा सामान्य आकस्मिक स्वास्थ्य सेवा संचालन, व्यवस्थापन, प्रवर्द्धन तथा अनुगमन, | सामान्य आकस्मिक सेवा आधारभुत भित्र रहेकोले थप गरिएको |
| ९.३ | अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन | अस्पताल (५० बेड सम्मका आधारभुत र द्वीतिय) र आधारभुत स्वास्थ्य संस्थाको स्थापना र संचालन, स्वास्थ्य सेवामा साझेदारी र सहकार्यमा सेवा | स्थानीय तहको आर्थिक र प्राबिधिक क्षमता भएमा थप सेवा दिन सक्ने व्यवस्था, साझेदारीमा सेवा दिनसक्ने व्यवस्था खुलाइएको । यो अभ्यास समेत भइरहेको |
| ९.४ | स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन | आधारभुत स्वास्थ्य सेवा प्रदायक संस्थाको भौतिक पुर्वाधार निर्माण, मर्मत सम्भार, जनशक्ति, औषधि र उपकरण व्यवस्थापन | आधारभूत स्वास्थ्य सेवा स्थानीय तहको जिम्मेवारी भए पनि स्वास्थ्य नागरिकको मौलिक अधिकार पनि भएकोले उपकरण, जनशक्ति विकास तथा व्यबस्थापनका लागि श्रोत सुनिश्चित संघले गर्नुपर्ने। |
| ९.५ | स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदूषण नियन्त्रण | अन्तरपालिकाहरुको साझेदारिमा स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदूषण सम्बन्धि प्रयोगसाला प्रदेश सरकारको सहयोगमा स्थापना तथा नियन्त्रण, निजि क्षेत्रलाइ प्रयोगसाला सचालन अनुमति | सहकार्य तथा साझेदारि व्यवस्था खुलाइएको । |
| ९.६ | सरसफाई सचेतना अभिवृद्धि र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन | सरसफाई, महिनावारि सरसफाइ (meanstruation hygiene) सचेतना अभिवृद्धि | महिनावारि सरसफाइ (meanstruation hygiene) थप गरिएको स्वास्थ्यजन्य फोहर व्यवस्थापन ९.७ मा भएकोले हटाइएको । |
| ९.७ | स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनर्उपयोग, प्रशोधन, विसर्जन, सेवा शुल्क निर्धारण र नियमन | स्थानीय अन्तरगतका पर्ने स्वास्थ्य सस्थाहरुको आफै वा निजी क्षेत्रसँग सहकार्य र समन्वयमा स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनर्उपयोग, प्रशोधन, विसर्जन, सेवा शुल्क निर्धारण र नियमन । | सहकार्यको विषय थप गरेको |
| ९.८ | रक्त संचार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा | रक्त संचार सेवा, तालिम प्राप्त स्वास्थ्यकर्मि तथा उपकरण सहित एम्बुलेन्स र सववहान सेवा (पालिकाहरूको सहकार्यमा पनि गर्न सकिने) तथा स्थानीय तथा शहरी स्वास्थ्य सेवा संचालन र व्यवस्थापन | तालिम प्राप्त स्वास्थ्यकर्मि तथा उपकरण सहित एम्वुलेन्स र शववहान सेवा थप गरिएको |

| कोड | साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| ९.९ | औषधि पसल सञ्चालन र नियमन | सुलभ औषधी पसल (फार्मेसी) र प्रयोगशाला संचालन, औषधी पसल संचालन अनुमति, अनुगमन, निरीक्षण र नियमन, | थप प्रष्ट गरेको |
| **नभएको थप गर्नु पर्ने** | | | |
| ९.१ | थप | स्थानीयस्तरमा औषधी (Family planninig commodities, TB, Leprosy, Malariya etc बाहेक) र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण, | साझामा (३.८) रहेको एकलमा हुनुपर्ने |
| ९.११ | थप | स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन, | साझामा (३.९) रहेको एकलमा हुनुपर्ने |
| ९.१६ | थप | स्थानीय स्तरमा महामारी तथा विपद व्यवस्थापन सम्बन्धी जोखिम मुल्याङ्कन, पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापना सहितको व्यवस्थापन र नियन्त्रण योजना र संघ, प्रदेशसंग समन्वय एवं सहकार्यमा कार्यान्वयन गर्ने, | जनस्वास्थ्य सेवा ऐन- स्थानीय तहको अधिकारको रुपमा व्यवस्था गरिएको |

## संघ प्रदेश र स्थानीय तहका संविधानको अनुसूची ९ मा उल्लेखित साझा अधिकारको विस्तृतीकरण

| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रशतावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| **क. संङ्घीय विस्तृतिकरण** | | | |
| **३** | **स्वाथ्य** | | |
| ३,१ | अनुसूची ५ को १६ मा समावेश भएको | | |
| १६ | स्वास्थ्य नीति, स्वास्थ्य सेवा स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण | | |
| १६.१ | स्वास्थ्य तथा पोषण सम्बन्धी राष्ट्रिय नीति, कानून, गुणस्तर मापदण्ड, योजना र नियमन | स्वास्थ्य तथा पोषण सम्बन्धी राष्ट्रिय नीति, कानून, गुणस्तर मापदण्ड, योजना र नियमन तथा कुपोषण युक्त पालिका र क्षेत्रमा पोषण पुनर्स्थापना केन्द्र स्थापना गर्न प्रदेशले सहयोग गर्नुपर्ने । | पुनस्थापना केन्द्रको स्थापना गर्ने कुरा थप गरि स्पष्ट पारिएको |
| १६.२ | राष्ट्रिय स्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको विकास र प्रवर्द्धन | | |

| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रशतावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| १६.३ | स्वास्थ्य सम्वन्धी प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको मापदण्ड निर्माण र नियमन | | |
| १६.४ | स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन एवं नियमन | स्वास्थ्य प्रतिष्ठानहरूको स्थानीय तहको समन्वय र सहकार्यमा स्थापना, सञ्चालन एवं सेवा प्रवाहमा स्थानीय तहको (क्षमता अनुसार) सहकार्यमा अनुगमन र नियमन | स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चिता गरिएको |
| १६.५ | अस्पताल एवं स्वास्थ्य संस्था प्रत्यायन (Accreditation) | | |
| १६.६ | राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पतालको दर्ता, सञ्चालन अनुमति, भौतिक पूर्वाधार, व्यवस्थापन र नियमन | राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पतालको स्थानीय तहको समन्वय र सहकार्यमा दर्ता, सञ्चालन अनुमति, भौतिक पूर्वाधार, व्यवस्थापन र एवं सेवा प्रवाहमा स्थानीय तहको (क्षमता अनुसार) सहकार्यमा अनुगमन र नियमन | स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चिता गरिएको |
| १६.७ | औषधी, स्वास्थ्य सामग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन र विकास, संचय, बिक्रीवितरण, अन्तिम विसर्जन (डिस्पोजल) सम्बन्धी गुणस्तर मापदण्ड निर्माण र नियमन | | |
| १६.८ | अन्तराष्ट्रिय स्वास्थ्य नियमन (International Health Regulations), स्वास्थ्य सम्वन्धी सन्धि संझौता तथा विकास साझेदारसँगको सम्पर्क, समन्वय र सहकार्य | अन्तराष्ट्रिय स्वास्थ्य नियमन (International Health Regulations), स्वास्थ्य सम्वन्धी सन्धि संझौता तथा विकास साझेदारसँगको सम्पर्क, समन्वय र कार्यान्वयनमा स्थानीय तहको सहकार्य र समन्वय गर्नुपर्ने । | कार्यान्वयनमा स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चितता गरिएको |
| १६.९ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा नीति तथा मापदण्ड निर्धारण | | |
| १६.१० | सरूवा तथा नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्वन्धी नीति तथा मापदण्ड निर्धारण | | |

**संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकारको विस्तृतिकरण**

| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रशतावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| | **क. प्रदेश तह विस्तृतिकरण** | | |
| **३** | **स्वास्थ्य** | | |
| ३.१ | अनुसूची ६ (९) मा समावेश भएको | | |



| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रशतावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| ३.१ | राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल र नर्सिङ्ग होम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको दर्ता, सञ्चालन अनुमति र नियमन | स्थानीय तहको समन्वय र सहकार्यमा राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल र नर्सिङ्ग होम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको दर्ता, सञ्चालन अनुमति एवं सेवा प्रवाहमा स्थानीय तहको (क्षमता अनुसार) सहकार्यमा अनुगमन र नियमन | कार्यान्वयनमा स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चिता गरिएको |
| ३.२ | खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा एवं गुणस्तरको मापदण्ड र कार्यान्वयन | स्थानीय तहको समन्वय र सहकार्यमा खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा एवं गुणस्तरको मापदण्ड र कार्यान्वयन | कार्यान्वयनमा स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चिता गरिएको |
| ३.३ | प्रादेशिक कार्यक्रमहरुको कार्यान्वयन, निगरानी तथा अनुगमन | स्थानीय तहको समन्वय र सहकार्यमा प्रादेशिक कार्यक्रमहरुको कार्यान्वयन, निगरानी तथा अनुगमन | कार्यान्वयनमा स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चिता गरिएको |
| ३.४ | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन | | |
| ३.५ | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्र मानवस्रोत विकास र व्यवस्थापन | | |
| ३.६ | औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण | स्थानीय तहको समन्वय र सहकार्यमा औषधी निगरानी (Pharma-covigilance), औषधिको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरो ध (Antimicrobial Resistance) न्युनीकरण | कार्यान्वयनमा स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चिता गरिएको |
| ३.७ | खोप र परिवार नियोजन लगायतका गुणस्तर संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन | | |
| ३.८ | प्रदेशस्तरमा अनुसन्धानका प्राथमिकता निर्धारण, अध्ययन तथा अनुसन्धान तथा सूचना प्रवाह | | |
| ३. ९ | प्रदेशस्तरमा स्वास्थ्य सूचना प्रणाली तथा स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन | | |
| ३. १० | प्रदेश स्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन | | |
| ३. ११ | आर्युवेद र अन्य प्रचलित स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड र व्यवस्थापन | | |

| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रशतावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| ३.१२ | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमनका साथै स्थानीय तहसगको समन्वय पुनर्थापना केन्द्र स्थापना गरि सचालन तथा व्यवस्थापन | पुनर्थापना केन्द्र स्थापना थप गरिको र स्थानीय तहसगको समन्वय अनिवार्य हुनुपर्ने |
| ३.१३ | निदान केन्द्र तथा प्रयोगशाला सेवाको अनुमति, सञ्चालन र विस्तार | C वा C बर्ग भन्दा माथिको निदान केन्द्र तथा प्रयोगशाला सेवाको अनुमति, सञ्चालन र विस्तार प्रदेश तथा D, E बर्गका निदान केन्द्र तथा प्रयोगशाला स्थानीय तहले अनुमति तथा सञ्चालन गर्ने | स्पष्ट पारिएको |
| ३.१४ | जनस्वास्थ्य आपत्कालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन | | |
| ३.१५ | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम | स्थानीय तहसग को समन्वय सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम | कार्यान्वयनमा स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चिता गरिएको |
| ३.१६ | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन | | |
| ३.१७ | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण तथा प्रदेश तहका अस्पताल तथा स्वास्थ्य सस्थाहरुको फोहोर व्यवस्थापन तहगतवाट (प्रदेश) व्यवस्थापन तथा कार्यान्वयन | थप स्पष्ट पारिएको । |
| ३.१८ | आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन | आपतकालीन अवस्थाका तथा दुर्घटना (मानबिय तथा प्राकृतिक) मा उद्दारको लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन र दुर्घटना स्थलबाट उद्दार तथा उपचार | दुर्घटना स्थलबाट उद्दार तथा उपचार थप गरिएको तथा स्पष्ट पारिएको |
| ३.१९ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन | आयुर्वेदिक (आधारभुत सेवा बाहेक), युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन | स्पष्ट पारिएको |
| ३.२० | आकस्मिक स्वास्थ्य सेवा प्रवाह | अस्पताल तथा दुर्घटना स्थलमा नै पुर्ण तयारिका साथ आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा प्रेषण | सेवा थप तथा स्पष्ट पारिएको |

| कोड नं | साविक कार्यविस्तृतीकरणमा उल्लिखित विषयहरु | परिमार्जनको लागी प्रशतावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| | **क. स्थानीय तह विस्तृतिकरण** | | |
| **३** | **स्वास्थ्य** | | |
| ३.१ | राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको लक्ष्य र गुणस्तर निर्धारण | | |
| ३.२ | राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल र नर्सिङ्ग होम, निदानकेन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन | | |
| ३.४ | स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण | | |
| ३.५ | स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन | | |
| ३.६ | स्थानीयस्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण तथा नियमन | | |
| ३.७ | स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण | | |
| ३.८ | स्थानीयस्तरमा औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण | | स्थानीय तहमा राख्ने |
| ३.९ | स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन | | स्थानीय तहमा राख्ने |
| ३.१० | स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) | | |
| ३.११ | स्थानीयस्तरको प्रर्वधनात्मक र प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवा सञ्चालन | | |
| ३.१२ | स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन | | स्थानीय तहमा राख्ने |
| ३.१३ | जुनोटिक र कीटजन्य रोग नियन्त्रण तथा व्यवस्थापन | | |
| ३.१४ | सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि | | स्थानीय तहमा राख्ने |
| ३.१५ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन | | |
| ३.१६ | स्थानीयस्तरमा जनस्वास्थ्य आपत्कालीन स्वास्थ्य, महामारी नियन्त्रण योजना र कार्यान्वयन | | स्थानीय तहमा राख्ने |
| ३.१७ | स्थानीयस्तरमा सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम | | |
| ३.१८ | आकस्मिक स्वास्थ्य सेवा प्रवाह | | |

## ९ आधारभूत स्वास्थ्य र सरसफाइ

९.१ आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन

९.२ अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

९.३ स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

९.४ रक्त संचार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा

## ९.४ रक्त संचार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा

- सबिधानको धारा ३५, ३८ र ३९ मा उल्लेख तथा जनस्वाथ्य ऐन २०७५ अनुसार थप ब्याख्या गरिएको छ ।
- आधारभूत स्वास्थ्य सेवा मौलिक हक रहेकोले भौतिक पूर्वाधार विकास तथा व्यवस्थापनमा सघ तथा प्रदेशले श्रोत सुनिस्चित गर्न सिफारिस गरिएको छ ।
- स्थानीय तहमा हाल अभ्यासमा रहेकोले प्रबिधियुक्त एम्बुलेन्स सब बहान सेवा थप गरि ब्याख्या गरिएको छ ।
- स्वास्थ्य सेवामा अन्तरपालिका प्रदेश सघ तथा निजि क्षेत्र सग सहकार्यमा जोड दिएको छ ।
- सरसफाई सचेतना अभिवृद्धि मा महिनाबारि सफाइ (meastruation hygiene) छुट भएकोले थप गरिएको छ ।

सङ्घ प्रदेश र स्थानीय तहका संविधानको अनुसूची ९ मा उल्लिखित साझा अधिकारको विस्तृतिकरण
राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल र नर्सिङ्ग होम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको दर्ता, सञ्चालन अनुमति र नियमन
खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा एवं गुणस्तरको मापदण्ड र कार्यान्वयन
आकस्मिक स्वास्थ्य सेवा प्रवाह
स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन

- कार्यान्वयनमा स्थानीय तहको समन्वय तथा सहकार्यको सुनिस्चिता गरिएको
- अस्पताल तथा दुर्घटना स्थलमा नै पुर्ण तयारिका साथ आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा प्रेषण
- खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन गर्न प्रयोगसाला स्थापना गर्न प्रदेशले सहयोग गर्नुपर्ने ।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन स्थानीय तहमा राख्ने

# पूर्वाधार क्षेत्र

## अनुसूची-८ः पूर्वाधार क्षेत्रको कार्यविस्तृतीकरण पुनरावलोकन तथा प्रस्ताव

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| **संविधानको अनुसूची ८ बमोजिमको एकल अधिकारको विस्तृतिकरण** | | | |
| **७ स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु** | | | |
| ७.१ | स्थानीय स्तरका आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन । | स्थानीय स्तरका आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र विपद पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन सम्बन्धि नीति, कार्यविधि । | स्थानीय स्तर लाई स्पष्ट परिभाषित गरिनुपर्ने । |
| ७.२ | अध्ययन, अनुसन्धान, आयोजना प्रभाव मुल्याङ्कन । | स्थानीय स्तरका आयोजनाको अध्ययन, अनुसन्धान तथा आयोजना प्रभाव मुल्याङ्कन कार्य । | |
| ७.३ | स्थानीय तहका संभाव्य प्राकृतिक श्रोत, साधनको अभिलेख (प्रोफाईल) तयार गर्ने । | स्थानीय तहका संभाव्य प्राकृतिक श्रोत/साधनको अभिलेख (प्रोफाईल) बनाउने/अध्यावधिक गर्ने तथा प्रचलित कानून बमोजिम उपयोग गर्ने । | स्थानीय सरकारको आन्तरिक आयश्रोतको दाएरा बढाउनुपर्ने । |
| ७.४ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन । | | |
| ७.५ | सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानीय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन । | सहरी विकास/बस्ती विकास सम्बन्धि जग्गा प्राप्ति र भवन सम्बन्धी स्थानीय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन । | सहरी विकास र बस्ती विकासमैत्री जग्गा प्राप्ति ऐन/निएम हुनुपर्ने । |
| ७.६ | राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन । | | |
| ७.७ | स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायीक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत संभार । | स्थानीय तहका सामाजिक पूर्वाधार (जस्तै सरकारी भवन, विद्यालय, सामुदायीक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना) तथा विपद व्यवस्थापनजन्य पुर्वाधार निर्माण (जस्तै खुला क्षेत्र सँरक्षण, स्थानान्तरण तथा भण्डारण आदि) निर्माण र मर्मत संभार । | सामाजिक पूर्वाधार तथा विपद व्यवस्थापनजन्य पुर्वाधार स्पष्ट रुपमा समेट्नुपर्ने । |
| ७.८ | संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग । | संघीय र प्रादेशिक आयोजना/परियोजना कार्यान्वयनको अनुगमनमा स्थानीय सरकारको सहभागिताका साथै समन्वय, सहजीकरण र सहयोग । | स-साना खुद्रे योजना/कार्यक्रममा दोहोरोपना तथा स्थानीय स्तरका कार्यक्रम पनि संघ तथा प्रदेशले कार्यान्वयन गरिरहेको अवस्थालाई रोक्न । |
| **११ स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ** | | | |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| ११.१ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन । | स्थानीय सडक संजाल (स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक), गोरेटो घोडेटो आयोजना/कार्यक्रम सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन । | स्थानीय सडक संजालको परिभाषा स्पष्ट हुनु पर्ने र यस अन्तर्गत गोरेटो घोडेटो समेत समेट्नुपर्ने । |
| ११.२ | स्थानीय सडक, ग्रामीण सडक, कृषी सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाइ र तटबन्धन सम्वन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, संभार, नियमन । | स्थानीय सडक, ग्रामीण सडक, कृषी सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाइ र तटबन्धन सम्वन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, संभार, नियमन । | संघ, प्रदेश तथा स्थानीय तहको पुर्वाधार सम्बन्धमा राष्ट्रिय नीतिले सम्बोधन गरिनुपर्ने । |
| ११.३ | स्थानीय क्षेत्रमा ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन । | सहरी क्षेत्रमा ट्रली बस तथा ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन । | सहरी क्षेत्र लाई किटान गर्दा सहज हुने । |
| ११.४ | राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रो सिटी) क्षेत्रभित्र शहरी रेलसेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार समन्वय र सहकार्य । | राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेलसेवा सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारमा समन्वय र सहकार्य । | थप स्पष्ट पारिएको । |
| ११.५ | स्थानीय तहमा यातायात सुरक्षा व्यवस्थापन र नियमन । | स्थानीय तहमा यातायात सुरक्षा व्यवस्थापन र नियमन - रुट निर्धारणको चरण देखि नै सडक सुरक्षाका मापदण्डहरु कार्यान्वयन (जस्तै सडक चिन्ह, सडक सतह, पहिरो जोखिम, चढाई, सडक पुल सुरक्षा आदि) । | थप स्पष्ट पारिएको । |
| ११.६ | सिंचाई पूर्वाधार तथा तटबन्धन । | तराई मधेसमा ५०० हे., पहाडमा १०० हे., र हिमालमा २५ हे. क्षेत्र सिंचित गर्न आयोजना निर्माण, मर्मत सम्भार । | ११.६ |
| **१९ खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा** | | | |
| १९.१ | खानेपानी | | |
| १९.१.१ | स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन । | भौगोलिक स्थिति, पालिकाको स्तर र क्षमता (महानगर, उपमहानगर, नगरपालिका र गाउँ पालिका) का आधारमा स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन। | One size fits all को अवस्था। नीतिगतरुपमै स्पष्ट हुन आबस्यक। |
| १९.१.१ | खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी । | उत्पादन लागत तथा संचालन खर्चको आधारमा स्थानीय स्तरका खानेपानी योजनाको खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य । | नीतिगत स्पष्टता हुनुपर्ने । |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| १९.२ | साना जलविद्युत आयोजना, | | |
| १९.२.१ | साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन । | ५ मेगा वाट्स सम्मका साना जलविद्युत/वैकल्पिक ऊर्जा आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन । | साना जलविद्युत आयोजना सम्बन्धी नीतिगत स्पष्टता हुनुपर्ने । |
| १९.२.२ | स्थानीय खानेपानी, साना जलबिद्युत आयोजना, वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयन र नियमन । | स्थानीय खानेपानी (महानगर, उपमहानगर, नगर र गाउँ पालिका स्तर) सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयन र नियमन । | १९.२.१ को केहि अंस १९.२.२ मा दोहोरिएकोले पुनर्लेखन । 'स्थानीय खानेपानी' को नीतिगत स्पस्टता हुनुपर्ने । |
| १९.२.३ | स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन । | लागत सहभागिताको आधारमा प्रतिफलमा स्थानीय तहको साझेदारी हुनेगरी स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन । | लागत सहभागिताको आधारमा प्रतिफलमा स्थानीय तहको साझेदारी हुनुपर्ने । |
| १९.२.४ | खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन । | उत्पादन लागत तथा संचालन खर्चको आधारमा स्थानीय स्तरका खानेपानी योजनाको खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य । | नीतिगत स्पष्टता हुनुपर्ने । |
| १९.२.५ | स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार सेवा शुल्क निधारण र संकलन व्यबस्थापन । | नीतिगत रुपमा स्पष्ट किटान भएको क्षेत्रफलका आधारमा हिमाल, पहाड र तराई मधेसका स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार, सेवा शुल्क निधारण र संकलन व्यबस्थापन । | सिंचाई हुने क्षेत्रफल, सेवा शुल्कको संकलन तथा व्यवस्थापन तथा हस्तान्तरण भएका आयोजनाको मर्मत सम्भारको समेत नीतिगत व्यवस्था हुनुपर्ने । |
| १९.२.६ | स्थानीय तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन । | स्थानीय जलाधार क्षेत्रमा तटबन्ध निर्माण, नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन । | 'स्थानीय तटबन्ध' लाई स्पष्ट परिभाषित गर्नु पर्ने । जलाधार क्षेत्रको व्यवस्थापनमा स्थानीय सरकारको सहभागिता सुनिश्चित गरिनुपर्ने । |
| १९.३ | वैकल्पिक ऊर्जा | | |
| १९.३.१ | स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन । | स्थानीय तहमा ५ मेगा वाट्स सम्मको वैकल्पिक ऊर्जा आयोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन । | स्था. स. सं. ऐनको प्रावधानको कार्यान्वयनमा AEPC को अभ्यास मिल्दो नभएको । |
| १९.३.२ | स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन । | स्थानीय तहमा ५ मेगा वाट्स सम्मको वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधिको विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन तथा सम्पन्न आयोजनाको मर्मत सम्भार। | वैकल्पिक ऊर्जा सम्बन्धि आयोजना हस्तान्तरण पश्चातको मर्मत सम्भारको दाइत्वको बारेमा नीतिगत स्पष्टता हुनुपर्ने । |



## अनुसूची ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारको विस्तृतिकरण

नेपालको संबिधानमा खानेपानी, सिंचाई तथा जलविधुत जस्ता सेवालाई उच्च प्राथमिकता दिइएको देखिन्छ िखानेपानी र सिंचाई सेवा तिनै तहको एकल अधिकार, संघ र प्रदेशको साझा अधिकार र संघ, प्रदेश र स्थानीय तहको पनि साझा अधिकारको बिषय हो भने जल बिधुत सेवाको हकमा कुन तहको सरकारले कस्तो प्रकृतिको विधुत सेवा सम्बन्धि कार्य गर्ने तोकिएको देखिन्छ । संघको एकल अधिकार अन्तर्गत ठुला जल बिधुत आयोजना, प्रदेशको एकल अधिकार अन्तर्गत प्रदेश स्तरको बिधुत सेवा, स्थानीय तहको एकल अधिकार अन्तर्गत साना जल बिधुत आयोजना भनेर अधिकारको सिमांकन गरेको छ भने संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत पनि बिधुत सेवा रहेको देखिन्छ । साथै संविधानको मौलिक हक सम्बन्धि धारा ३५ (४) ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सर सफाइमा पहुँचको हक र धारा ३७ (१) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चत गरेको छ ।

**अनुसूची ९ (५): विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू**

| क्र. स. | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|
| ५.१ | विद्युत सेवाको मापदण्ड, गुणस्तर र महसुल निर्धारण, नियमन र अनुगमन । | विद्युत, सिंचाई, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन । | स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापनमा समन्वय, सहजीकरण तथा लागत र प्रतिफलमा साझेदारिता । |
| ५.२ | विद्युत सेवाको राष्ट्रिय भार प्रणाली संचालन । | प्रदेश स्तरको विद्युत, सिंचाइ, जल उत्पन्न प्रकोप नियन्त्रण र खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी योजना/गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, संचालन, संभार र व्यवस्थापन । | स्थानीय स्तरका खानेपानी आयोजनाको संचालन र मर्मत-संभार, खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन । |
| ५.३ | खानेपानी, सरसफाइ एवं ढल व्यवस्थापन सम्त्रन्धी मापदण्ड, गुणस्तर निर्धारण र नियमन । | विद्युत वितरण र सेवाको गुणस्तर नियमन । | स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार सेवा शुल्क निर्धारण र संकलन व्यबस्थापन । |
| ५.४ | अन्तरप्रादेशिक ठूला सिंचाई प्रणालीको बाँध, जलाशय, अन्य हेडवर्कस् संरचना, मुल नहरको संचालन र मर्मत-संभार र व्यबस्थापन । | ठूला सिंचाइ प्रणाली र संघबाट निर्मित जल उत्पन्न प्रकोप नियन्त्रण आयोजनाको संचालन, संभार र व्यवस्थापन तथा संघसँग समन्वय । | स्थानीय तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन नियमन, अनुगमन । |
| ५.५ | प्रदेश सीमा नदीको तटबन्ध संचालन र मर्मत-संभार व्यवस्थापन । | प्रादेशिक नदी नियन्त्रण तथा व्यबस्थापन । | स्थानीय पहिरो नियन्त्रण व्यबस्थापन नियमन अनुगमन । |
| | थप गर्ने | प्रदेशस्तरमा विद्युत, सिंचाई, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सेवाको शुल्क दस्तुरको आधार निर्धारण । | खानेपानी, सर-सफाइ तथा स्वच्छता सम्वन्धी पिछडिएका वर्गको पहुँच सुनिश्चितता । |
| | थप गर्ने | प्रदेशका जलस्रोत उपयोग सम्बन्धी अन्तर सेवा संचालनमा समन्वय । | |

| क्र. स. | संघ | प्रदेश | स्थानीय |
|---|---|---|---|
| | थप गर्ने | विद्युत, सिंचाई, खानेपानी तथा सरसफाइको सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति र मापदण्ड र नियमन । | |
| | थप गर्ने | खानेपानी, सर-सफाइ तथा स्वच्छता सम्वन्धी पिछडिएका वर्गको पहुँच सुनिश्चितता । | |
| | | प्रदेश सीमा नदी र जलमार्ग | |
| | थप गर्ने | राष्ट्रिय जलस्रोत नीति, संघीय कानून र वेसिन योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजना पहिचान, अध्ययन, निर्माण, संचालन, व्यवस्थापन र नियमन । | |
| | थप गर्ने | आन्तरिक जलमार्ग सम्वन्धी संभाव्यता अध्ययन, सञ्चालन र ब्यवस्थापन । | |
| **अनुसूची ९ (१५): सवारी साधन अनुमति** | | | |
| **क्र. स.** | **संघ** | **प्रदेश** | **स्थानीय** |
| १५.१ | राष्ट्रिय लोकमार्गमा संचालन हुने सार्वजनिक यातायात सेवाको रुट अनुमति जारी, सडक सुरक्षा, सेवाको गुणस्तर, भाडा दर निर्धारण नवीकरण, नियमन र अनुगमन । | प्रादेशिक यातायात व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन । | स्थानीय यातायात व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन । |
| | राष्ट्रिय लोकमार्गमा वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम संवेदी, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको प्रवर्द्धन । | प्रादेशिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, सडक सुरक्षा, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन । | स्थानीय यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, सडक सुरक्षा, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन । |
| | | | ट्याक्सी सेवा अनुमति, व्यवस्थापन र नियमन |
| | थप गर्ने | प्रदेश तहमा वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम संवेदी, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको प्रवर्द्धन । | स्थानीय तहमा वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम संवेदी, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको प्रवर्द्धन । |



## अनुसूची - ८ र ९ : पूर्वाधार क्षेत्रको कार्यविस्तृतीकरण पुनरावलोकन तथा प्रस्ताव

**छलफलमा प्राप्त सुझावहरु**

१. स्थानीय सरकारको प्रभावकारीताको लागि सशर्त अनुदान घटाउदै जानुपर्ने र समानीकरण अनुदान बढाउदै जानुपर्ने ।
२. समग्र पूर्वाधारको व्यबस्थापनका लागि राज्यले  प्रादेशिक तथा स्थानीय पूर्वाधार विकास नीति तर्जुमा गरि Functional Linkages स्थापित गर्ने ।
३. स्थानीय स्तरका विकास आयोजनाहरुको मापदण्ड अनुरुप स्थानीय सरकारको कार्यक्षेत्र भित्र पर्ने सबै आयोजनाहरु स्थानीय सरकारले मात्र गर्ने ।
४. प्रदेश तथा संघले योजना छनौट गर्दा पालिकाको सभाबाट प्राथमिकता तोकि पठाएका आयोजनालाई समेत आधार मान्ने स्थानीय तहको एबिललष्लन नै अधिकांस संघ र प्रदेशका योजनाको Starting Point को रुपमा स्थापित गर्न तिनै तह बीच छलफल ई नीतिगत ब्यबस्था गर्नु पर्ने ।
५. संघ तथा प्रदेश सरकार बाट कार्यावान्य हुने योजनाहरुको अनुगमनमा स्थानीय सरकारको प्रतिनिधित्व अनिवार्य गर्ने ।
६. सबै खाले विकास आयोजनाहरुको स्पष्ट मापदण्ड बनाई कर्यावान्यन गर्ने तह अनुरुप कार्यबिस्तृतिकरण प्रतिबेदनमा समावेस गर्नु पर्ने ।
७. अस्पताल तथा फोहर मैला प्रशोधन केन्द्रका लागि संघले स्थानीय सरकारको आबस्यकता अनुसार स्थानीय सरकारले अनुरोध गरेको एक वर्ष भित्र जग्गाको सुनिस्चिता गर्ने ।
८. सार्वजनिक खरिद नियमावलीमा म्याद थप सम्बन्धि कानूनी व्यवस्थामा बारम्बार हुने परिवर्तनका कारण स्थानीय तह लाई थप आर्थिक दायित्व सिर्जना हुने अवस्थाको अन्त्य गर्ने ।
९. संघ/प्रदेशले कार्यान्वयन गरिरहेका स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने विकास आयोजनाहरु स्थानीय सरकारलाई अबिलम्ब हस्तान्तरण हुनु पर्ने र सो का लागि संघको म. प. बाट तत्काल पहल र अनुगमन हुन पर्ने ।
१०. संघ र प्रदेशले कार्यान्वयन गरिरहेको स्थानीइ आयोजनाहरु तहको कार्यक्षेत्र भित्र पर्ने आयोजना हस्तान्तरण हुनु पर्ने ।
११. स्थानीय सरकारको कार्यक्षेत्र भित्र पर्ने त्यस्ता अधुरा/क्रमागत योजना हस्तान्तरण हुँदा ति योजना सम्पन्न गर्न आबश्यक पर्ने बजेट तथा जनशक्तिको ब्यबस्थापनका लागि सम्बन्धीत सरकारले सम्बोधन गर्नु पर्ने ।
१२. संघ तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने पूर्वाधार विकास योजनाहरुको अनुगमनमा स्थानीय सरकारको प्रतिनिधित्व अनिवार्य गर्ने ।
१३. पालिकाको आवस्यकता अनुसार अस्पताल तथा फोहरमैला प्रशोधन केन्द्रका लागि स्थानीय तहले अनुरोध गरेको एक वर्ष भित्र संघले स्थानीय सरकारलाई जग्गा उपलब्ध गराउने/जग्गाको सुनिस्चिता गर्ने ।
१४. दुर्गम र आन्तरिक आय कम भएका स्थानीय तहको पुर्बाधार बिकासमा आवस्यक आर्थिक तथा मानबिय श्रोतका लागी संघले दात्री निकायको सहयोग परिचालनमा प्राथमिकताका दिनुपर्ने ।
१५. सहरी आवासको बढदो माग र कृषियोग्य जमिन आवासमा परिणत/प्रयोग हुने जोखिमलाई सम्बोधन गर्न सहरी क्षेत्रमा संयुक्त आवास/High Rise Apartments को अभ्यासलाई कानूनी तथा संरचनात्मक रुपमा थप सहजीकरण गर्नु पर्ने ।
१६. बिपत ब्यबस्थापनजन्य सामाजिक पुर्बधार निर्माण एबं संरक्षणमा (जस्तै खुला क्षेत्र सँरक्षण, भण्डारण, स्थानतरण आदि) स्थानीय सरकारलाई प्रभावकारी/सक्षम बनाउन संघ तथा प्रदेशले समन्वय र सहकार्य गर्नु पर्ने

# आर्थिक विकास

## कार्यविस्तृतीकरण पुनरावलोकन सुझाव

### समूहः- आर्थिक विकास

### सैध्दान्तिक मान्यताः

(क) स्थानीय आर्थिक विकास समग्र राष्ट्रिय विकासको सम्वाहक भएको ।

(ख) स्थानीय आर्थिक विकास योजनाको विश्वब्यापी अभ्यास स्थानीयता, स्थानीय प्रतिस्पर्धी क्षमता, स्थान विशेषको तुलनात्मक लाभको सिध्दान्त ।

(ग) स्थानीय आर्थिकआत्मनिर्भरता राष्ट्रिय विकासको अनिवार्य शर्त रहेको ।

(घ) स्थानीय उत्पादन वृध्दि मार्फत राष्ट्रिय समृध्दि हुने प्रमाणिकता अध्ययनबाट देखिएको ।

(ङ) स्थानीय आर्थिक विकास मार्फत अनौपचारिक क्षेत्रको प्रभावकारी परिचालन हुन सक्ने ।

(च) समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि स्थानीय आर्थिक विकास आधार हुन सक्ने ।

(छ) तीन खम्बे आर्थिक नीतिको व्यापक कार्यान्वयन स्थानीय आर्थिक विकास मार्फत हुन सक्ने ।

(ज) मुल्य श्रृंखलामा आधारित वस्तु तथा सेवाको वितरणबाट समतामुलक प्रतिफल हासिल हुने ।

**कार्य विस्तृतीकरणका आधारः**

क) आर्थिक विकास योजनाको विश्वब्यापी अभ्यास, स्थानीय तथा क्षेत्रीय आर्थिक विकास योजनाको अवधारणा, स्थानीयताको अवधारणा, स्थानीय प्रतिस्पर्धी क्षमता, स्थान विशेषको तुलनात्मक लाभको सिध्दान्त अनुसार स्थानीय उत्पादन सम्बन्धी सम्पूर्ण जिम्मेवारी स्थानीय तहमा, बजारीकरणको जिम्मेवारी प्रदेशमा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड तथा नीति, अनुसन्धान, अन्तराष्टिय व्यपार संघको कार्यक्षेत्र।

(ख) स्थानीय तह भित्र दर्ता भई कार्यरत संस्थाहरूको नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, दर्ता तथा खारेजी लगायतका विषयमा स्थानीय तहको भूमिका प्रष्ट गर्ने ।

(ग) एक भन्दा वढी स्थानीय तहमा कार्यरत संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, दर्ता तथा खारेजीमा प्रदेशको भूमिका।

(घ) संघिय कानूनी व्यवस्थाका साथै एक प्रदेश भन्दा वढी क्षेत्रमा कार्यरत संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, दर्ता खारेजी संघको कार्यक्षेत्रमा ।

(ङ) संघ वा प्रदेशमा दर्ता भई संचालनमा रहेका संस्थाको स्विकृती, अनुगमन तथा समन्वय स्थानीय तह मार्फत ।



| सावික व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| **संविधानको अनुसूची ८ बमोजिम स्थनीय तहको एकल अधिकारको विस्तृतीकरण** | | | |
| **२. सहकारी** | | | |
| २.१ | सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन | क. एक स्थानीय तहमा कार्यक्षेत्र हुने सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमनको कानूनी व्यवस्था ।<br>ख. सहकारीलाई व्यवसायिक र उत्पादनमूलक बनाउन स्थानीय आर्थिक सम्भाब्यता सूचकको आधार ।<br>ग. समुदायको आर्थिक उन्नयन तथा सामाजिक सुरक्षा प्रत्याभुतीका लागि सहकारी प्रवर्द्धन, परिचालन तथा नियमन।<br>घ. ऋण परिचालन क्षेत्र प्राथमिकीकरण तथा नियमन । | साझा सूचीमा समेत भएकाले सीमाङ्कन गर्नुपर्ने ।<br>सहकारीहरुले उत्पादनमुलक क्षेत्रमा पुँजी परिचालन नगरी अनुत्पादक क्षेत्रहरु खासगरी जग्गा तथा घडेरीमा हुने गरेकाले सहकारी क्षेत्रमा ब्यावसायिक विकृति बढनुका साथै उत्पादक क्षेत्रमा अपेक्षित ऋण परिचालन हुन नसकेकोले । |
| २.२ | स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन | क. स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन ।<br>ख. स्थानीय सहकारीहरुको मर्जरका लागि आवश्यक नीति तथा मापदण्डको व्यवस्था ।<br>ग. स्थानीय सहकारी दर्ता तथा संचालनमा आर्थिक उपार्जनका विषय क्षेत्रमा सकृय रहेका वा रहने ब्यक्तिहरुको संलग्नता यकिन ।<br>घ. पिछडिएको समुदाय तथा भूगोलमा सहकारी परिचालनको विशेष नीति ।<br>ङ. स्थानीय सहकारी संस्थाको बचत तथा ऋण परिचालन, लेखापालन, असुली तथा सुशासन खारेजी र विघटनका आधार। | देखासिखीमा सहकारी स्थापना गर्ने कार्यलाई निरुत्साहित गर्न, सङ्ख्या न्यूनीकरण र व्यवस्थापन सहजीकरण गर्न |
| २.३ | सहकारी बचत तथा<br>ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड, नियमन | क. ऋण परिचालन क्षेत्र प्राथमिकीकरण तथा नियमन ।<br>ख. स्थानीय सहकारी संस्थाको बचत तथा ऋण परिचालन, लेखापालन, असुली तथा दण्ड जरिवाना र कार्वाही सम्बन्धी स्थानीय मापदण्ड तथा नियमन । | सहकारीमा हुन सक्ने अनियमितता रोक्न;<br>सहकारीबाट उत्पादक क्षेत्रहरू (कृषि, दुग्ध, जडिवुटी, श्रम, उपभोक्ता, उद्योग, सेवा ब्यावसाय आदी) मा पुँजी परिचालन गराई आर्थिक विकासमा सहकारीलाई प्रवर्द्धन गर्न |
| २.४ | सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य | क. प्रदेश र संघमा दर्ता भई स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारी संचालन स्विकृति, अनुगमन तथा सिफारीस ।<br>ख. केन्द्रीय, प्रदेश र स्थानीय संघसंस्था संग समन्वय र सहकार्य । | प्रभावकारीता ल्याउन |

| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| २.५ | सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान | क. स्थानीय तहमा कार्यरत सहकारी र सदस्यहरूको एकिकृत अभिलेख व्यवस्थापन तथा उपयोग ।<br>ख. सहकारी क्षेत्रको स्थानीय प्रभावकारीताका सम्बन्धमा आवधिक अध्ययन तथा अनुसन्धान । | सहकारी संस्थाको क्षमता विकास, सहजीकरण तथा दिगो व्यवस्थापनलाइ सुनिश्चित गर्न । |
| २.६ | स्थानीय सहकारी सम्बन्धी क्षमता अभिवृद्धि | क. सहकारीको क्षमता विकासका क्षेत्र पहिचान ।<br>ख. सहकारीका पदाधिकारी, कर्मचारी तथा सदस्यहरूको क्षमता विकास तथा सचे तनता ।<br>ग. सहकारी लेखा तथा व्यवस्थापनमा क्षमता विकास । | सहकारी संस्थाको व्यवस्थापनलाइ सुनिश्चित गर्न । |
| २.७ | स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन | क. स्थानीय सहकारी उत्पादनलाई प्राथमिकता एवं प्रवर्द्धन ।<br>ख. मुल्य श्रंखला (उत्पादन, संकलन, भण्डारण, प्रशोधन, व्राण्डिङ, बजारीकरण) मा सहकारी परिचालन | स्थानीय उत्त्पादनको बजारीकरणमा देखापरेको समस्या र बजारमा देखा परेको सिण्डीकेट हटाउन । |
| २.८ | सहकारी संस्थाको प्रवर्द्धन र विकास | स्थानीय उत्पादन संकलन, भण्डारण, प्रशोधन, ब्राण्डिङ र बजारीकरणलाई लक्षित गरी प्रदेश र संघमा दर्ता भई स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारीहरुको समन्वय, प्रबर्द्धन र विकास । | |
| **१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थय,  सहकारी र कृषि** | | | |
| १५१.१ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | क. स्थानीय आर्थिक विकास रणनीति तथा योजना विकास<br>ख. खाद्यान्न तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता प्रवर्द्धन तथा विकास<br>ग. पोषण तथा खाद्य सुरक्षा अवस्थाको लेखाजोखा तथा प्रवर्द्धन<br>घ. रैथाने वाली विउको संरक्षण, अनुसन्धान र प्रवर्द्धन<br>ङ. पशुमा नश्ल सुधार सहजिकरण<br>च. पशु चिकित्सा सेवा व्यवस्था तथा प्रवर्द्धन<br>छ. कृषि तथा पशु बिमा व्यवस्थापन तथा प्रवर्द्धन<br>ज. रासायनिक मल प्रयोग न्यूनिकरण एवं प्राङ्गारिक तथा जैविक मल उपयोग प्रवर्द्धन | संबिधानमा व्यवस्था भएपनि कार्यान्वयन नभएको, स्थानीय सरकार लाई एकल जिम्मेवारी हुनुपर्ने |



| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| | | झ. ब्यावसायिक कृषि पशुपालन मौरीपालन माछापालन  तथा तरकारी खेती प्रवर्द्धन<br>ञ. मुख्य कृषि तथा पशुजन्य उत्पादनको आधार मुल्य निर्धारण<br>ट. सहकारी उत्पादन प्रशोधन तथा बजारीकरण प्रवर्द्धन<br>ठ. कृषि तथा पशु विकासमा नव प्रवर्तन, प्रविधि हस्तान्तरण तथा यान्त्रीकरण प्रवर्द्धन सहजिकरण<br>ड. चक्लाबन्दी खेती प्रवर्द्धन तथा विकास<br>ढ. कृषक तथा कृषि श्रमीक सूचीकरण तथा सामाजिक सुरक्षा प्रवर्द्धन एवं प्रो त्साहन<br>ण. सामुदायीक तथा एकिकृत खेती तथा पशुपालन योजना मापदण्ड<br>त. संघिय भू-उपयोग कानून अनुसार जग्गा बर्गीकरण कार्यान्वयन नियमन दण्ड जरिवाना । | |
| १५२.१ | कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजार पूर्वाधार निर्माण, साना सिंचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा,  कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रम संञ्चालन र नियमन | क. ब्यावसायिक कृषि तथा पशुपालन सम्बन्धी उत्पादन, संकलन, भण्डारण, प्रशो धन तथा वितरण ब्यवस्थापन<br>ख. स्थानीय उत्पादनको बजार सुनिश्चतता<br>ग. कृषि तथा पशुजन्य स्थानीय उत्पादनको बजार सूचना संयन्त्र विकास<br>घ. स्थानीय उत्पादन संकलन केन्द्र, हाटबजार विकास, पालिका स्तरीय बजार संरचना, भण्डारण, ढुवानी ब्यवस्थापनमा सहजीकरण तथा नियमन | |
| | | ङ. उद्यमी तथा उत्पादक किसानको सीप तथा क्षमता विकास<br>च. ज्ञान तथा प्रविधिको प्रसार तथा हस्तान्तरण<br>छ. प्राविधिक सहयोग तथा सहजीकरण ।<br>ज. कृषि सामग्रीको मापदण्ड, नियमन तथा पूर्वाधार विकास<br>झ. कृषि यान्त्रिकरण तथा प्रविधि हस्तान्तरणमा सहजिकरण एवं सहयोग<br>ञ. कृषक पहिचान, वर्गीकरण तथा उत्पादनका आधारमा अनुदान, कृषि तथा पशु विमा प्रवर्द्धन तथा संचालन | |
| १५.१.३ | कृषि तथा पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण | कृषि तथा पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्बन्धमा संघ एवं प्रदेशसंग आर्थिक तथा प्राविधिक सहयोग र अध्ययन अनुसन्धानका लागि समन्वय तथा सहकार्य। | |

| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| १५.१.४ | पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन | क. नियमित पशुपन्छी चिकित्सा सेवा तथा आवश्यक औषधि तथा उपकरणको ब्यवस्थापन ।<br>ख. संघ तथा प्रदेशको सहकार्यमा पशुपन्छी स्वास्थ्यकर्मी क्षमता विकास ।<br>ग. प्याराभेटनरी ब्यवसायी दर्ता, अनुमति, नविकरण, खारेजी र नियमनको ब्यवस्था । | |
| १५.१.५ | कृषि वातावरण संरक्षण, जैविक विविधता संरक्षण र प्रबर्द्धन | क. जलवायु परिवर्तन अनुकुलन नीति योजना तथा कार्यक्रम<br>ख. रैथाने प्रजातिका कृषि बाली, पशुपन्छी, माछा, मौरी आदीको संरक्षण र प्रबर्द्धन ।<br>ग. माटोको गुणस्तर निर्धारण,  प्रसार, परीक्षण, गुणस्तर सुधार, अनुगमन तथा क्षमता विकास ।<br>घ. रसायनिक मल र कीटनाषक औषधिको प्रयोग न्यूनीकरण एवं नियमन ।<br>ङ. प्राङ्गारीक तथा जैविक मल प्रवर्द्धन, क्षमता विकास, सहजिकरण र सहयोग ।<br>च. रैथाने नश्ल तथा विउको संरक्षणका लागि संघमा सिफारिश। | |
| १५.१.६ | उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन तथा विकास र बजारीकरण | क. प्रतिस्पर्धी तथा तुलनात्मक लाभका वस्तुको उत्पादन प्रवर्द्धन एवं बजारीकरणमा सहजिकरण तथा समन्वय ।<br>ख. उच्च मूल्ययुक्त कृषिजन्य वस्तुहरुको उत्पादन प्रवर्द्धन तथा बजारीकरणमा सहजिकरण तथा समन्वय ।<br>ग. विशिष्ट (निस) कृषि उत्पादनहरुको बजारीकरणमा विशेष ब्यवस्था । | |
| १५.१.७ | पशुनश्ल सुधार पद्धति विकास र व्यवस्थापन | स्थानीय विशष्टताका आधारमा पशुपन्छीको नश्ल सुधार एवं विकास तथा सहजिकरण । | दोहोरो अधिकार रहेकोले स्पष्ट ब्यवस्था गर्नुपर्ने । |
| १५.१.८ | स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन | क. परम्परागत चरन तथा खर्क ब्यवस्थापनका लागि कानूनी ब्यवस्था, मापदण्ड तथा नियमन ।<br>ख. स्थानीय चरन तथा खर्कको प्रवर्द्धन मार्फत हिमाली उत्पादन बृद्धि प्रशोधन तथा बजारीकरणमा सहजीकरण । | |
| १५.१.९ | पशु आहार गुणस्तर नियमन | क. पशुजन्य उत्पादन वृध्दिका लागि आहारको संघीय गुणस्तर मापदण्ड कार्यान्वयन तथा नियमन ।<br>ख. गुणस्तरीय पशु आहार उत्पादन तथा विक्री वितरणका लागि प्राविधिक सहयोग, सहजीकरण तथा नियमन । | |



| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| १५.१.१० | स्थानीय स्तरमा तथ्याङ्क व्यवस्थापन र सूचना प्रणाली | क. एकिकृत कृषि सूचना प्रणालीको विकास, सेवा प्रवाह एवं तथ्याङ्क ब्यवस्थापन ।<br>ख. संघिय मापदण्ड अनुसार जनसंख्या, शिक्षा, स्वास्थ्य, उद्यम तथा ब्यवसाय, भू-उपयोग, कृषि, पशुपन्छी, पूर्वाधार, आदीको सूचना प्रणालीमा आधारित स्थानीय तथ्याङ्क संकलन, ब्यवस्थापन तथा उपयोग । | |
| १५.१.११ | बधशाला र शीत भण्डारणको ब्यवस्थापन र नियमन | क. ब्यवस्थित स्थानीय बधशाला तथा चिस्यान वा शीत गृह निर्माण तथा सञ्चालनका लागि मापदण्ड, नियमन, सहजीकरण तथा लगानी ।<br>ख. मासु विक्री वितरण स्थलको मापदण्ड एवं नियमन ।<br>ग. स्थानीय उत्पादन सम्भाव्यताका आधारमा विशिष्टिकृत शीत भन्डारण निर्माण तथा संचालन मापदण्ड, नियमन, सहजीकरण तथा लगानी । | |
| १५.१.१२ | कृषि तथा पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण | क. स्थानीय कृषि, पशुपन्छी, मौरी, तथा माछा ब्यवसाय सम्बन्धी बीमा नीति तथा कार्यक्रम सहजीकरण तथा नियमनको ब्यवस्था ।<br>ख. स्थानीय कृषि, पशुपन्छी, मौरी, तथा माछा  ब्यवसायका लागि सरलीकृत कर्जा सहजीकरण, अनुगमन, नियमनको ब्यवस्था । | |
| १५.१.१३ | साना सिंचाई निर्माण तथा सुधार | क. परम्परागत सिंचाइ संरचनाको मर्मत सम्भार तथा ब्यवस्थापन।<br>ख. दिगो सम्भावनायुक्त साना सिंचाई निर्माण, सतह सिंचाई, पोखरी तथा थोपा सिंचाई विकास एवं सुधार तथा ब्यवस्थापन ।<br>ग. अन्तर स्थानीय तह आधुनिक साना तथा मझौला सिंचाइ विकास तथा ब्यवस्थापन । | व्यवहारमा कार्यान्वयन गर्न जिल्ला सिंचाई कार्यालय हटाउनु पर्ने । यसो गर्दा कार्यान्वयन गर्न सहज हुने । |
| **संविधानको अनुसूची  (९) मा उल्लिखित संघ प्रदेश र स्थानीय तहका साझा अधिकारको विस्तृतीकरण** | | | |
| १. सहकारी | | **स्थानीय तहः** (क)  अन्तर स्थानीय तहमा कार्यरत सहकारीहरूका लागि स्वीकृति, अनुगमन र सिफारिस।<br>(ख) अन्तर स्थानीय तहमा कार्यरत सहकारीहरूको मर्ज हुने प्रकृयामा आवश्यक कार्यवाही सहित सहजिकरण ।<br>(ग) अन्तर स्थानीय तहमा विद्यमान साझा स्रोतहरु (वन, नदीजन्य स्रोत, जलस्रोत, फोहर) को ब्यवस्थापन तथा उपयोगका लागि आवश्यक सम्झौता, मापदण्ड, अनुगमन तथा सिफारीस । | |

| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| १.१ | सहकारी अनुसूची ८ (२) मा समावेश भएको | (क) संघीय एवं प्रदेश सहकारी ऐन अनुसार दर्ता विषयगत सहकारी तथा बहुउद्देश्यीय सहकारी संस्थाले साना जलविद्युत आयोजना, मल कारखाना, आवासीय परियोजना, यातायात, कृषि उपकरण, खाद्य उध्योग, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता क्षेत्रमा लगानी प्रवर्द्धन तथा सहजिकरण ।<br>(ख) स्थानीय आर्थिक विकास योजना अन्तर्गत सहकारीको लगानी परिचालन ।<br>**प्रदेशः** क.एक भन्दा बढी स्थानी तहमा कार्यक्षेत्र भएका सहकारीको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन नियमन र समन्वय ।<br>ख. प्रदेशको कानून अनुसार एक भन्दा बढी स्थानी तहमा कार्यक्षेत्र भएका सहकारीको दर्ता खारेज बिघटन नियमन कार्वाही<br>ग. प्रदेश स्तरिय सहकारी बैंकको संचालन तथा व्यवस्थापन र नियमन<br>घ. विषयगत जनशक्ति तथा क्षमता विकास सहजिकरण तथा सहयोग<br>**संघः** क. सहकारी सम्बन्धी संघिय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन नियमन र समन्वय । | स्थानीय तहको एकल अधिकार क्षेत्रमा सहकारी रहेकाले स्थानीय तहले सहकारी ऐन तर्जुमा गर्न आवश्यक देखिएकाले । |
| | | ख. संघिय कानून अनुसार एक भन्दा बढी प्रदेशमा कार्यक्षेत्र भएका सहकारीको दर्ता खारेज बिघटन<br>ग. संघिय प्रदेश र स्थानीय सहकारीहरुको नियमन तथा सिफारिस<br>क. सहकारीको राष्ट्रिय एकिकृत सूचना प्रणालीको विकास तथा व्यवस्थापन<br>ख. विषयगत जनशक्ति तथा क्षमता विकास सहजिकरण तथा सहयोग<br>ग. सहकारी बैंकको संचालन तथा व्यवस्थापन र नियमन | |
| **४ कृषि** | | | |
| ४ | अनुसूची ८ को १५ र १८ मा समावेश | **स्थानीय तहः** (क) माथि (१५) मा उल्लेख भए अनुसार स्थानीय तहले कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन ।<br>**प्रदेशः** (क) प्रदेशले कृषि तथा पशुपन्छीको उत्पादन तथा उत्पादकत्व बृद्धि, यान्त्रिकरण ब्यापारीकरण, औद्योगिकीकरण बजार व्यवस्थापन, ब्राण्डिङमा आवश्यक नीति, रणनीति, कानून, मार्गदर्शन, मापदण्ड सहयोग तथा लगानी, | कार्यक्षेत्र अस्पष्ट भएकोले निश्चित कार्यक्षेत्र तय गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न |



| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| | | (क) प्रदेश स्तरीय कृषि पूर्वाधार विकास, यन्त्र प्रविधि, क्षमता विकास, कृषि वाली तथा पशुपन्छी सम्बन्धी महामारी रोकथाम सहयोग, कृषि तथा पशु सम्बन्धी अनुसन्धान, अभिलेख ।<br>(ख) विशिष्टीकृत नमुना कृषि उत्पादन तथा पशुपालन कार्यक्रम संचालन सहयोग तथा सहजिकरण ।<br>(ग) बिभिन्न जंगली जनावरबाट हुने कृषि तथा पशुपालन क्षति न्यूनिकरणका लागि आवश्यक आर्थिक तथा प्राबिधिक ब्यवस्था ।<br>(घ) कृषि तथा पशुपन्छी क्षेत्रका लागि आवश्यक प्राबिधिक जनशक्तिको क्षमता विकास<br>**संघः** (क) कृषि तथा पशुपालनका संघीय नीति, रणनीति, कानून, मार्गदर्शन, मापदण्ड तथा महामारी नियन्त्रण,<br>(ख) बिशिष्ट अध्ययन तथा अनुसन्धान, जनशक्ति विकास<br>(ग) एकिकृत कृषि सूचना तथा तथ्याङ्क प्रणाली विकास तथा व्यवस्थापन<br>(घ) अन्तर्राष्ट्रिय बजार, निर्यात सुविधा, आर्थिक तथा प्रबिधिक ब्यवस्थापन, क्वारेन्टाइन, मल कारखाना निर्माण तथा व्यवस्थापन,<br>(ङ) ठूला सिंचाइ तथा अन्य कृषिका संरचना, विउ तथा नश्ल सुधार तथा विकास र अन्य आवश्यक कार्य । | |
| | | (क) आवश्यक रासायनिक मल उत्पादन तथा ब्यवस्थापन; कृषि तथा पशुजन्य उत्पादनको विषादी परिक्षण तथा गुण नियन्त्रण।<br>(ख) कृषि यान्त्रिकरण तथा औध्योगीकरणमा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग एवं सहजिकरण ।<br>(क) जंगली जनावरतथा प्राकृतिक घटनाबाट हुने कृषि तथा पशुपालन क्षतिका लागि विशिष्ट वीमाको ब्यवस्था । | |
| **१० गरिबी निवारण** | | | |
| १०.२.१ | गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियमन र अध्ययन अनुसन्धान | **संघः** (क) गरीवी न्यूनीकरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय, संघिय कानूनी ब्यवस्था, मापदण्ड, सहजीकरण तथा ब्यवस्थापन ।<br>(ख) राष्ट्रिय स्तरका कार्यक्रम निर्माण तथा सञ्चालन ।<br>(ग) गरीवी न्यूनीकरणका सम्बन्धमा अध्ययन तथा अनुसन्धान ।<br>(घ) राष्ट्रिय स्तरमा गरिबीको नक्शांकन तथा परिचय पत्र वितरण सहयोग सहजिकरण | |

| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| | | **प्रदेश:** (क) प्रदेश स्तरीय विशिष्ट कानूनी व्यवस्था<br>(ख) गरीवी नक्शाङ्कनका लागि स्थानीय तहलाइ सहजीकण, समन्वय तथा सहयोग<br>(ग) प्रदेश स्तरीय गरीवी न्यूनीकरण कार्यक्रम निर्माण तथा सञ्चालन।<br>(घ) गरीवी न्यूनकरणका सम्बन्धमा प्रदेश स्तरीय विशिष्ट अध्ययन तथा अनुसन्धान ।<br>**स्थानीय तहः** (क) गरिबी निवारण सम्बन्धी स्थानीय विशिष्ट नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियमन र अध्ययन अनुसन्धान | |
| १०.२.२ | गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन | (क) गरीवीको स्थानीय नक्शाङ्कन तथा परिचय पत्र वितरण<br>(ख) गरीवी न्यूनीकरण कार्यक्रम विकास तथा सञ्चालन<br>(ग) स्थानीय तहमा सेवामा समानता र सन्तुलीत विकास | |
| १०.३.२ | स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन | | |
| १०.२.४ | राष्ट्रिय, प्रादेशिक र स्थानीय संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य | | |
| **१३ सुकुम्वासी व्यवस्थापन** | | | |
| १३.१ | संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासी पहिचान र अभिलेख व्यवस्था | **स्थानीय तहः** (क) स्थानीय तहमा सुकुम्बासी पहिचान र अभिलेखीकरण सम्बन्धी व्यवस्था<br>(ख) सुकुम्बासी ब्यवस्थापनमा समन्वय तथा सहजिकरण<br>**प्रदेश र संघः** आवश्यक नीति तथा कार्यक्रमस; ब्यवस्थित बस्ति विकास तथा आवासको ब्यवस्था | |
| **१७ बेरोजगारको तथ्याङ्क संकलन** | | | |
| १७.१ | रोजगार र बेरोजगारको तथ्याङ्क संकलन, प्रशोधन र सूचना प्रणाली | **स्थानीय तहः** (क) स्थानीय आर्थिक विकास रणनीति तथा योजना अन्तर्गत रो जगार, रोजगारदाता र बेरोजगारको तथ्यांक संकलन, प्रशोधन र स्थानीय सूचना प्रणाली ब्यवस्थापन<br>(ख) स्थानीय बेरोगारको क्षमता तथा सिप पहिचान र अभिलेख ब्यवस्थापन<br>(ग) स्थानीय आर्थिक विकास र रोजगारी श्रृजना एवं बृद्धी<br>**प्रदेशः** क. रोजगार र बेरोजगारको तथ्याङ्क संकलन आर्थिक तथा प्राविधिक सहयोग ।<br>**संघः** क. बेरोजगारको एकिकृत सूचना प्रणाली विकास तथा ब्यवस्थापन ।<br>ख. रोजगार र बेरोजगारको तथ्याङ्क संकलनमा आर्थिक तथा प्राविधिक सहयोग । | सो तथ्याङ्कका अधारमा बजेट तथा योजना निर्माण गर्न । |



| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| १७.२ | विदेशी श्रमिकको सूचना व्यवस्थापन | **स्थानीय तहः** (क) वैदेशिक रोजगारीको अनलाइन सूचना प्रणालीमा स्थानीय तहको पहुँच तथा उपयोग<br>(ख) बैदेशिक रोजगारीबाट फर्केका नेपाली श्रमिकको विशिष्ट सीप तथा प्रविधिको सूचना ब्यवस्थापन<br>(ग) स्थानीय तह क्षेत्र भित्र कार्यरत विदेशी श्रमिकको ब्यवस्थित लगत अनुगमन तथा सिफारिस | |
| **१८ कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण** | | | |
| १८.१ | कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | **स्थानीय तहः** स्थानीय कृषि प्रसार व्यवस्थापन, संचालन र नियन्त्रण नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | |
| १८.२ | स्थानीय तहमा कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन | **स्थानीय तहः** स्थानीय विशिष्टतामा आधारित भै जनशक्ति तथा कृषि प्रसार प्रविधिको आवश्यकता पहिचान, ब्यवस्थापन तथा परिचालन | |
| १८.३ | कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण | **स्थानीय तहः** कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरणका लागि प्राविधिक जनशक्ति विकास तथा परिचालन | |
| १८.४ | बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन | **स्थानीय तहः** स्थानीय विशिष्टतामा बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति र उपयोग निति तथा मापदण्ड र नियमन | |
| १८.५ | कृषक समूह, सहकारी र स्थानीय सम्वद्ध संघसंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन | **स्थानीय तहः** (क) स्थानीय कृषक समूह तथा संघसंस्था दर्ता, खारेजी, अनुगमन तथा नियमन<br>(ख) अन्तर स्थानीय तहमा कार्यरत संघसंस्थालाई स्वीकृति, सहजीकरण, तथा नियमन | |
| १८.६ | स्थानीय स्तरमा कृषि सम्बन्धी प्रविधि संरक्षण र हस्तान्तरण | **स्थानीय तहः** (क) स्थानीय स्तरमा कृषि सम्बन्धी आधुनीक ज्ञान तथा प्रविधिहरूको हस्तान्तरणका साथै रैथाने तथा परम्परागत शिप तथा प्रविधीहरूको संरक्षण, विकास र बिस्तार ।<br>(ख) उद्यमी तथा उत्पादक किसानलाई आवश्यक सीप तथा क्षमता पहिचान तथा विकास | |

| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| १८.७ | कृषिसम्बन्धी सूचना प्रचार प्रसार | (क) कृषि सम्बन्धी स्थानीय सूचना प्रचार प्रसार नीति तथा मापदण्ड र प्रवर्द्धन | |
| १८.८ | स्थानीय स्तरको स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन | **स्थानीय तहः** (क) कृषक र कृषि उपज व्यवसायीको सीप र क्षमता विकास तथा प्रविधि हस्तान्तरणका लागि स्थानीयस्तरको स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन<br>(ख) सम्भावित कृषक, व्यवसायी र कृषि उपज व्यवसायीको सीप तथा क्षमता विकास, प्रविधि हस्तान्तरणका लागि स्रोत केन्द्र विकास तथा सञ्चालन<br>(ग) व्यवसायिक क्षमता विकासका लागि सार्वजनिक निजी साझेदारी मोडेलमा नवप्रवर्तनशालाको स्थापना तथा सहजीकरण | |
| **संविधानको अनुसूची (९) मा उल्लिखित संघ प्रदेश र स्थानीय तहका साझा अधिकारको विस्तृतीकरण** | | | |
| **संविधानका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त, राज्यका नीति सम्बन्धी धारा र अन्य धारामा उल्लिखित कार्यको विस्तृतीकरण** | | | |
| | | | |
| ५.१ | लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन विकास र प्रवर्द्धन | **स्थानीय तहः** (क) लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी<br>(ख) नीति, कानून, मापदण्ड, नियमन र अध्ययन तथा अनुसन्धान<br>(ग) उद्योग ग्राम तथा उद्योग करिडरका लागि जग्गा पहिचान, संचालन मोडालीटी विकास, व्यवस्थापन, नियमन तथा कार्वाही<br>(घ) उद्योग ग्राम तथा उद्योग करिडर संचालन प्रवर्द्धन<br>(ङ) साझा बिक्री कक्ष तथा इन्क्युवेशन संचालन<br>**संघ र प्रदेशः** भण्डार गृह, उद्योग ग्राम, उद्योग करिडर जस्ता उत्पादन पूर्वाधार विकास, प्रविधि, अध्ययन तथा अनुसन्धान | |
| ५.२ | लघु, घरेलु र साना उद्योगको विकास र प्रवर्द्धन | **स्थानीय तहः** (क) स्थानीय प्रतिस्पर्धी वस्तुको उत्पादनलाइ प्रोत्साहन गर्न स्थानीय विशिष्टताको आर्थिक विकास रणनीति तयारी<br>(ख) लघु, घरेलु र साना उद्योगको विकास एवं प्रवर्द्धनका लागि आवश्यक नीति तथा कार्यक्रम विकास, प्रवर्द्धन तथा नियमन, सहजीकरण । | |
| ५.३ | उद्यमशीलता प्रवर्द्धन | **स्थानीय तहः** (क) स्थानीय आर्थिक विकास रणनीति एवं योजना, नवप्रवर्तन, उद्यमशीलता प्रवर्द्धन, नव प्रवर्तनशाला सञ्चालन सम्बन्धी नीति, मापदण्ड, नियमन तथा सहयोग । | |



| साविक व्यवस्था | | कार्यविस्तृतीकरणमा परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| | **पर्यटन** | | |
| १३.१ | स्थानीयस्तरमा पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन | **स्थानीय तहः** क) स्थानीय सार्वजनिक सम्पति, सम्पदा तथा प्राकृतिक स्रोतको पहिचान, अभिलेखीकरण, संरक्षण, प्रवर्द्धन र दिगो उपयोग सम्बन्धी नीति कानून, मापदण्ड,<br>(ख) प्रदेश तथा स्थानीय तह विचको प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी मापदण्ड । स्थानीय स्तरका कला संस्कृति धार्मिक तथा पुरातात्विक सम्पदा लगायत पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण, प्रबर्द्धन र प्रचार प्रसार गरी ब्यावसाय (इको, कल्चरल, साहसिक पर्यटन) प्रवर्द्धन । | स्थानीय सरकारको क्षेत्र भित्र हुने भएकोले यसको अनुगमन, नियमन र प्रवर्द्धन गर्ने स्थानीय सरकारलाई सहज हुने |
| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| | | विपन्न वर्ग र वास्तविक सुकुम्वासीकोलागि आवास गृह निर्माण, | |
| | | मुक्त कमैया हरुवा, चरुवा, हलिया एवं मुसहर, डोम, चमारलगायत आवास विहिन दलितलाई बसोबासको व्यवस्था। | |
| | | अति संरक्षित घोषित लोपोन्मुख आदिवासी, जनजातिको आवास निर्माण योजना र कार्यान्वयन | |
| ६. | **शोषण विरूद्धको हक** | | |
| | | सबै प्रकारका विभेदमूलक अभ्यासको अन्त्य गर्ने, | संविधानको धारा २९ कार्यान्वयनका सन्दर्भमा स्थानीय तहले सम्पादन गर्न सक्ने कार्य |
| | | शोषण विरूद्ध क्षतिपूर्तिका लागि सहजिकरण, | ,, |
| | | न्यायमा पहुँचमा सहयोग | ,, |
| ७ | **रोजगारीको हक** | | |
| | | रोजगार सेवा केन्द्र | सम्पत्तिको हक सम्बन्धी ऐनको दफा १० अनुसार समावेश |
| | | रोजगार विनिमय केन्द्र | |
| | | न्यूनतम रोजगार प्रत्याभुति राष्ट्रिय नीति, कानून तथा मापदण्ड अनुसार | |
| | | न्यूनतम रोजगार प्रत्याभुति राष्ट्रिय नीति, कानून तथा मापदण्ड अनुसार कार्यान्वयन | |
| | | बेरोजगार सहायता (सूचना, तालिम, सहुलियत ऋण....) | |
| | | रोजगार सूचना प्रणालीमा स्थानीय स्तरको रोजगार, बेरोजगार, बाह्य श्रमिकलगायतका विवरण अध्यावधिक | |
| | | रोजगारमूलक सीप तथा व्यवसायीक तालिम | शिक्षामा पनि राख्न सकिने |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| | | सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहे को श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन, | • स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२ (थ) मा रहकाले कार्यविस्तृतिकरणमा पनि समावेश गरिनु पर्ने । |
| | | रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, | ,, |
| | | वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन, | ,, |
| | | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनिः एकीकरण, | ,, |
| | | वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको | ,, |
| | | रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना, | ,, |
| | | स्थानीयस्तरमा रहेका स्वदेशी तथा वपदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन, | ,, |
| | | विभिन्न क्षेत्र तथा विषयका दक्ष जनजक्तको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, | ,, |
| | | श्रमिक र निजका परिवारलाई मनोसामाजिक परामर्श | • वैदेशिक रोजगारमा गएका व्यक्तिको परिवार र फर्किएका कामदारलाई यस्तो सेवा प्रवाह जरूरी रहेको र केही स्थानीय तहहरूले अभ्यास समेत गरिरहेका । |
| **८** | **श्रमको हक** | | |
| | श्रम सूचना, | श्रम सूचना, | • धारा ३४ कार्यान्वयनमा स्थानीय तहले सम्पादन गर्न सक्ने कार्य |
| | राष्ट्रिय न्यूनतम पारश्रमिक अनुरूप स्थानीय ज्यालाको दर रेट निर्धारण | राष्ट्रिय न्यूनतम पारश्रमिक अनुरूप स्थानीय ज्यालाको दर रेट निर्धारण | ,, |
| | समान कामका लागि समान ज्याला, | समान कामका लागि समान ज्याला, | ,, |



| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| | हलिया, हरूवा-चरूवा लगायत अनिच्छित, बाध्यात्मक तथा शोषण सम्बन्धी श्रमअभ्यासको निवारण | हलिया, हरूवा-चरूवा लगायत अनिच्छित, बाध्यात्मक तथा शोषण सम्बन्धी श्रमअभ्यासको निवारण | ,, |
| **९** | **उपभोक्ताको हक** | | |
| ३६.९ | उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धता | | |
| ३६.१० | गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति | | |
| | | स्थानीय बजार अनुगमन समिति गठन गरी वस्तु तथा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गूणस्तर, सुद्धता जस्ता विषयमा अनुगमन तथा नियमन | |
| | | बजार अनुगमनमा नेपाल सरकारका निकायहरूलाई सहयोग र सहजीकरण | |
| **कार्य विभाजन नियमावली र अन्य ऐन कानून अन्तर्गत भै रहेकाकार्यहरूको विस्तृतीकरण** | | | |
| १ | | स्थानीयस्तरमा वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन | संघ |
| २ | | स्थानीयस्तरमा बाल न्याय, | प्रदेश |
| ३ | | स्थानीयस्तरमा बाल गृह/पुनर्स्थापन केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन, | स्थानीय |
| ४ | | स्थानीय स्तरमा सडक बालवालिका व्यवस्थापन, | स्थानीय |
| ५ | | स्थानीय स्तरमा बालबालिकाको हिंसा नियन्त्रण | स्थानीय |
| | | बालसुधार तथा पुनर्स्थापना केन्द्र स्थापना, संचालन, अनुमति र नियमन, | स्थानीय |
| | | आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन | स्थानीय |
| **१.** | **संविधानको धाराको कार्यविस्तृतिकरण** | | |
| | | संघीय इकाइवीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदरी गर्दै सुमधुर र सहयोगात्मक सम्वन्धको विकास गर्ने (नीति धारा ५१ (६) ख) | |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि |
|---|---|---|---|
| | | १. अन्तर तह कर्मचारीलाई काम काजमा खटाउने Deputation) उ. प्रमुख सचिव, विशेष प्राविधिक जनशक्ति, प्रमुख प्रशासकीय अधिकृत आदि | |
| | | २. स्थानीय तहले अनुरोध गरेको जनशक्ति- संघ र प्रदेश, | |
| | | ३. संघ प्रदेश र स्थानीय तहका कर्मचारी एक अको तहको सेवामा प्रतिस्पर्धात्मक प्रणालीबाट प्रवेश हुन सक्ने प्रणाली- संघ र प्रदेश र स्थानीय तह | |
| | | ४. नवप्रवर्तन, सिर्जना तालिम तथा क्षमता विकास- संघ प्रदेश | |
| | | ५. प्रशासनीक अनुभव, ज्ञान र असल सिकाईको दस्तावेजीकरण तथा ज्ञान व्यवस्थापन साझेदारी -संघ, प्रदेश र स्थानीय तह | |
| | | (क) निजामती (स्थानीय सेवा समेत) तथा अन्य सरकारी सम्बन्धी आधारभूत नीति, कानून र मापदण्ड | |
| | | • रैथाने प्रविधिको संरक्षण र सम्वर्धन तथा समसामयिक सुधार | |

# वित्त क्षेत्र

**वित्त क्षेत्र अन्तरगत कार्यविस्तृतीकरण प्रतिवेदनको**
**संशोधन प्रस्ताव**

| | साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| **संविधानको अनुसूची ८ बमोजिमको एकल अधिकारको विस्तृतिकरण** | | | |
| ४. स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन | | | |
| | | | |
| | भूमिकर (मालपोत) | गुठी जग्गा र निजी चिया वगानमा समेत स्थानीय तहले स्थानीय कानून अनुसार भूमिकर (मालपोत) संकलन गर्ने | मालपोत गुठीका जग्गा र निजी चिया वगानहरुको मालपोतको दायरामा आउन आवश्यक भएकोले |
| | घर वहाल कर | पालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएमा त्यस्तो वहाल रकममा गाउँ तथा नगर पालिकाले वहाल कर लगाउने | राजस्व संकेत ११२३१: सम्पत्ती, वहाल तथा पट्टा वापतको आयमा लाग्ने कर: घरजग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती वहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर सम्वन्धी व्यवस्था भएकोले संस्थागत वहाल कर आन्तरीक राजस्व कार्यालयले उठाउने गरेकोले सो नगर्न नेपाल सरकारले आवश्यक कानूनी बन्दोवस्त गर्नु पर्ने |
| | व्यवसाय कर | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने | व्यवसाय करको स्पष्ट व्याख्या सहित कानूनी व्यवस्था गर्न आवश्यक भएकोले |
| ४५ | स्थानीय तहको लगानी र लाभांशको व्यवस्थापन | जलविद्युत, सौर्य विद्युत, टर्वाइन (वाईण्ड इनर्जी), रियलस्टेट, ऋणपत्र, वचत तथा मुदती खातामा लगानी लगायत भविष्यमा प्रतिफल दिन सक्ने पुँजीगत क्षेत्रमा लगानी र लाभांसको व्यवस्थापन | कुन कुन किसिमका सार्वजनिक संस्थाहरु तथा क्षेत्रमा लगानी गरेर लाभांस लिन सकिन्छ भन्ने विषयमा स्पष्ट गर्नु पर्ने । |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| ४.७. | सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत, वहाल विटौरी घर जग्गा कर, मृत वा मारिएको जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन | • घरजग्गा कर र सम्पत्ति कर दुवै रहेकोले घरजग्गा कर हटाउनु पर्ने ।<br>• तर्जुमा शब्द थप गर्नु पर्ने ।<br>• तर्जुमा कसले गर्ने भन्ने विषय स्पष्ट नभएको ।<br>• कार्य विस्तृतीकरण प्रतिवेदनमा संघीय र प्रदेश कानूनको अधिनमा भन्ने बाँक्याम्स थप गर्नु पर्ने ।<br>• प्राकृतिक स्रोत साझा अधिकार सूचीमा परेकोले यस सम्वन्धी नीति, कानून बनाउने, संकलन र बाँडफाँडका सम्वन्धमा स्पष्ट व्याख्या हुनु पर्ने ।<br>• संस्थागत र व्यक्तिगत घरवहाल कर संकलन गर्ने एकल अधिकार स्थानीय तहलाई हुनु पर्ने ।<br>• गुठीका जग्गाहरु र निजी चिया बगानका जग्गाको समेत स्थानीय सरकारलाई मालपोत बुझाउने | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुकुल बनाउन आवश्यक भएकोले<br>• स्पष्ट नभएका विषयहरुलाई थप स्पष्ट पार्न आवश्यक भएकोले<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संस्थागत र व्यक्तिगत घरवहाल कर संकलन गर्ने एकल अधिकार स्थानीय तहलाई दिएको हुँदा सोही अनुकुल बनाउन |
| ४.८ | स्थानीय पूर्वाधार तथा सेवामा शुल्क निर्धारण र संकलन र व्यवस्थापन | र हटाउने | र दोहोरिएकोले हटाउने. |
| ४.९ | ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग र ऱ्याफ्टिङ्ग शुल्क | ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग र ऱ्याफ्टिङ्ग शुल्क, बञ्जी जम्प, जिपफ्लायर, मोटरबोट, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (घ) को ३ मा व्यवस्था रहेकोले सोही अनुकुल बनाउनु पर्ने भएकोले<br>• बिबिध सम्भवना विधमान रहेकोले. |
| ४.१२ | स्थानीय तहमा राजस्व नियन्त्रण सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन | स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्वन्धी नीति, कानून, मापदण्ड निर्माण र नियमन तथा जवाफदेहिता । | • चुहावट र निर्माण शब्द थप गरी थप स्पष्ट पार्न आवश्यक भएकोले<br>• यसका लागि प्रमुख प्रशासकीय अधिकृत र लेखाअधिकृतलाई जिम्मेवार बनाउने |
| ४.१३ | स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन | स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, कार्यान्वयन र नियमन | निर्माण, कार्यान्वयन शब्द थप गरी स्पष्ट पार्न आवश्यक भएकोले |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| **संविधानको अनुसूची (९) मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण** | | | |
| **६ सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क (अनुसूची ९ (१४) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी समेत)** | | | |
| थप गर्ने | सवारी साधन कर (थप गर्ने) | सवारी साधन कर तथा अन्य दस्तुरबाट प्राप्त राजस्व | निजी सवारी साधन, भाडामा दर्ता भएका सवारी साधन, निजी विद्युतीय सवारी साधन, भाडामा दर्ता भएका विद्युतीय सवारी साधन, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएको सवारी साधनमा वार्षिक सवारी मात्रै बाँडफाँट हुदै आएको हुँदा |
| ६.१ | स्थानीय सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन | | |
| ६.२ | संघीय कानून र प्रदेश कानून बमोजिम अख्तियारी दिइएका प्राकृतिक श्रोत साधन र सेवाशुल्क जस्ता रोयल्टी संकलन, समन्वय र नियमन | कुन कुन प्राकृतिक स्रोत साधनहरुको रोयल्टी संकलन, समन्वय र नियमन गर्ने हो सो सम्वन्धमा विषयगत मन्त्रालयबाट किटानीका साथ उल्लेख हुनु पर्ने | • रोयल्टी संकलन, समन्वय र नियमन कार्यमा दोहोरोपना हटाउनका लागि थप स्पष्ट गर्न आवश्यक भएकोले |
| ६.३ | कम मूल्यका खनीज पदार्थको उत्खनन् र प्रयोगबाट प्राप्त रोयल्टी | खानी तथा खनिज पदार्थ नियमावली २०५६ (२०७३/९/१८ मा चौथो संशोधन) को अनुसूची १ ले पहिचान गरेका २३ किसिमका धातु खनिज र ४० वटा अधातु खनिज पदार्थको उत्खनन्, प्रयोग र बिक्रीबाट नेपाल सरकारले प्राप्त गरेको रोयल्टीको ३० प्रतिशत हिस्सा | • नियमावलीमा भएको व्यवस्थाको कार्यान्वयन गर्न<br>• हाल धातु पदार्थ अन्तरगत फलाम र अधातु खनिज पदार्थहरु (१) काइनाइट,, (२) खरी, (३) चूनढुङ्गा, (४) क्रिष्टल क्वार्ज, (५ डोलोमाइट, (६) पत्थर कोइला, (७) मार्बल र (८) क्वारजाइट, बाट मात्रै स्थानीय तहहरुले रो यल्टी प्राप्त गर्दै आएको स्थिति भएकोले |
| ६.४ | सामुदायिक बनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी | सामुदायिक वन उपभोक्ता समुहले कानून वमोजिम बनपैदावार बिक्रीबाट प्राप्त आयको दश प्रतिशत रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्ने | • संघीय वन ऐन, २०७६ ले वनपैदावार बिक्रीबाट प्राप्त रकम स्थानीय तहसँग बाँडफाँट गर्ने बारे कुनै प्रावधान नगरेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सामुदायिक वनबाट आय प्राप्त गर्ने प्रावधान पूर्ण रुपमा कार्यान्वयन हुन नसकेकोले बन ऐनमा संशोधन गर्न आवश्यक<br>• दफा ६२ख मा सामुदायिक वनबाट आय प्राप्त गर्ने सम्वन्धी कानूनी व्यवस्था रहेकोले |



| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| ६.५ | पानीघट्ट, कूलो, पैनी आदि संचालनबाट प्राप्त रोयल्टी | पानीघट्ट, कूलो, पैनी आदि संचालनबाट प्राप्त आयको निश्चित हिस्सा | • दफा ४७ मा न्यायिक समितिको अधिकार क्षेत्र भित्र रहे को छ । राजस्व अधिकार क्षेत्र भित्र नपरेकोले यसलाई सेवा शुल्क तथा व्यवसाय करमा समेटने गरी ऐनमा व्यवस्था हुनु पर्ने ।<br>• रोयल्टीको सट्टा आय भन्दा उपयुक्त हुने हुँदा |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | • पर्वतारोहण, वन, विद्युत (जलविद्युत, सौर्य विद्युत, टर्वाइन (वाईण्ड इनर्जी), खानी तथा खनिज, पानी, रेडियो फ्रिक्यून्सी (मोवाईल फोन, ल्यण्डलाईन फोन, तारविहिन नेटवर्क, रेडियो ट्रान्समिसन (रेडियो वेभ), लगायतका प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>• रोयल्टी प्राप्त गर्ने क्षेत्रको विकास र प्रवर्धनमा निश्चित प्रतिशत रकम विनियोजन र खर्च गर्ने | • प्राकृतिक स्रोतको शीर्षकगत स्पष्टता हुन सकेमा यसले तहगत विवाद न्यून हुने भएकोले<br>• रोयल्टी प्राप्त हुने क्षेत्रको विकास र प्रवर्धनको सुनिश्चिता कायम गर्न |
| **संविधानका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त, राज्यका नीति सम्बन्धी धारा र अन्य धारामा उल्लिखित कार्यको विस्तृतीकरण** | | | |
| **१० स्थानीय बजेट, वित्तीय व्यवस्थापन र लेखापालन संविधानको भाग-१९ र स्थानीय योजना (स्थानीय स्वायत्त शासन ऐन, २०५५)** | | | |
| **१०.१** | **अर्थ तथा वित्त क्षेत्र** | | |
| १०.१.२ | आर्थिक साधनको बाँडफाँड र समता एवं स्थानीय विकासका लागि आर्थिक साधनको महत्तम उपयो ग तथा परिचालन | आर्थिक साधनको बाँडफाँड र समता एवं स्थानीय विकासका लागि आर्थिक साधनको उच्चतम/ महत्वपूर्ण उपयोग तथा परिचालन | अर्थ स्पष्ट नभएको उच्चतम/महत्वपूर्ण बाक्यांश थप गरिएको |
| १०.१.५ | स्थानीय ऋण तथा अनुदानको व्यवस्थापन र नियमन | संघीय कानून बमोजिम स्थानीय सरकारले आन्तरिक ऋण लिने , व्यस्थापन र नियमन गर्ने । | • सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ३ अनुसार सार्वजनिक ऋण व्यवस्थापनको लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना गरी ऋण सम्वन्धी कार्य आरम्भ गर्ने । |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| ११. | योजना | | |
| ११.१.२ | स्थानीय प्राथमिकता प्राप्त क्षेत्र निर्धारण | योजना तर्जुमा प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाई समुदायमा पछाडि परेका तथा पारिएका वर्गहरु जस्तै महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, आदिवासी जनजाती लगायतको क्षमता विकास र आर्थिक तथा सामाजिक क्षेत्रको उत्थानमा सहयोग पुग्ने गरी स्थानीय प्राथमिकता प्राप्त क्षेत्रको निर्धारण | समावेशी सिद्धान्तलाई स्थानीयकरण गर्न आवश्यक भएकोले |
| ११.१.४ | स्थानीय स्तरमा संचालित केन्द्रीय र प्रादेशिक विकास आयोजना कार्यान्वयन, समन्वय, सहकार्य | स्थानीय स्तरमा संचालित केन्द्रीय र प्रादेशिक विकास आयोजना कार्यान्वयन, समन्वय, सहकार्य र अनुगमन | अनुगमन थप गर्नु पर्ने । स्थानीय तहमा सञ्चालित संघीय र प्रादेशिक कार्यक्रमको अनुगमन नहुँदा आयोजनाको कार्यान्वयन पक्ष कमजोर भएकोले |
| ११.१.७ | गरिवी निवारणको रणनीति तर्जुमा | संघ र प्रदेशको नीति अनुकुल हुने गरी गरिबी निवारण सम्वन्धी नीति, रणनीति र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन | संघ र प्रदेशको नीति अनुकुल बनाई गरिबी निवारणको लक्ष्य प्राप्त गर्न स्थानीय तहको समेत भूमिका महत्वपूर्ण हुने भएकोले |
| **१२.** | **स्थानीय आर्थिक प्रणाली तथा कोष** | | |
| ‘।। | थप गर्ने | लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन साथै उद्यमशिलताको विकास र प्रवर्द्धनको कार्य गर्ने | • बीस लाख रुपैंयासम्मको स्थिर पूँजी रहेको लघु र पन्ध्र करोड रुपैंयासम्म स्थिर पूजिँ भएको साना उद्योग औद्योगिक व्यवसाय ऐन, २०७६ अनुकुल हुने गरी स्थानीय सरकार मातहत हुनु पर्ने भएकोले<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगहरुको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापनको पुरै जिम्मेवारी स्थानीय तहलाई दिएको र औद्योगिक व्यवसाय ऐन, २०७६ ले सो अधिकार खुम्चाएर प्रदेशको कानून बमोजिम हुने भन्ने व्यवस्था गरेकोले यसलाई स्थानीय तहको एकल अधिकारका रुपमा सुनिश्चित गर्ने र स्थानीय कानून बमोजिम हुने भन्ने व्यवस्था प्रदेश कानूनमा संशोधन हुन उपयुक्त हुने देखिन्छ । |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि |
|---|---|---|---|
| | थप गर्ने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यस्वथालाई थप प्रभावकारी बनाउन ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री बाट प्राप्त राजस्व स्थानीय सञ्चित कोषमा जम्मा गर्ने । | नदीजन्य पदार्थको बिक्री गर्ने र बिक्रीबाट प्राप्त राजस्व स्थानीय सञ्चित कोषमा राख्ने गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरेकोमा नेपाल सरकारको मापदण्डले निर्माणजन्य पदार्थको बिक्रीबाट प्राप्त राजस्व मध्ये चालिस प्रतिशत प्रदेश र साठी प्रतिशत स्थानीय तहका बीचमा बाँडफाँट गर्ने व्यवस्था संघीय कानूनसँग बाझिएको ले संघीय कानून अनुकुल हुने गरी नेपाल सरकारको मापदण्ड र प्रदेश आर्थिक ऐन बन्नु पर्ने । |
| | थप गर्ने | सामुदायिक वनबाट आय प्राप्त गर्ने | संघीय वन ऐन, २०७६ ले वनपैदावार बिक्रीबाट प्राप्त रकम स्थानीय तहसँग बाँडफाँट गर्ने बारे कुनै प्रावधान नगरेको ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सामुदायिक वनबाट आय प्राप्त गर्ने प्रावधान पूर्ण रुपमा कार्यान्वयन हुन नसकेकोले बन ऐनमा संशोधन गर्न आवश्यक |
| | थप गर्ने | संघ, संस्था दर्ता तथा नवीकरण | संघ संस्था दर्ता, नवीकरण, नियमन सम्वन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान आंशिक रुपमा मात्र लागु हुने गरेको छ। संस्थाको दर्ता र नवीकरणको काम जिल्ला प्रशासन कार्यालयबाट हुदै आएकोले संस्था दर्ता ऐन, २०३४ मा संशोधन गरी यस सम्वन्धी पूर्ण अधिकार स्थानीय तहमा दस्तान्तरण हुन उपयुक्त देखिन्छ |
| | थप गर्ने | सशर्त अनुदान वाहेक वित्तीय समानीकरण अनुदान र आन्तरीक श्रोतको रकम असारमसान्तमा हिसाव मिलान गर्न सक्ने गरी स्थानीय तहलाई अधिकार हुनु पर्ने । | स्थानीय तहले प्रयोग गरेको सुत्र (SuTRA) प्रणालीले स्रोत मिलान नभई भुक्तानी दिन नमिल्ने हुदा सञ्चित कोषमा रकम हुदा हुदै पनि खर्च गर्न नसक्ने को सिर्जना भएकोले |



**प्रतिवेदनमा समावेश हुनु पर्ने थप विषय तथा क्षेत्रहरु**

(१) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १९ अनुसार नेपाल सरकारले तोकेको निकायले संघ, प्रदेश वा स्थानीय तहले बनाएको कानून तथा सोको कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्ने र प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय परिषद (दफा १६) समक्ष पेश गर्ने ।

(२) कार्यगत कमजोरी न्यूनिकरण गर्न स्थानीय तहको क्षमता विकासमा सहयोग गर्ने ।

(३) स्थानीय तहको लागि एकिकृत राजस्व सूचना व्यवस्थापन प्रणाली (Integrated Revenue Information Management System–IRIMS– National Revenue Portal) को विकास गरी कार्यान्वयनमा ल्याउने ।

(४) स्थानीय तहको लागि एकीकृत राजस्व संकेत (Integrated Revenue Code) तर्जुमा गर्ने ।

(५) अन्तर सरकारी वित्त परिषद् (दफा ३३) को स्थायी सचिवालय स्थापना गर्ने र वित्त व्यवस्थापनका सबै क्षेत्र समेटने र ऐन कानून संशोधन नहुञ्जेलको अवस्थामा तत्काल गर्नु  पर्ने कामको समन्वय गर्ने ।

(६) अनुसूची ९ अन्तरगतका बुँदा १० (अर्थ तथा वित्त क्षेत्र), ११ (योजना), र १२ (स्थानीय आर्थिक प्रणाली र कोष) को लागि स्पष्टताको (Standard Operative Procedure (SoP) बनाई लागु गर्ने ।

(७) संघ र प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने बजेट सिलिङ्ग स्थानीय तहले योजना तर्जुमा गर्नु पुर्व प्राप्त हुनु पर्ने र निकासा समयमा नै प्राप्त हुने कुरा सुनिश्चित हुनु पर्ने ।

(८) खर्चको आवश्कता र राजस्व क्षमताको आधार (मापदण्ड बनाई) मा स्थानीय तहलाई सशर्त अनुदानको सट्टा समानीकरण/निशर्त अनुदान उपलब्ध गराउने नीतिगत व्यवस्था हुनु पर्ने ।

(९) स्थानीय तहले तयार गरेको परियोजना बैंकमा पहिचान भएका योजनाहरु मात्रै प्रदेश र संघीय सरकारबाट सञ्चालन हुनु पर्ने र ती योजनाहरुको अनुगमन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिनु पर्ने । साथै, प्रदेश योजना बैंकले पहिचान गरेका कार्यक्रममा मात्र संघ सरकारले लगानी गर्ने परिपाटीको सुनिश्चित गर्ने

(१०) नदी जन्य पदार्थका सम्बन्धमा प्रदेश आर्थिक ऐनमा तराई, पहाड, हिमाललाई लागु हुने गरी फरक फरक दर तोक्नु पर्ने वा, सम्वन्धित स्थानीय तहलेनै दर तोक्ने गरी प्रदेश कानूनमा सुधार हुनु पर्ने । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क अनुसार स्थानीय तहको एकल अधिकार भएकोले बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा राख्ने गरी प्रदेश कानूनमा सुधार हुनु पर्ने

(११) पानी तथा अन्य प्राकृतिक स्रोतको अझै व्याख्या हुन नसकेकोले यसको व्याख्या हुनु पर्ने

(१२) राष्ट्रिय बनसँग जोडिएका स्थानीय तहहरुले बन पैदावारको उपभोग गर्न नपाउने वर्तमान कानूनी व्यवस्थामा सुधार हुनु पर्ने

(१३) प्रदेश कानूनले सीमा तोकेकोले सबै व्यवसायीहरुलाई व्यवसाय करको दायारामा ल्याउन सकिएको छैन । तसर्थ सबै किसिमको व्यापार, व्यवसाय र सेवामा पुँजीगत लागत र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने पूर्ण अधिकार स्थानीय तहको हुनु पर्ने ।

(१४) हाल नगर विकास कोषबाट केही नगरपालिकाहरुले ऋण लिने गरेको र गाउँपालिकाहरुले लिन नसकेको हुँदा स्थानीय सरकारले लिने ऋण सम्वन्धी संघीय कानून तर्जुमा नहुञ्जेलसम्म नगर विकास कोषमा गाउँपालिकाहरुको समेत पहुँच हुने गरी अस्थायी व्यवस्था गर्नु पर्ने वा गाउँ विकास कोषको अवधारणा कार्यान्वयनमा ल्याउनु पर्ने ।

# वन, वातावरण र विपद् व्यवस्थापन

## स्थानीय तहको कार्यविस्तृतीकरण पुनरावलोकन

## स्थानीय बजार, वन, वातावरण, जैविक विविधता, खानी तथा खनिज र विपद् व्यवस्थापन

## (क) कार्यविस्तृतीकरण पुनरावलोकन तथा सुझाव सङ्कलनमा समावेश भएका विषयहरू

कार्यविस्तृतीकरण पुनरावलोकन तथा सुझाव सङ्कलनमा देहायका विषयहरूमा केन्द्रित भई सवालहरू छलफलमा आएका थिए:-

- संविधान तथा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को व्यवस्था अनुसार स्थानीय तहले कार्यान्वयन गर्न उपयुक्त हुने र संघ र प्रदेशले स्थानीय सरकारलाई अधिकार निक्षेपण वा प्रत्यायोजन गर्नुपर्ने, अहिले गरिरहेको अभ्यास छोड्नुपर्ने कार्यहरू ।
- तहगत जिम्मेवारी कार्यान्वयन गर्नको लागि संघ, प्रदेशले गर्नैपर्ने कार्य - जस्तै संविधानको मर्म, सिद्धान्त र राष्ट्रिय नीति अनुसार कानून परिमार्जन, राष्ट्रिय मापदण्ड निर्माण र क्षमता विकास । हालसम्मको अभ्यासको अनुभवका आधारमा साझा अधिकारका विषयमा राष्ट्रिय नीति, सो बमोजिम कानून परिमार्जन र राष्ट्रिय मापदण्ड बनाउनुपर्ने बिषय । कतिपय एकल अधिकारमा पनि राष्ट्रिय वा न्यूनतम मापदण्ड आवश्यक भएको ।
- प्रायः सबै बुँदामा र विशेषतः साझा अधिकारको सूची अन्तर्गतका कार्यमा लागु हुने विषय - समन्वय, सहकार्य, साझेदारी र सहलगानी ।
- स्थानीय तहको अधिकारमा रहेको विषय संघ र प्रदेशको साझा अधिकारमा, र संघ वा प्रदेशको एकल अधिकारमा पनि परेको भए तीनै तहका सरकारको कार्यक्षेत्र यकिन भएपछि संविधानमा उल्लिखित सिद्धान्त अनुसार समुदाय र निजी क्षेत्र समेतको उपयुक्त भूमिका, संयन्त्र र बजेट हुनुपर्ने ।
- साझा अधिकारका विषयमा तीनै तहका सरकारको कार्यक्षेत्र र अधिकारको सीमाङ्कन गर्नुपर्ने र सीमाङ्कन पश्चात आवश्यक भए राष्ट्रिय नीति, मापदण्ड तयार भएपछि संविधानमा उल्लिखित सिद्धान्त अनुसार अग्राधिकार र कार्यक्षेत्रको सिमाङ्कन हुनुपर्ने विषय/सवालहरू ।
- दोहोरो-तेहेरोपना, द्विविधा र संघीय वा प्रदेशका निकायको असहयोगका कारण विद्यमान कार्यहरू कार्यान्वयनमा देखिएका समस्या ।
- यस समूहका कार्यसँग अन्य विषय क्षेत्रको सहयोग र कार्यान्वयनका आयाम र अन्योन्याश्रित/सामञ्जस्यता सम्वोधन गर्नुपर्ने विषय । जस्तैः आयको बाँडफाँट, क्षेत्रगत विपद् तथा वातावरण सम्बन्धित सवालहरू, आधारभुत सेवाका संरचना, जलस्रोत, उर्जा आदि ।
- समुदाय, संघसंस्था र निजी क्षेत्रको उपयुक्त भूमिका र परिचालन सम्बन्धी सवालहरू ।

## (ख) पुनरावलोकनका सम्बन्धित नीति, कानून तथा अध्ययन प्रतिवेदनहरूको अध्ययन

पुनरावलोकनका सन्दर्भमा नेपालको संविधान एवं संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ र वि. सं. २०७३ मा स्वीकृत संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको बाँडफाँड र विस्तृतीकरण प्रतिवेदनको अध्ययन गरिएको थियो । त्यसैगरी संघ, प्रदेश र स्थानीय सरकारहरूबाट लागू गरिएका वन, वातावरण, जैविक विविधता, बजार, प्राकृतिक स्रोत तथा खनिज, विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्डहरूको अध्ययन गरिएको थियो । अध्ययन गरिएका मध्ये केही दस्तावेजहरूको विवरण यस प्रतिवेदनको अन्तमा (खण्ड घ) सूचीवद्ध गरिएको छ ।

पुनरावलोकनलाई सम्बन्धित विषयका विज्ञ तथा स्थानीय सरकारका प्रतिनीधिहरूसँग छलफल गरी अन्तिम रूप दिएको छ । सम्बन्धित विषयका विज्ञहरूसँगको छलफल एकल तथा समूहगतरूपमा गरिएको थियो भने स्थानीय सरकारका प्रतिनीधिहरूसँग चितवन, बर्दिबास र नेपालगञ्जमा गोष्ठिको आयोजना गरी सामुहिक छलफल गरिएको थियो । गोष्ठिमा सातै प्रदेशका स्थानीय सरकारका प्रतिनीधि तथा स्थानीय सरकारमा कार्यरत कर्मचारीको सहभागीता रहेको थियो । परामर्शका क्रममा समग्रमा, वन, वातावरण तथा जैविक विविधताको क्षेत्रमा संविधान प्रदत्त स्थानीय तहका काम, कर्तव्य र अधिकारलाई अलिअलि गर्दै राष्ट्रिय वन नीति, वन ऐन, नियम, कार्यविधि र निर्देशिका साथै प्रदेशका ऐन, कानून र सम्बन्धित संघीय तथा प्रदेश निकायका अभ्यासबाट क्रमशः सङ्कुचन गर्दै लगेको अनुभव व्यक्त भएको थियो । सबै सहभागीहरूले वन, विपद् व्यवस्थापन तथा जैविक विविधता सम्बन्धी अधिकारको पुनःकेन्द्रीकरण गर्ने प्रयाश भएको बताउनु भएको थियो ।

संघ तथा प्रदेशका कानूनमा संविधानको व्यवस्था र मर्म एवं संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ अनुरूप संशोधन, परिमार्जन हुनुपर्ने, धेरै विषयमा न्यूनतम राष्ट्रिय मापदण्ड बन्नुपर्ने, र वन, वातावरण, जैविक विविधता, बजार र विपद् व्यवस्थापनमा तीन तहबीचको कार्यक्षेत्र एवं अधिकार र उत्तरदायित्वको स्पष्ट सिमाङ्कन हुनुपर्ने देखिन्छ । स्थानीय तहका कतिपय कानूनमा साझा अधिकारका सवालहरूमा आफ्नो कार्यक्षेत्रको सीमा बमोजिम व्यवस्था गर्न नसकेको अवस्था छ। स्थानीय सरकार

सञ्चालन ऐन,२०७४ मा भएका व्यवस्थाहरू संघीय तथा प्रादेशिक वन ऐन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा सम्बन्धित विषयक्षेत्रका ऐन कानूनले हस्तक्षेप गरेको अवस्था छ। तसर्थ, विस्तृतीकरणमा स्थानीय सरकारहरू साथै संघ, प्रदेश र स्थानीय तहको साझेदारी, सहकार्य र समन्वयलाई प्राथमिकता साथ उल्लेख गरिएको छ।

कार्यविस्तृतीकरणको कार्यान्वयनमा तहगत, दलगत स्वार्थ तथा संघीय निकायका कर्मचारीको स्थानीय तह प्रतिको सोच र धारणाबाट प्रभावित हुने गरेको पाइन्छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख भएका विषयहरू समेत अभ्यासमा स्थानीय तहमा हक हस्तान्तरण नभएको अवस्था छ। वन निकायहरू प्रदेशसम्म मात्र सिमित भई पुरानै शैलीमा वन प्रशासन सञ्चालन गर्नुमा प्राकृतिक स्रोत माथिको अधिकार केन्द्रीकृत गर्ने अर्थराजनीतिक कारणहरू रहेको हुनसक्ने सहभागीहरूले औंल्याएका छन्। सम्बन्धित विषयको कार्यप्रकृति र संविधान प्रदत्त तहगत अधिकार बमोजिम तीनै तहका कानून, संस्थागत संरचना, जनशक्ति व्यवस्थापन, बजेट र कार्यशैलीमा सुधार गर्नुपर्ने देखिन्छ।

राष्ट्रिय समन्वय परिषद्को निर्णय साथै तत्सम्बन्धि कार्यदलले तय गरेको कार्यढाँचा बमोजिम सम्बन्धित दस्तावेजको अध्ययन, विज्ञहरूसँगको छलफल र सरोकारवालाहरूसँगको परामर्शबाट कार्यविस्तृतीकरणमा परिमार्जन तथा थपघट गर्नुपर्ने विषयहरू छनोट गरिएको थियो। समग्र नीतिगत, कानूनी, संस्थागत संरचना र अभ्यासको अवस्था विश्लेषण गरी प्राप्त परिदृष्यलाई ध्यानमा राखी साविकको कार्यविस्तृतीकरणमा परिमार्जन हुनुपर्ने साथै परिमार्जन गर्नुपर्नाको कारण र सम्बन्धित नीति तथा कानूनी सन्दर्भ सहित सुझावहरू खण्ड (ग) मा प्रस्तुत गरिएको छ।

## अध्ययनको सीमा (Limitations)

सम्बन्धित विषयको वृहद् तथा गहन अध्ययन, मामिलाहरूको विश्लेषण साथै संघीयताको अभ्यास गर्दा क्रमिकरूपमा सुधार हुँदै जाने सवालहरूको पहिचान गर्न थप समय र स्रोतसाधनको आवश्यक हुन्छ। सम्बन्धित सवालहरूमा संघ तथा प्रदेशको धारणा तथा अर्थराजनीतिक सवालहरूको विश्लेषण गर्न सकिएको छैन। तसर्थ, यस अध्ययनमा यसमा अभ्यासबाट क्रमिकरूपमा सुधार हुँदै जाने विषयहरूको पुरा पहिचान गर्न सकिएको छैन। त्यसैगरी कार्यान्वयनमा कुनै वाधा अवरोध नभएको तथा स्थानीय तहको क्षमता अभावका कारण अधिकारको सदुपयोग गर्न नसकेका विषयहरू समेत छुटेका हुन सक्छन्।



### (ग) स्थानीय बजार, वन, वातावरण, जैविक विविधता, खानी तथा खनिज र विपद् व्यवस्थापन क्षेत्रको कार्यविस्तृतीकरण विश्लेषण तालिका

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि | सम्बन्धित क्लष्टर |
|---|---|---|---|---|
| **संविधानको अनुसूची ८ बमोजिमको स्थानीय तहको एकल अधिकारको विस्तृतिकरण** | | | | |
| **१ स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता** | | | | |
| **१०.१** | **स्थानीय बजार व्यवस्थापन** | | | |
| १०.१.१ | स्थानीय व्यापार/वाणिज्य, माग/आपूर्ति, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवम् हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन | उत्पादनमा स्थानीय तह र प्रदेशका कार्य स्पष्ट भै संघीय विषयगत मन्त्रालयले आ-आफ्नो कार्यक्षेत्र भित्र समग्र कार्ययोजनामा समन्वय, सहजीकरणको कार्ययो जना बनाई कार्यान्वयन गर्नुपर्ने देखिएको। | नोटः- स्थानीय सरकारले कानून बनाउन पर्ने तर विज्ञता र राष्ट्रिय न्यूनतम मापदण्ड र सूचकहरूको अभावमा सो हुन नसकेको अवस्था।<br>उपभोक्ता संरक्षण ऐन, २०७५ मा तहगत जिम्मेवारीको स्पष्टता र विकेन्द्रीकृत व्यवस्था सहितको परिमार्जन हुनुपर्ने। | सबै |
| १०.१.२ | स्थानीय बजार तथा हाटबजार व्याण्वस्थापन | | | |
| १०.१.३ | स्थानीय वस्तुहरूको उत्पादन आपूर्ति तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन | | | |
| १०.१.४ | स्थानीय व्यापार/वाणिज्य सम्वन्धी पूर्वाधार | | | |
| १०.१.५ | स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन | परिमार्जन गर्न नपर्ने तर कार्यान्वयन गर्न संघ र प्रदेशका निकायले सहयोग गर्नुपर्ने।<br>संघ र प्रदेशको जिम्मेवारीमा बस्तु तथा सेवाको प्रकृति अनुसार वर्गीकरण गरी सूचक सहितका न्यूनतम मापदण्ड निर्धारण र जनशक्ति लगायतका संस्थागत सहयोग हुनुपर्ने। | गुणस्तर निर्धारण र अनुगमन गर्न संघीय वा प्रदेशका निकायले स्थानीय सरकारलाई असहयोग गरेको अवस्था।<br>स्थानीय सरकारमा दर्ता भएका फर्मलाई कर कार्यालयले प्यान, भ्याट नं. नदिई संघीय निकायमा दर्ता गर्न वाध्य बनाएको - लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश। | नेपालगञ्ज |
| १०.१.६ | स्थानीयस्तरका व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन | परिमार्जन गर्न नपर्ने तर कार्यान्वयन गर्न संघ र प्रदेशले सहयोग गर्नुपर्ने। | | |
| १०.१.७ | स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान | तहगत तथ्याङ्क एकीकृत गरी संघीय विषयगत मन्त्रालयले अद्यावधिक गर्नुपर्ने। | | |
| १०.१.८ | निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य | स्थानीय वजार व्यवस्थापन तथा स्थानीय उपज, बस्तु तथा सेवाको प्रवर्द्धन गर्न अन्य स्थानीय सरकार, प्रदेश र संघीय निकायसँग समन्वय र सहकार्य।<br>संघीय विषयगत मन्त्रालयले कार्यविधि बनाउनुपर्ने। | बजार श्रृङ्खलामा अन्य स्थानीय सरकार तथा धेरै सरोकारवाला तथा भिन्नभिन्न भूमिका हुने भएकोले। | सबै |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि | सम्बन्धित क्लष्टर |
|---|---|---|---|---|
| **संविधानको अनुसूची ८ बमोजिमको स्थानीय तहको एकल अधिकारको विस्तृतिकरण** | | | | |
| १०.१.९ | स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन | निजी क्षेत्र मैत्री लगानी नीति, कानून, योजना, कार्यान( वयन, व्यापार प्रवर्द्धन तथा सहजीकरण र नियमन । | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ बमोजिम कार्यान( वयन हुन उपयुक्त भएकोले । | नेपालगञ्ज, बर्दिबास |
| १०.१.१० | स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन | | | |
| १०.१.११ | उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु एवं सेवाको गुणस्तर परीक्षण | स्थानीय तहले सेवा व्यवस्थापनमा नागरिक सामुदायिक संलग्नता बढाउँदै लानुपर्ने । | | |
| थप | | स्थानीय उत्पादन तथा उपज एवं सेवाको ब्राण्डिङ, गुणस्तर निर्धारण, प्रमाणीकरण र प्रवर्द्धन सम्बन्धी नीति, कानून, योजना र कार्यान्वयन । | स्थानीय उपजको प्रवर्द्धन गरी रोजगारी र अर्थतन्त्रको विकास गर्नुपर्ने देखिएकोले । | सबै |
| **१०.२** | **वातावरण संरक्षण र जैविक विविधता** | | | |
| १०.२.१ | स्थानीय वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | (संघ र प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको साथै संघीय तथा प्रदेशका निकायहरूले व्यवहारमा यो व्य( वस्था लागु हुन नदिएका ।) | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वनको व्यवस्थ( ापन गर्नु वाञ्छनीय हुने ।<br><br>संविधान साथै संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को व्यवस्था बमोजिम संघ र प्रदेशका सम्बी( न्धत विषयका ऐनमा संशोधन हुन आवश्यक देखिएको । | सबै |
| १०.२.२ | स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण | स्थानीय तहको अधिकार क्षेत्र भित्रका योजना, आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन र जोखिम न्यूनीकरण सम्बन्धी नीति, कानून, योजना, कार्यान्वयन र अनुगमन । | संघले विभिन्न प्रकारका र विभिन्न कारणले हुने प्रदुषण रोकथाम गर्न राष्ट्रिय मापदण्ड तयार गर्नुपर्ने देखिन्छ । (राष्ट्रिय वातावरण नीति २०७६ (बुँदा १)। | सबै |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि | सम्बन्धित क्लष्टर |
|---|---|---|---|---|
| **संविधानको अनुसूची ८ बमोजिमको स्थानीय तहको एकल अधिकारको विस्तृतिकरण** | | | | |
| थप | | ढुङ्गा, बालुवा वा माटो खानी वा खनिज पदार्थको उत्खनन, प्रशोधन, भण्डारण, ओसारपसार तथा उद्योग कलकारखाना साथै अन्य कारणबाट हुनसक्नेवातावरणीय जोखिम न्यूनीकरण सम्बन्धी नीति, कानून, व्यवस्थापन र नियमन । | आयोजनाहरूको वातावरणीय प्रभाव न्यूनीकरणमा जवाफदेहीताको अभाव भएकोले । | सबै |
| १०.ξ.३ | स्थानीय स्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन | सबै प्रकारका जल, स्थल तथा वायु प्रदुषण सम्बन्धी स्थानीय नीति, कानून, योजना, कार्यान्वयन र नियमन । | संघले विभिन्न प्रकारका र विभिन्न कारणले हुने प्रदुषण रोकथाम गर्न राष्ट्रिय मापदण्ड तयार गर्नुपर्ने देखिन्छ । (राष्ट्रिय वातावरण नीति २०७६ (बुँदा १)। | सबै |
| थप | | सबै प्रकारका रासायनिक, जैविक, ध्वनि, रेडिएसन तथा जनधन, जनस्वास्थ्य, प्राकृतिक स्रोत, खानी तथा खनिजलाई हानिनोक्सानी गर्नसक्ने पदार्थ तथा क्रियाकलापको न्यूनीकरण, नियमन तथा सहजीकरण । | प्रदुषण नियन्त्रणमा तहगत कार्यविभाजन स्पष्ट गर्नुपर्ने देखिएकोले ।<br>सम्बन्धित संघीय तथा प्रदेश ऐनमा प्रदुषणको प्रकृति अनुसार तहगत कार्यबोझ स्पष्ट गरी परिमार्जन हुन आवश्यक देखिएको । | सबै |
| १०.२.४ | स्थानीय स्तरमा सरसफाई र फोहर व्यवस्थापन | फोहोर व्यवस्थापनका लागि जग्गा प्राप्ति, वातावरण प्रभाव मूल्याङ्कन, योजना, कार्यान्वयन, मुआब्जा । | स्थान अभाव लगायतका समस्या र चुनौती रहेको । | सबै |
| १०.२.५ | स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन | उन्नत चुल्हो प्रवर्द्धन, चुल्होको मापदण्ड निर्धारण र नियमन । | राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ बुँदा १० को व्यवस्था बमोजिम कार्यविभाजन स्पष्ट गर्नुपर्ने भएकोले । संघीय वातावरण ऐनको कार्यान्वयनमा गतिरोध अन्त गर्नुपर्ने देखिएकोले । | सबै |
| थप | | उद्योगमा नवीकरणीय एवं स्वच्छ उर्जाको प्रवर्द्धन गरी जीवाष्म इन्धन विस्थापन गर्न नीति, कानून, योजना, कार्यन्वयन तथा अनुगमन । | | |
| १०.२.६ | स्थानीय स्तरमा हरित क्षेत्र प्रवर्द्धन | स्थानीय स्तरमा हरित क्षेत्र प्रवर्द्धन सम्बन्धी नीति, कानून, योजना, कार्यान्वयन तथा नियमन | प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था हुन आवश्यक भएको | नेपालगञ्ज<br>बर्दिबास |



| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि | सम्बन्धित क्लष्टर |
|---|---|---|---|---|
| **संविधानको अनुसूची ८ बमोजिमको स्थानीय तहको एकल अधिकारको विस्तृतिकरण** | | | | |
| १०.२.७ | स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन | वन, जलस्रोत, नदीनाला, साँस्कृतिक तथा पुरातात्त्विक महत्त्वका क्षेत्र, बस्तु र प्रचलन, रैथाने प्रजाति, भूबनोट, उद्यान लगायतका संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन सम्बन्धी नीति, कानून, योजना, कार्यान्वयन तथा नियमन । | वातावरण संरक्षण क्षेत्रको बारेमा स्पष्टता हुन आवश्यक देखिएकोले ।<br>राष्ट्रिय वातावरण नीति २०७६ (बुँदा १०) । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार स्थानीय तहले गर्नु वाञ्छनीय हुने भएकोले सो अनुरूप स्थानीय तहको अधिकार क्षेत्र स्पष्ट हुन आवश्यक देखिएको । | सबै |
| **२० विपद व्यवस्थापन** | | | | |
| २०.१ | विपद् व्यवस्थापन सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | | | |
| २०.२ | स्थानीय स्तर विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना | यस बुँदालाई हटाउने | नं. २०.३ मा रहेको व्यवस्थाले समेट्छ । | |
| २०.३ | स्थानीय स्तरमा विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय | स्थानीय स्तरमा विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरणका लागि योजना, कार्यान्वयन र समन्वय | सबै कार्यहरू सकभर योजनावद्ध हुन उपयुक्त भएकोले । | सबै |
| २०.४ | विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण | विपद् जोखिम क्षेत्रको नक्सांकन, जोखिममा रहेका बस्तीहरूको पहिचान, जोखिम स्तरीकरण, जोखिममा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण साथै यी कार्य गर्न संघ, प्रदेशसँग समन्वय र सहकार्य । | विद्यमान क्षमतामा स्थानीय सरकारले विभिन्न प्रकोपको विपद् जोखिम नक्साङ्कन र सुरक्षित स्थानमा स्थानान्तरण एक्लै गर्न संभव नहुने र संघको विषयगत निकायले सहयोग गर्नुपर्न देखिएकोले । | सबै |
| २०.५ | विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य | विपद जोखिम न्यूनीकरण र व्यवस्थापनमा संघ, प्रदेश, अन्य स्थानीय सरकार, स्थानीय समुदाय, संघसंस्था तथा निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य । | स्थानीय सरकार बिचको सहकार्य धेरै प्रभावकारी देखिन्छ जसलाई संस्थागत गर्न उपयुक्त हुने देखिएकोले । विपद् व्यवस्थापनमा निजी क्षेत्रले स्थानीय तहसँग काम गर्नु उपयुक्त हुने । | बर्दिबास<br>नेपालगञ्ज |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि | सम्बन्धित क्लष्टर |
| --- | --- | --- | --- | --- |
| **संविधानको अनुसूची ८ बमोजिमको स्थानीय तहको एकल अधिकारको विस्तृतिकरण** | | | | |
| २०.६ | विपद् कोष स्थापना तथा संचालन र स्रोत साधनको परिचालन | विपद् कोष सञ्चालन तथा परिचालन सम्बन्धी कानून, स्रोत साधनको व्यवस्था, परिचालन साथै सो को लागि प्रदेश, संघ तथा अन्य स्थानीय सरकारसँग समन्वय र सहकार्य । | विपद् व्यवस्थापनमा राहत सहयोग न्यूनतम राष्ट्रिय मापदण्ड बमोजिम स्थानीय सरकार मार्फत् एकद्वार परिपाटिमा परिचालन र वितरण गर्न वाञ्छनीय र आवश्यक भएकोले । | सबै |
| २०.७ | विपद् जोखिम न्यूनीकरणका स्थानीयस्तर आयोजना तर्जुमा, कार्यान्वयन र नियमन | | | |
| थप | | विपद् पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण साथै पुनस्थापना र पुनर्निर्माणमा संघसस्था, स्वयंसेवक तथा जनपरिचालन । | संविधानको व्यवस्था साथै संघ, प्रदेश र स्था(नीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था र विपद् व्यवस्थापनको अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार स्थानीय तहले गर्नु वाञ्छनीय हुने भएकोले । | सबै |
| थप | | स्थानीय स्तरमा विपद् जोखिम तथा जलवायु परिवर्तनका प्रभाव मूल्याङ्कन । | संघीय वतावरण संरक्षण ऐन, २०७६ । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम न्यायोचित कार्यभार वितरण गर्नु उपयुक्त देखिएकोले । | सबै |
| २०.८ | विपद् पश्चात स्थानीयस्तरको पुनस्थापना र पुनर्निर्माण | विपद्बाट विस्थापित व्यक्ति वा परिवारका लागि आपत्कालीन आश्रयको व्यवस्था । | स्थानीयस्तर भनेको के कति हो भन्ने स्पष्ट नभएर सबै काममा संघीय निकायको अप्रभावकारी संलग्नता देखिएको । | सबै |
| २०.९ | स्थानीयस्तरको विपद सम्बन्धी तथ्याङ्क व्य(वस्थापन र अध्ययन अनुसन्धान | विपद् सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान साथै तालिम, नमुना अभ्यास । | संघको डाटावेसमा सहज पहुँच र स्थान(ीय सरकार-मैत्री डाटावेस हुन आवश्यक देखिएको । | सबै |
| २०.१० | स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली | | | |



| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि | सम्बन्धित क्लष्टर |
| --- | --- | --- | --- | --- |
| **संविधानको अनुसूची ८ बमोजिमको स्थानीय तहको एकल अधिकारको विस्तृतिकरण** | | | | |
| **२१ जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण** | | | | |
| **२१.१** | **जलाधार तथा वन्यजन्तु** | | | |
| २१.१.१ | जलाधार तथा वन्यजन्तु सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | | संघीय तथा प्रदेश कानूनहरू संविधानको मर्म अनुरूप हुनुपर्ने साथै एकआपसमा तालमेल हुनुपर्ने देखिएको छ । | सबै |
| २१.१.२ | प्राकृतिक प्रकोप रोकथाम र पूर्व तयारी | प्राकृतिक प्रकोप रोकथाम, प्रतिकार्य र पुनस्थापना, पुनर्निर्माण गर्न मापदण्ड बमोजिमको न्यूनतम क्षमता विकास । | प्रकोपको प्रकृति र मात्रा अनुसार संघ, प्रदेश र स्थानीय तहबिच कार्यविभाजन हुन आवश्यक देखिएको । | सबै |
| | | वन डढेलो नियन्त्रण सम्बन्धी नीति, योजना, कार्यान्(वयन र अनुगमन | | |
| २१.१.३ | सामुदायिक भूसंरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रम | | यो कार्यान्वयन गर्न प्रदेश र संघका वन ऐन कानूनका प्रावधान वाधक भएकोले सुधार हुन आवश्यक देखिएको । | बर्दिबास नेपालगञ्ज |
| २१.१.४ | पानी मुहान संरक्षण | पानी मुहान संरक्षण सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | संरक्षणका लागि आवश्यक सबै अधिकार हुन अपरिहार्य भएकोले । | सबै |
| थप | | राष्ट्रिय मापदण्ड बमोजिम सिमसार संरक्षण, संवर्द्धन, सदुपयोग सम्बन्धी नीति तथा कानून र पर्यापर्यटन तथा आयआर्जन सम्बन्धी योजना, कार्यान्वयन तथा अनुगमन । | | |
| २१.१.५ | भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन | | | |
| **२१.२** | **खानी तथा खनिज पदार्थको संरक्षण** | | | |
| २१.२.१ | खानी तथा खनिज पदार्थको संरक्षण सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन | राष्ट्रिय मापदण्ड बमोजिम खानी तथा खनिज पदार्थको संरक्षण र उपयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन । | खानी तथा खनिजको प्रकृति बमोजिम वर्गीकरण, गुणस्तर निर्धारण, न्यूनतम मापदण्ड तयार गरी संघ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्र र उपयोगको सिमाङ्कन हुन आवश्यक देखिएको । | सबै |

| साविक कार्यविस्तृतीकरणमा उल्लेख भएको व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नुपर्नाको पृष्ठभुमि | सम्बन्धित क्लष्टर |
|---|---|---|---|---|
| **संविधानको अनुसूची ८ बमोजिमको स्थानीय तहको एकल अधिकारको विस्तृतिकरण** | | | | |
| २१.२.२ | ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तु सम्वन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन | ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तु सम्वन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन, भण्डारण, प्रशोधन, निकासी र नियमन । | प्रशोधन र निकासी साथै नियमन थप गर्नुपर्ने देखिएको । | सबै |
| २१.२.३ | ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायरक्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्वन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन | | | |
| २१.२.४ | स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यवस्थापन | | तथ्याङ्क सम्बन्धी आर्थिक विकास अन्तर्गतको तथ्याङ्क सम्बन्धी अधिकारसँग एकीकृत हुनुपर्ने ।<br><br>खानी तथा खनिजबाट हुने आयको बाँडफाँट -वित्त र आर्थिक क्षेत्रमा । | सबै |



## संविधानको अनुसूची (९) मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण

| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| ७ वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जल उपयोग, वातावरण पर्यावरण तथा जैविक विविधता (अनुसूची ८ को १० समेत) | | | | |
| ७.१ | वन, जंगल, वन्यजन्तु र चराचुरूंगी | | | |
| ७.१.१ | स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन एवं वन उपभोक्ता समूहको व्यवस्थापन | सामुदायिक, ग्रामिण तथा सहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन एवं वन उपभोक्ता समूहको व्यवस्थापन | संविधानको मर्म, निकटताको सिद्धन्त, राष्ट्रिय वन नीति र सामुदायिक वन, निजी, धार्मिक, कबुलियती तथा शहरी वनको नीति, कानून, योजना, नियमन, संस्थागत संरचना र आर्थिक तथा वित्तीय व्यवस्थापनको जिम्मेवारी सम्बन्धित प्रदेशले स्थानीय तहलाई हस्तान्तरण गर्ने गरी प्रदेश कानूनमा संशोधन हुन आवश्यक देखिएको । | संविधानको अनुसूची ९ को (६), (७), (१४) । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ (१) (ग), ४ (२) (घ) र दफा ५ को व्यवस्था । यी दस्तावेजको व्यवस्था र मर्म बमोजिम राष्ट्रिय वन नीति परिमार्जन गरी वन, वातावरण तथा जैविक विविधताको संरक्षण र सुदुपयोगमा तीन तहको भूमिका स्पष्ट हुनुपने ़ .मौजुदा राष्ट्रिय वन नीतिको बुँदा ८.१ को नीति नं. १ र २, बुँदा ८.८ को १, बुँदा १० को १, बुँदा ११ को १ र ६, बुँदा १३ को २ मा व्यवस्था भए बमोजिम संघ र प्रदेशको ऐन कानून र स्थानीय तहको कानूनमा सामञ्जस्यता कायम हुने गरी परिमार्जन हुनुपर्नो<br><br>● प्रदेशको एकल अधिकार (अनुसूची ६) को १९.१ प्रदेश भित्रको रा. वन र स्थानीयको एकल (अनुसूची ८) को १० र २१ मा अधिकार खपिटएकोमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ (१) (ग), ४ (२) (घ) र दफा ५ को व्यवस्था बमोजिम प्रदेश ऐनमा परिमार्जन हुनुपर्ने ।<br>● संघीय वन ऐनमा तहगत जिम्मेवारीको स्पष्ट सिमाङ्कन नभएको । |

| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| | | | | • राष्ट्रिय वन नीति २०७५ को बुँदा १३ बमोजिम "वन क्षेत्रका स्थानीय कार्यालयहरूले स्थानीय सरकार मार्फत प्रदेश सरकारको सम्बन्धित मन्त्र(ालय समक्ष प्रतिवेदन पेश गर्नुपर्नेमा नगरिएको अवस्था ।<br>• प्रदेश ऐनमा स्थानीय सरकारलाई वन उपभोक्ता समूह वा संघसंस्था सरहको हैसियतमा व्यवहार गरिएको । (प्रदेश वन ऐन (कर्णाली दफा १६, १७, १८, ३९। कोशीको दफा ५५, अन्य प्रदेशमा समेत)<br>•<br>• प्रदेश वन ऐनमा स्थानीय सरकारलाई भूमिका नदिइएको (कर्णाली दफा १९, २१, २७, ३४, ४१ । कोशीको दफा ५९, ६०, ६१। कोशीको दफा ४८ मा सहरी वनको वनपैदावार स्थानीय सरकारले उपयोग गर्न सक्ने व्यवस्था - राम्रो, यसैगरी दरिया बुर्दी काठ पनि स्थानीय सरकारलाई दिए उपयुक्त हुने । अन्य प्रदेशमा पनि सोही बमोजिम हुनुपर्ने) |
| | | | | |



| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| थप | | बस्तिसँग जोडिएका राष्ट्रिय वनका टुक्रा वन क्षेत्रको (.... हेक्टरसम्म क्षेत्रफलको) नीति, कानून, योजना, नियमन, संस्थागत संरचना र आर्थिक तथा वित्तीय व्यवस्थापन । | राष्ट्रिय वन क्षेत्रमा विभिन्न प्रकारका वन व्यवस्थापनमा प्रदेश र स्थानीय तहको कार्यक्षेत्रको सिमाङ्कन हुन जरुरी देखिएको ।<br><br>संघीय वन ऐनले सहरी वनको विकास र व्यवस्थापन गर्न अधिकार दिए बमोजिम सम्बन्धित प्रदेश ऐनमा संशोधन र स्थानीय ऐनको निर्माण हुनुपर्ने देखिएको । (संघीय वन ऐन दफा ३८) ।<br><br>बस्ति वा निजी जग्गा बिचमा रहेको निश्चित क्षेत्रफलसम्मको वनको व्यवस्थापन स्थानीय सरकारलाई पुरै जिम्मा दिन उपयुक्त देखिएको ।<br><br>ठुला र चक्ला वनको व्यवस्थापन मात्र प्रदेश सरकारले व्यवस्थापन गर्न उचित हुने ।<br><br>राजस्वमा राष्ट्रिय नीति अनुसार बाँडफाँड गर्नुपर्ने देखिएकोले। | |
| ७.१.२ | मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन | मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन सम्बन्धी नीति, कानून, योजना, कार्यान्वयन, समन्वय, नियमन र आर्थिक तथा वित्तीय व्यवस्थापन। | राष्ट्रिय वन, मध्यवर्ति क्षेत्रमा संघ, प्रदेश र स्थानीय सरकारको बिचमा कार्यक्षेत्रको सिमाङ्कन हुन जरुरी देखिएकोले। | ७.१.१ को सन्दर्भ ऐ. ऐ. ।<br><br>वागमती प्रदेशको ऐनमा सामुदायिक वन समूह दर्ता गर्न गापा वा नपाको सिफारिस चाहिने व्यवस्था मात्र (दफा ४३), अन्यत्र स्थानीय सरकारको भूमिका नदेखिएको । |

| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| ७.१.३ | स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनार वृक्षारोपण व्यवस्थापन | ग्रामीण बस्ती तथा सहरी क्षेत्र, खानेपानी मुहान, कुवा, सार्वजनिक पोखरीको किनार, सिंचाई कुलोको जलाधारको सार्वजनिक जाग्गा, नदी किनार, नदी उकास, नहरको किनारामा रहेको सार्वजनिक जग्गामा वन वा उद्यान संरक्षण, नियमन, सदुपयोग तथा व्यवस्थापन । | स्रोतको उपयोगमा समस्या देखिएका । हुर्काएका रुख कसले उपयोग गर्ने। के कसरी गर्ने भन्नेमा दोहोरो तेहेरो दावी रहेका । | ७.१.१ को सन्दर्भ ऐ. ऐ. ।<br><br>सार्वजनिक सडक ऐन २०३१ (२०७५) दफा १६। लुम्बिनी सडक ऐन २०७७ दफा ९ (सडक आयोजनाको र स्थानीय सरकारको जिम्मेवारी/अधिकार रहेको) । दोहोरो/तेहेरोपना हटाई स्थानीय सरकारलाई दिनु उपयुक्त हुने |
| थप | | राष्ट्रिय, प्रदेश वा स्थानीय सडक तथा गोरेटो, घोडेटोको किनारामा रहेका सार्वजनिक जग्गामा रहेका रुखको व्यवस्थापन । | | |



| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| ७.१.४ | स्थानीयस्तरमा निजी तथा व्यवसायिक वनको प्रवर्द्धन तथा नियमन | स्थानीय तहको सरहद भित्र निजी प्रयोग तथा व्यवसायिक प्रयोजनका लागि निजी वनको प्रवर्द्धन र उपयोग सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, इजाजत, योजना, कार्यान्वयन र नियमन । | निजी जग्गाको दर्ता तथा अन्य व्यवस्था स्थानीय तहबाट हुने भएकोले निजी वन सम्बन्धी व्यवस्थापन स्थानीय तहबाट हुनुपर्ने देखिएको ।<br><br>संविधानको अनुसूची ९ र राष्ट्रिय वन नीति बमोजिम वन व्यवस्थापनको जिम्मेवारी र लाभको बाँडफाँट समन्यायिक वितरण हुन आवश्यक देखिएको ।<br><br>७.१.१ को सन्दर्भ समेत विचारणीय भएको ।<br><br>कोशी प्रदेशको वन ऐनमा स्थानीय सरकाले गर्ने व्यवस्था छ - राम्रो । | प्रदेशको एकल अधिकार (अनुसूची ६) को १९ प्रदेश भित्रको रा. वन र स्थानीयको एकल (अनुसूची ८) को १० र २१ खष्टिएको मा विद्यमान प्रदेश कानूनको व्यवस्था संविधानको अनुसूची ९ राष्ट्रिय वन नीति बमोजिम नरहेको। संघीय वन ऐनमा जिम्मेवारीको स्पष्ट सिमाङ्कन नभएको। |
| थप | | सुकेका, ढलेका, सडेगलेको कारण वा आगलागी भएर हरितगृह ग्यास उत्सर्जन हुने जोखिममा रहेका वन पैदावारको संरक्षण र दिगो सदुपयोग । | वनको व्यवस्थापन हुन नसकेर काठ कुहिएर, आगलागी भएर घरगोठ जल्ने तथा कार्बन उत्सर्जन हुने घटना बढेकोले ।<br><br>वनको संरक्षण, संवर्द्धन र सदुपयोगमा संघ, प्रदेश र स्थानीय तहबीच समन्यायिक कर्तव्य र अधिकार हुन उपयुक्त भएकोले । | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वनको व्यवस्थापन गर्नु वाञ्छनीय हुने भएको ले । |
| ७.१.५ | स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा र नाङ्गा पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार र उपयोग तथा व्यवस्थापन | कतिपय सवालमा संघीय ऐन बमोजिम प्रदेश ऐनमा व्यवस्था हुनुपर्ने । | वृक्षारोपण गर्न मिल्ने, उपयोग गर्न नमिल्ने अवस्था रहेको ।<br><br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वनको व्यवस्थापन गर्नु वाञ्छनीय हुने । | संघीय ऐनको दफा ३६, ३७, र ३८ को व्यवस्था र मर्म बमोजिम प्रदेशमा कानूनी र संस्थागत सुधार हुनुपर्ने। स्थानीय तहको स्वामित्त्वमा रहेको जग्गा हुनुपर्ने (वागमती प्रदेश ऐन दफा ६२), जुन संभव छैन । |

| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| ७.१.६ | स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्वन्धी, सर्भेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन | राष्ट्रिय न्यूनतम मापदण्ड बमोजिम जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्वन्धी सर्भेक्षण, संरक्षण, संवर्द्धन, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन, बजार व्यवस्थापन र नियमन। | प्राविधिक विधि र मापदण्डहरूको अभावमा स्थानीय तहले अग्रसरता लिन कठिन भएको ।<br><br>कामको प्रकृति अनुसार कार्यसिमा निर्धारण हुन जरुरी देखिएको ।<br><br>संघ र प्रदेश कानूनमा स्थानीय तहको अधिकार र कार्य क्षेत्र कुण्ठित हुन नहुने, संघसंस्था सरहको हैसियतमा झार्न नहुने । जस्तैः- प्रदेश सरकारले संघसंस्था,...., स्थानीय तहसँग समेत सहकार्य गरी .... जडीबुटी खेति ... गर्न सक्ने (मधेश प्रदेश वन ऐन दफा २६) | राष्ट्रिय नीति बुँदा ११ को ६ मा भएको व्यवस्था ॥। संघ तथा प्रदेशसँग समन्वय गरी आफ्नो सीमाभित्रका समुदायमा आधारित वन, नीजि वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु सञ्चालन तथा व्यवस्थापन...।<br><br>वनस्पति ऐन २०७९ (विधेयक)।<br><br>प्रदेशले जडीबुटी सम्बन्धी व्यवस्थापमा स्थानीय सरकारसँग सहकार्य गर्नुपर्नेमा सो व्यवस्था नभएको (कर्णाली प्रदेश ऐन परिच्छेद - ९)। |
| | | | "शुल्क लिने काम मात्र" भएको । वन कार्यालय, स्थानीय तह ... ठाउँठाउँमा शुल्क तिर्न परेको । | |
| थप | | जडीबुटी खेती, संरक्षण, दिगो सङ्कलन, प्रशोधन र सदुपयोग सम्बन्धी स्थानीय अनुसन्धान, अन्वेषण, सिप तथा प्रविधि विकास र शिक्षा । | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम | |
| ७.१.७ | वनबीउ बगैंचा (Breeding Seed Orchards – BSOs) स्थापना, व्यवस्थापन र प्रवर्द्धन | | धेरै स्थानीय सरकारमा प्राविधिक क्षमता र कार्यविधिको अभाव रहेको । | |
| ७.१.८ | नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन | | सामुदायिक, कबुलियती र अन्य वन उपभोक्ता समूहसँगको संस्थागत सम्बन्ध स्पष्ट र मजबुत नभएकोले यी काममा सामञ्जस्यता ल्याउन समस्या भएको । | वनस्पति ऐन २०७९ (विधेयक)। |
| ७.१.९ | वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन | संघले मापदण्ड बनाएर प्रदेशले सहजीकरण गर्नुपर्ने | संरक्षण, पालन, व्यापार र खपतमा स्थानीय तहको अधिकार स्पष्ट गर्न आवश्यक भएकोले । | प्रदेश वन ऐन । |
| ७.१.१० | मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन | खेतिपाति, घरपालुवा पशुपक्षी, जनधनको क्षति गर्ने वन्यजन्तु नियन्त्रण गर्ने, आवश्यक परे मार्ने, बजारीकरण र सदुपयोग गर्ने साथै वन्यजन्तुबाट भएको जनधन क्षतिको क्षतिपूर्तिको व्यवस्थापन । | बाँदर, बँदेल, दुम्सी, निलगाई, चितुवा, ब्वाँसो लगायतका जनावरहरूबाट खेतिबालि, जनताको जिउधनको क्षति र जोखिम भएको ।<br><br>मध्यवर्ती क्षेत्र र सामुदायिक वन व्यवस्थापनमा स्थानीय तहको प्रभावकारी भूमिका नहुँदा द्वन्द व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्न कठिनाइ भएको ।<br><br>स्थानीय तहको भूमिका र कार्य क्षेत्र स्पष्ट हुनु पर्ने । | संघ र प्रदेश कानूनले स्पष्ट गर्नुपर्ने।<br>(वागमती प्रदेश ऐन दफा ७६)<br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ।<br><br>राष्ट्रिय वन नीतिको खण्ड ८ र १०। |
| ७.१.११ | स्थानीय प्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन | | सो सम्बन्धी राष्ट्रिय मापदण्ड आवश्यक भएको।<br>प्रदेश ऐनमा कुनै गैसस, निकाय, समुदाय र स्थानीय सरकारलाई एउटै भूमिका र कार्यस्तरमा राखिएकोले । | संघले मापदण्ड र प्रदेशले व्यवस्थापन कार्यविधि बनाउनुपर्ने।<br>मधेश प्रदेश वन ऐन दफा २८ । वागमती दफा ७७। |
| ७.१.१२ | स्थानीय वन्यजन्तु पर्यटन र आय आर्जन | बस्तिसँग जोडिएका राष्ट्रिय तथा निजी वन क्षेत्रमा वन्यजन्तु पर्यटन, सिमसार, तातोपानी तथा अन्य स्थानीय स्रोतमा आधारित आयआर्जन सम्बन्धी नीति, कानून, योजना, नियमन, संस्थागत संरचना र आर्थिक तथा वित्तीय व्यवस्थापन । | संघीय तथा प्रदेशको मापदण्ड अनुसार स्थानीय प्राकृतिको स्रोतमा आधारित पर्यापर्यटनको सञ्चालन र व्यवस्थापन<br><br>सामुदायिक वन, शहरी वन र धार्मिक वनमा हुने पर्यापर्यटनलाई उद्देश्य र कार्यप्रकृति बमोजिम विस्तृतीकरण गरी उपयुक्तताका आधारमा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले ।<br><br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वनको व्यवस्थापन गर्नु वाञ्छनीय हुने भएकोले। | संघीय ऐनको दफा ३४ मा समूहलाई अधिकार प्रदान गरिएको। र समूहले स्थानीय सरकार र अरुसँग साझेदारी गर्न सक्ने व्यवस्था। समन्यायिक व्यवस्था नभएको । प्रदेश सरकारले सहमति दिन सक्ने, अनुमति लिनुपर्ने । (मधेश प्रदेश वन ऐन दफा २७, वागमती प्रदेश दफा २३ ।) |

| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
| --- | --- | --- | --- | --- |
| ७.१.१३ | स्थानीयस्तरमा आखेटो पहार व्यवस्थापन | राष्ट्रिय मापदण्ड र आखेटो पहारको वर्गीकरण बमोजिम आखेटोपहारको व्यवस्थापन । | संघबाट आखेटोपहार व्यवस्थापनसम्बन्धी राष्ट्रिय मापदण्ड र कार्यविधि बन्नुपर्ने देखिएको ।<br>आखेटोपहार व्यवस्थापनमा स्थानीय तहको भूमिका स्पष्ट हुन आवश्यक भएको । | संघीय र प्रदेश वन ऐनमा स्थानीय तहले आखेटोपहार व्यवस्थापन गर्ने कल्पना नगरिएको । |
| ७.१.१४ | स्थानीयस्तरमा वन, वन्यजन्तु र चराचुरुङ्गीको अभिलेखाङ्कन तथा अध्ययन अनुसन्धान | | संघले मापदण्ड र प्रदेशबाट प्राविधिक तथा प्रशासनिक कार्यविधि तयार हुनुपर्ने देखिएको । स्थानीय तहको अधिकार र कार्यक्षेत्र स्पष्ट हुनुपर्ने । | ७.१.१ को सन्दर्भ । |
| थप | | स्थानीय स्तरमा संरक्षित जल(ाधारको पहिचान, घोषणा र व्यवस्थापन तथा नियमन साथै अन्य स्थानीय सरकार, प्रदेश तथा संघसँग समन्वय र साझेदारी । | संरक्षित जलाधारको मापदण्ड, व्यवस्थापन विधि तय गरी स्थानीय परिवेश बमोजिम जनताको जीविकासँग जोडिएका विषयलाई गरी एकीकृतरूपमा संरक्षण तथा सदुपयोग गर्नुपर्ने देखिएकोले ।<br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वनको व्यवस्थापन गर्नु वाञ्छनीय हुने भएकोले। | वागमती प्रदेश ऐन दफा ८१ मा प्रदेशले घोषणा गर्न र व्यवस्थापन गर्न गराउन सक्ने व्यवस्था छ।<br>अन्य प्रदेश ऐनमा पनि प्रदेशले जलाधारको वर्गीकरण गर्ने व्यवस्था ।<br>अन्य सवालहरूमा ७.१.१ को सन्दर्भ । |
| थप | | बस्तिसँग जोडिएका सामुदायिक, धार्मिक, कबुलियती वन र निजी जमिनमा रहेको सिमसार संरक्षण, संवर्द्धन, प्रवर्द्धन, सदुपयोग र नियमन | एकीकृतरूपमा स्थानीय समुदायको जीविकोपार्जन र पर्यावरण संरक्षण गर्न वाञ्छनीय भएकोले ।<br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार स्थानीय सरकारको सरहद भित्रका टुक्रा वन तथा सिमसार क्षेत्रको व्यवस्थापन स्थानीय सरकारले गर्नु वाञ्छनीय हुने भएकोले। | संघबाट मापदण्ड निर्धारण गरी स्थानीय तहमा सिमसार व्यवस्थापनको हक हस्तान्तरण हुनुपर्ने ।<br>प्रदेश वन ऐनलाई संविधान, वन नीति २०७५, समन्वय र अन्तरसम्बन्ध ऐन बमोजिम परिमार्जन गर्नुपर्ने (जस्तैः- कर्णाली वन ऐन दफा ४८)ण |
| **७.२** | **वातावरण पर्यावरण तथा जैविक विविधता** | | | |



| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
| --- | --- | --- | --- | --- |
| ७.२.१ | रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन | रैथाने प्रजातिको गणना, तथ याङ्क, अनुसन्धान, अध्ययन, संरक्षण, प्रवर्द्धन र दिगो व्य(वस्थापन । | पहिचान, अनुसन्धान, अध्ययन बिना संरक्षण र प्रवर्द्धन अधुरो अपुरो हुने देखिएको ।<br>खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ (दफा ११, १३) प्रभावकारीरूपमा लागू हुन नसकेको। यो विषय अनुसूची ८ को १०.१ स्थानीय वजार व्यवस्थापनसँग समेत सम्बन्धित रहेको । | वनस्पति ऐन २०७९ (विधेयक)।<br>कृषि तथा पशुपक्षी सम्बन्धी संघ तथा प्रदेशका ऐन ।<br>जलचर संरक्षण ऐन, २०१७ (२०५५) र सम्बन्धित ऐन कानून ।<br>कृषि जैविक विविधता नीति २०६३ ।<br>विजयसाल संरक्षण कार्ययोजना (२०७५-२०७९)।<br>विभिन्न प्रजातिको जानकारी सम्बन्धी प्राविधिक गाइडलाइनहरू । |
| ७.२.२ | मिचाहा प्रजातिको नियन्त्रण | मिचाहा प्रजाति उन्मुलन, निषेध तथा नियन्त्रण सम्बन्धी नीति, कानून र नियमन ।<br>नियमन गर्न संघ तथा प्रदेशसँग साझेदारी र समन्वय।<br>अनुसन्धान तथा परीक्षण केन्द्र सञ्चालन । | गापा नपाको कृषि तथा अन्य सम्बन्धित विषयको ऐनमा मिचाहा प्रजाति नियन्त्रण सम्बन्धी व्यवस्था हुन आवश्यक देखिएको। वा मिचाहा प्रजाति उन्मुलन सम्बन्धी एकीकृत ऐन बनाउन आवश्यक रहेको।<br>संघ, प्रदेश र स्थानीय तहको कार्यविभाजन आवश्यक देखिएको | विरुवा क्वारेण्टाइन तथा संरक्षण ऐन २०६४(२०७९)।<br>विउविजन ऐन २०४५(२०७९)।<br>वनस्पति ऐन २०७९ (विधेयक)। गाउँपालिकाको कृषि ऐन (विभिन्न - जस्तैः- सन्दकपुर) |
| **७.२.३** | **स्थानीयस्तरको जोखिम न्यूनीकरण** | | | विपद्स्तर र उचित कार्यविभाजनको मापदण्ड नभ(एको । जस्तैः- प्रदेश वन ऐन (कर्णाली दफा ४९, ...... अन्यमा पनि उस्तै व्यवस्था छ) मा पहिरो नियन्त्रणमा स्थानीय तहको भूमिका नराखिएको । |
| थप | | स्थानीय जलवायु अनुकूल खेति प्रविधि, कृषि तथा पशुपक्षी प्रजाति, पालन प्रविधि, घाँस तथा दाना, सिँचाई प्रविधिको नीति, कानून, योजना, नियमन तथा वित्तीय लगायतको स्रोत व्यवस्थापन । | जोखिमको प्रकृति र मात्रा, प्रकोप अनुसार स्तर निर्धारण गरी संघ, प्रदेश र स्थानीय तह बिच कार्यविस्तृतीकरण हुन आवश्यक देखिएको । कृषि, पशुपक्षी तथा खाद्य सम्बन्धी संघीय कानूनमा परिमार्जन आवश्यक देखिएको ।<br>जीवनाशक विषादी ऐन, २०४८ (२०६६) मा परिमार्जन हुन आवश्यक देखिएको ।<br>स्थानीयस्तरको जोखिम भनेको के, कति हो भन्ने मापदण्ड संघबाट स्पष्ट हुनुपर्ने देखिएको । | |

| सानिक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| थप | | राष्ट्रिय मापदण्ड बमोजिम सबै प्रकारका योजना, आयोजनाको वातावरण मूल्याङ्कन प्रतिवेदनका सुझाव कार्यान्वयनको अनुगमन र नियमन । | वातावरणीय जोखिम न्यूनीकरणमा व्यवहारिकता र जवाफदेहीता अपरिहार्य भएकोले।<br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वातावरणीय जोखिम न्यूनीकरण गर्नु उपयुक्त हुने भएकोले । | राष्ट्रिय वातावरण नीति, २०७६ । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ । वातावरण संरक्षण ऐन, २०७६ । जलविद्युत वातावरणीय प्रभाव मूल्याङ्कन म्यानुवल । |
| ७.२.४ | जैविक विविधताको अभिलेखाङ्कन | जैविक विविधताको अध्ययन, अभिलेखाङ्कन, र अनुगमन सम्बन्धी नीति, कानून र नियमन।<br>जैविक विविधताको संरक्षण, संवर्द्धन र सदुपयोग तथा अभिलेखाङ्कनका लागि प्रदेश तथ संघीय निकायसँग समन्वय र साझेदारी। | राष्ट्रिय मापदण्ड, अभिलेखनको रूपरेखा, स्वरूप वा तालिका, कार्यविधि र प्राविधिक क्षमता विकास गर्न स्थानीय तहलाई संघ, प्रदेशबाट सहयोग आवश्यक रहेको ।<br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वनको व्यवस्थापन गर्नु वाञ्छनीय हुने भएकोले। | राष्ट्रिय वन नीति, संघीय वन ऐन, प्रदेश वन ऐन - सबै ।<br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ । |
| | थप | जैविक विविधता र संरक्षण सम्बन्धी शिक्षा । | | |



| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| ७.२.५ | स्थानीयस्तरमा हरियाली प्रवर्द्धन | ग्रामीण तथा सहरी वनको विकास, सार्वजनिक तथा निजी जग्गामा वन तथा वगैंचाको प्रवर्द्धन, तथा सडक, सिँचाइ कुलो, नहर किनारामा वन, उपवनको जगेर्ना र प्रयोग सम्बन्धी नीति, कानून, योजना र कार्यान्वयन । | सार्वजनिक सडकमा वृक्षारोपण र हरियाली प्रवर्द्धन गर्न प्राविधिक र अन्तर्निकाय समन्वयमा जटिलता रहेको ।<br>संघीय र प्रदेश ऐन कानूनमा तहगत जिम्मेवारीको उपयुक्त र स्पष्ट सिमाङ्कन हुने गरी व्यवस्था गर्नुपने देखिएको । | ७.१.१ र ७.२.२ को सन्दर्भ । विरुवा क्वारेण्टाइन तथा संरक्षण ऐन २०६४ (२०७९)।<br>संघ तथा प्रदेशको सार्वजनिक सडक ऐनमा गाउँ र शहरी क्षेत्रलाई समेत ध्यानमा राखी स्थानीय तहलाई अधिकार प्रत्यायोजन हुनुपर्ने । |
| ७.२.६ | किसानमा आधारित सिंचाई लगायत जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन | किसानमा आधारित सिंचाई लगायत जल उपयोग सम्बन्धी स्थानीय नीति, कानून, क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन । | | (पूर्वाधार अन्तर्गत समेत) |
| थप | | वातावरण संरक्षणका लागि सबै प्रकारका प्रदुषण नियन्त्रण सम्बन्धी स्थानीय नीति, कानून, योजना र कार्यान्वयन । | वातावरण संरक्षण गर्न प्रदुषण नियन्त्रण गर्नु अपरिहार्य भएकोले ।<br>प्रदुषण नियन्त्रणमा स्थानीय सरकारको सहभागीता वाञ्छनीय भएकोले । | वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय नीति, रणनीति, योजना र कानून । |
| **८ खानी तथा खनीज** | | | | |

| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| ८.१ | अनुसूची ८(२१) मा समावेश भएको | खनिजको प्रकृति, उत्खनन, प्रशोधन र सदुपयोगको कार्यबोझ, लगानी र अन्य वातावरणीय पक्षमा आधारित भई तहगत सिमाङ्कन हुनुपर्ने ।<br><br>समन्वय र विवाद समाधानको समयसीमा निर्धारण हुनुपर्ने | कुन तहले के कस्तो खानी तथा खनिज एकल हिसाबले वा साझेदारीमा सञ्चालन, व्यवस्थापन गर्ने यकिन हुन नसकेको।<br><br>खानी तथा खनिज पदार्थको समग्र पक्षमै राष्ट्रिय नीति, योजना र मापदण्ड र सोही बमोजिम तहगत कार्यबोझ एवं अधिकार सिमाङ्कन हुन जरुरी देखिएको । | उदाहरणको लागि मण्डन देउपुर नपाको ऐन, लुम्बिनी प्रदेशको विधेयक,<br><br>चाँगुनारायणको कार्यविधि (स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनाएको - ढुङ्गा, गिटि, बालुवा केन्द्रित) ।<br><br>सबै तहमा खानी तथा खनिज पदार्थ ऐन २०४२ (२०७२) का प्रावधान हुबहु राखी बनाइएका छन् ।<br><br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ।<br><br>स्थानीय तहकै पदाधिकारीका क्रसर उद्योगले बढी क्षति पुर्‍याएका उदारहण समेत भएकोले तहगत जवाफदेहीता र प्रदेश तथा संघको भूमिका समेत महत्वपूर्ण हुने ।<br><br>मापदण्डको पालनामा स्थानीय तहको जवाफदेहीता तोकिनुपर्ने ।ण |
| थप | | राष्ट्रिय मापदण्ड अनुसार स्थानीय स्तरमा खानी तथा खनिज पदार्थको खोज, अध्ययन, अनुसन्धान र तथ्याङ्क व्यवस्थापन । | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वनको व्यवस्थापन गर्नु वाञ्छनीय हुने भएकोले। | |
| थप | | खानी सञ्चालन सम्बन्धी स्थानीय मापदण्ड, ऐन, नियमन र संस्थागत प्रवन्ध । | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वनको व्यवस्थापन गर्नु वाञ्छनीय हुने भएकोले। | |



| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| थप | | खनिजको प्रकृति अनुसार राष्ट्रिय मापदण्ड बमोजिम उत्खनन, प्रशोधन र सदुपयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यान्वयन । | संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार वनको व्यवस्थापन गर्नु वाञ्छनीय हुने भएकोले। | |
| थप | | सबै प्रकारका खानी तथा खनिज पदार्थको उत्खनन, प्रशोधन, खनिज पदार्थको ओसारपसार, सदुपयोग सम्बन्धित कृयालापबाट स्थानीय वातावरण, जनजीवन तथा प्राकृतिक स्रोतमा पर्न सक्ने प्रतिकूल प्रभावको अनुगमन, प्रदुषण न्यूनीकरण गर्न नीति, कानून तथा नियमन । | अनियन्त्रित ढुङ्गा बालुवा खानिका कारण स्थानीय समुदायको खानेपानी, सिंचाइ कुलो, सडक, जग्गा, घरबास क्षति भएको तर ती विध्वंश रोक्न कुनै कानूनी अधिकार नभएको ।<br><br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ द्वारा प्रतिपादित व्यवस्था अनुसार खानि तथा खनिजको व्यवस्थापन गर्नु वाञ्छनीय हुने भएकोले। | |
| ९ विपद् व्यवस्थापन | | | | |

| सावीक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| नोट | ध्यान दिनुपर्ने सवालहरू<br>अनुसूची ८(२०) मा समावेश भएको<br>अनुसूची ७(१७) मा संघ र प्रदेशको साझा अधिकारको सूचीमा समावेश भएको<br>अनुसूची ९(९) तीनै तहको साझा अधिकारको सूचीमा समावेश भएको।<br>- सामाजिक सुरक्षासँग सम्बन्धित विषय (अनुसूची ७(३२))<br>- महाविपद् अवस्थामा संघीय सरकारको नेतृत्वदायी भूमिका हुने, अन्तर्राष्ट्रिय स्रोत र सहयोग परिचालनमा संघीय सरकारको निर्णायक भूमिका हुने | प्रकोपको प्रकृति, मात्रा र विपद् स्तरको वर्गीकरण गरी संघ, प्रदेश र स्थानीय तह बिच कार्य विभाजन हुन आवश्यक भएको।<br>स्थानीय तहको वर्गीकरण अनुसार हुनुपर्ने विपद् व्यवस्थापन क्षमताको मापदण्ड तय गरी कार्यविस्तृतीकरण गर्न आवश्यक देखिएको ।<br>विपद्को राहत स्थानीय तह मार्फत मात्र वितरण गरिनुपर्ने । | विपद् व्यवस्थापनमा दोहोरोपना, द्विविधा र अन्यौलता रहेको ।<br>संघीय विपद् व्यवस्थापन ऐनका कतिपय व्यवस्था संविधानको मर्म अनुरूप नरहेको।<br>संघीय तहमा र प्रदेशमा विषयगत मन्त्रालयहरू विचको समन्वय र सहकार्यमा भएको कमीका कारण स्थानीय तहमा अन्यौल भएको ।<br>प्रदेशको भूमिका स्पष्ट हुन नसकेको। खोज र उद्धारमा सुरक्षाकर्मी स्वतः परिचालन हुने व्यवस्था राम्रो छ ।<br>अन्य विषयगत मन्त्रालय सम्बन्धित सबै तहका ऐनमा विपद् जोखिम कम प्राथमिकतामा परेको । | उदाहरणको लागि संघीय विपद् व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, प्रदेश ऐन (सबै प्रदेशको) र गापा, नपा ऐन (धनगढी, पोखरा, सिम्ता, शिवालय, भोटेकोशी, नारायण - दैलेख, बुढीगङ्गा ।) संघीय गृह मन्त्रालयमा सहकार्य र समन्वय सम्बन्धी मार्गदर्शनको मस्यौदा छ । त्यो लागु गर्दा कार्य सहज हुने । |
| थप<br>(९.१) | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, योजना, कार्यान्वयन, नियमन एवं अन्य स्थानीय सरकार, प्रदेश तथा संघसँग समन्वय र सहकार्य । | संघीय विपद् व्यवस्थापन ऐन, प्रदेशका विपद् व्यवस्थापन ऐन तथा संघ र प्रदेशका अन्य विषयका ऐनमा भएका विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था संविधानको मर्म (स्थानीय तहको अग्राधिकार) र संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ बमोजिम परिमार्जन हुनुपर्ने देखिएको । | राहत वितरण तथा अन्य काममा प्रदेश र संघले एकद्वार प्रणाली अन्तर्गत स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने । |



| सावीक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| थप | | विपद्बाट विस्थापित व्यक्ति वा परिवारका लागि आपत्कालीन आश्रयको व्यवस्था । | अस्थायी आश्रयको व्यवस्थापनको नेतृत्व स्थानीय सरकारले गर्ने र अन्य तहले सहयोग गर्न उचित देखिएकोले । | सहयोग आवश्यक भई स्थानीय तहबाट माग भएमा प्रदेश र संघले सहयोग गर्ने । |
| (९.२) | | महामारी नियन्त्रणका लागि स्थानीय आइसोलेसन सेण्टरको स्थापना र सञ्चालन | | |
| थप | | विपद् जोखिम क्षेत्रको नक्सांकन, जोखिममा रहेका बस्तीहरूको पहिचान, जोखिम स्तरीकरण, जोखिममा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण साथै यी कार्य गर्न संघ, प्रदेशसँग समन्वय र सहकार्य । | विद्यमान क्षमतामा स्थानीय सरकारले विभिन्न प्रकोपको विपद् जोखिम नक्साङ्कन र सुरक्षित स्थानमा स्थानान्तरण एक्लै गर्न संभव नहुने र संघको विषयगत निकायले सहयोग गर्नुपर्न देखिएकोले ।<br>संघीय र प्रदेश ऐनमा स्थानीय तहलाई सहयोग गर्ने भनी स्पष्ट व्यवस्था हुन आवश्यक देखिएको । | संघ र प्रदेशको जिम्मेवारीमा स्थानीय तहलाई सहयोग गर्ने भनी राख्नुपर्ने। प्रदेशमा यसका लागि प्राविधिक र जनशक्ति क्षमता नदेखिएको तर स्थानीय तहलाई बजेट सहयोग गर्न सक्छन्। |
| थप | | राष्ट्रिय मापदण्ड र कार्यविधि एवं तोकिएको कार्यसिमा बमोजिम विपद् पश्चात स्थानीयस्तरको पुनस्थापना र पुनर्निर्माण साथै सो गर्नको लागि प्रदेश र संघसँग समन्वय र साझेदारी । | संविधानको एकल र साझा अधिकारको मर्म अनुरूप विपद्को प्रभावस्तर अनुसार स्थानीय सरकारले आफै व्यवस्थापन गर्न सक्ने विपद् एकलरूपमा र प्रदेश वा संघको सहयोग आवश्यक पर्ने स्तरको विपद्मा स्थानीय सरकारको अग्रणी भूमिका र प्रदेश तथा संघको सहयोगी भूमिका स्पष्ट हुन आवश्यक देखिएको । | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५। राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०। नेपाल सरकारका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू। |
| थप | | पूर्वसूचना प्रणालीको विकास, स्थापना र सञ्चालन गर्न अन्य स्थानीय सरकार, प्रदेश र संघीय निकायसँग साझेदारी र समन्वय | पूर्वसूचना प्रणालीको सञ्चालनमा तहगत समन्वय र सहकार्य अपरिहार्य रहेकोले | |
| | | | | |
| संविधानका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त, राज्यका नीति सम्बन्धी धारा र अन्य धारामा उल्लिखित कार्यको विस्तृतीकरण | | | | |

| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| **८ राज्यका नीति (प्राकृतिक स्रोत र साधनको संरक्षण, संवर्द्धन र उपयोग संवन्धि नीति)** | | | | |
| ८ | राज्यका नीति (प्राकृतिक स्रोत र साधनको संरक्षण, संवर्द्धन र उपयोग संवन्धि नीति) | | | |
| ८.१ | जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन | | | (पूर्वाधार अन्तर्गत समेत) |
| ८.२ | नवीकरणीय उर्जाको उत( पादन तथा विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन | | | (पूर्वाधार अन्तर्गत समेत) |
| ८.३ | जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाई विकासका आयोजनाको कार्यक्रमको तर्जुमा र कार्यान्वयन | पहिरोको प्रकृति र फैलावट अनुसार वर्गीकरण गरी संघ, प्रदेश र स्थानीय तह बिच कामको जिम्मेवारी बाँडफाँड ।<br><br>संघ र प्रदेशको नेतृत्व, अग्रसरतामा गरिने योजनामा स्थानीय तहको सहभागिता हुनुपर्ने । | जलउत्पन्न प्रकोप नियन्त्रणका लागि जवाफदेही संस्थागत संरचनाको अभाव छ ।<br><br>जनशक्ति संघमा हुने र स्थानीय तहमा समस्या हुने भएको अवस्था छ ।<br><br>विकास निमार्णका कारण जलउत्पन्न प्रकोप बढेका छन् तर त्यसको निगरानी, अनुगमन र नियन्त्रण गने निकाय छैन।<br><br>उपयुक्त दण्ड जरिवानाको व्यवस्था छैन। | स्थानीय खोला, खोल्सीमा हुने भल, पहिरोको नियन्त्रण, जलाधार व्यवस्थापन स्थानीय तहले गर्न उचित हुने विभिन्न अध्ययनले देखाएका ।<br><br>संघीय भू तथा जलाधार संरक्षण ऐन २०३९ (२०७२),<br><br>जलउत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२,<br><br>संघीय वातावरण संरक्षण ऐन २०७६।<br><br>प्रदेश वन ऐन - सबै, गण्डकीको विधेयक समेत । |



| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| | | सम्बन्धित तहको योजनामा हुने जोखिम तथा सो योजनाका कारण उत्पन्न हुने वा बढ्ने प्रकोप जोखिम प्रति सोही तह र निकाय जवाफदेही हुनुपर्ने । | वातावरणीय प्रभाव मूल्याङ्कनको गुणस्तर सुधार गर्नुपर्ने र वातावरणीय परीक्षण/मूल्याङ्कनको शिफारिस प्रभावकारीरूपमा लागु भएको छैन ।<br><br>संघ र प्रदेशको नेतृत्व, अग्रसरतामा गरिने योजनामा स्थानीय तहको सहभागिता आवश्यक रहेको र भूमिका स्पष्ट हुनुपर्ने । | |
| थप | | साना तथा मझौला सिँचाई आयोजनाको विकास, निर्माण तथा सञ्चालन ।<br><br>स्थानीय कुलो, स्यालो ट्यूव वेल, संरक्षण तथा सिँचाइ पोखरीको विकास, निर्माण तथा सञ्चालनका लागि नीति, का( नून, मापदण्ड, योजना, कार्यान( वयन र नियमन । | कार्यविस्तृतीकरण प्रभावकारीरूपमा लागु हुन नसके को ।<br><br>संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रको सिमा स्पष्ट नभएको ।<br><br>प्रदेश तथा संघले स-साना बजेटका आयोजनामा काम गर्दा प्रभावकारीता कम र ज्यादा उल्झन भएको ।<br><br>आ.व.को अन्ततिर स-साना आयोजना स्थानीय तहमा पठाउने प्रवृत्ति रहेको । | राष्ट्रिय जलस्रोत नीति २०७७ (उद्देश्य ४, रणनीति २, ३(३), ७ र ११)।<br><br>विद्यमान आयोजना निर्माणको अभ्यास।<br><br>सिँचाइ नीति २०७०।<br><br>अरुण गापा भोजपुरको खानेपानी तथा सिँचाइ सम्बन्धी कानून । जलउत्पन्न प्रकोप नियन्त्रण कार्यविधि, २०७७।<br><br>गापा/नपाको कार्य विभाजन नियमावली (भ.न., कन्काई नपा)।ण |
| थप | | सुख्खा, डढेलो तथा अन्य वात( ावरणीय प्रतिकूल प्रभावको जोखिम न्यूनीकरण र व्यवस्थापन | वातावरणीय प्रकोप तथा विपद् न्यूनीकरणमा स्थानीय तहको अग्रणी भूमिका आवश्यक देखिएकोले । | |
| | | पानी मुहान संरक्षण - अनुसूची ८ को विस्तृतीकरण बुँदा २१.१.४ मा समावेश गरिएको । | | |

| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| थप | | जलाधार संरक्षण र नदी कटान नियन्त्रणका लागि स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन । | स्थानीय सरकारको सहरद भित्र रहेका साना जला( धारको संरक्षण गर्न साथै ती जलाधारका खोला, खोल्सी, नदीको प्रकोप नियन्त्रण र जलाधार व्यवस्थ( ापनमा स्थानीय तहको अग्राधिकार र जवाफदेहीता हुनुपर्ने भएकोले । | ८.३ को ऐजनऐजन ।<br>मापदण्ड एवं कार्यविभाजन हुनुपर्ने।<br>यदि विकास निर्माण वा खानीको कारण पहिरो गएको भए जुन तहको विकानिर्माण वा खानी हो उसैले सम्पूर्ण व्यहोर्नुपर्ने ।<br>प्राकृतिक पहिरोको हकमा प्राविधिक वर्गीकरणलाई राखेर मापदण्ड र जिम्मेवारीको सिमाङ्कन कार्यविधि बनाउनु पर्ने देखिन्छ। |
| थप | | राष्ट्रिय मापदण्ड बमोजिम साना तथा मझौला पहिरो न्यूनीकरण तथा भूसंरक्षण | पहिरोको प्रकृति र फैलावट अनुसार वर्गीकरण गरी संघ, प्रदेश र स्थानीय तह बिच कामको जिम्मेवारी बाँडफाँड ।<br>संघ र प्रदेशको नेतृत्व, अग्रसरतामा गरिने योजनामा स्थानीय तहको सहभागिता हुनुपर्ने भएकोले ।<br>भौतिक संरचना बनाउन जथाभावी खन्दा उब्जेका पहिरोको जवाफदेहीता हुनुपर्ने भएकोले । | |
| थप | | राष्ट्रिय मापदण्ड र तहगत कार्य विभाजन बमोजिम स्था( नीय नदी कटान नियन्त्रण, जैविक तटबन्ध । | प्रकोपको प्रकृती र मात्रा अनुसार स्थानीय सरकारले न्यूनीकरण गर्न आवश्यक देखिएकोले । | |
| थप | | पानीको निकास, खोला, नदी पथान्तरणका कारण तल्लो तटीय क्षेत्रमा उत्पन्न हुने सुख्खा, बाढी तथा अन्य वात( ावरणीय जोखिम न्यूनीकरण । | संघ र प्रदेश सरकारका नदी पथान्तरण योजनाका कारण सिर्जना वा वृद्धि भएका विपद् जोखिम व्यवस्थ( ापन हुन आवश्यक देखिएको । | सम्बन्धित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गुणस्तरीय हुनुपर्ने र शिफारिस बमोजिम व्यवस्थापन हुन जरुरी देखिन्छ । |

| साविक व्यवस्था | | परिमार्जनको लागि प्रस्तावित व्यवस्था | परिमार्जन गर्नु पर्नाको पृष्ठभूमि | सन्दर्भ |
|---|---|---|---|---|
| ८.४ | विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन । | स्थानीय सरकार, प्रदेश र संघले प्रकोप प्रकृतिक अनुसार साथै भौगोलिक फैलावटका आधारमा आपसी समन्वयमा पूर्वसूचना प्रणालीको स्थापना र सञ्चालन गर्नुपर्ने देखिएको।<br><br>जनस्वास्थ्य, पशुस्वास्थ्य सम्बन्धी प्रकोप र विपद् जोखिमको निगरानी, पूर्वसूचना र नियन्त्रणमा थप व्य(वस्था गर्नुपर्ने देखिएको।<br><br>पूर्वसूचना प्रणाली तहगत भन्दा राष्ट्रिय, क्षेत्रीय ९विष(यगत समेत) र स्थानीय प्रकृतिको हुनुपर्ने भएकोले । | संघीय तथा प्रदेशको विपद् सम्बन्धी ऐनमा स्पष्ट व्य(वस्था हुन सकेको छैन।<br><br>संघीय सरकारका निकायहरू बिच समन्वयको अभाव छ । जस्तै २०७८ असोज ३१-कात्तिक ४ को वर्षाको पूर्वसूचना।<br><br>प्रदेशको भूमिका र उत्तरदायित्व पहिचान हुन सकेको छैन। |
| थप | | स्थानीय प्रकोपको निगरानी, अनुगमन र सूचना सम्प्रेषण । | | |
| थप | | पूर्वसूचना प्रणालीको विकास र सदुपयोग सम्बन्धी अनुसन्धान र अन्वेषण । | | |
| थप | | समुदाय केन्द्रित स्थानीय तहको पूर्वसूचना सञ्चार संयन्त्रको विकास र सञ्चालन । | | |
| थप | | पूर्वसूचना प्रणालीको विकास, स्थापना र सञ्चालन गर्न अन्य स्थानीय सरकार, प्रदेश र संघीय निकायसँग साझेदारी र समन्वय । | | |
| थप | ८ (२०) तथा ९(९)को विस्तृतीकरणमा समेत रहेको । | राष्ट्रिय मापदण्ड र कार्यविधि एवं तोकिएको कार्यसिमा बमोजिम विपद् पश्चात स्था(नीयस्तरको पुनर्स्थापना साथै आवश्यकता अनुसार पुनर्निम(ाण र पुनर्स्थापना तथा पुनर्निम(ाणको लागि प्रदेश र संघसँग समन्वय र साझेदारी । | विपद्को प्रभावस्तर अनुसार स्थानीय सरकारको अग्र(णी भूमिका र प्रदेश तथा संघको सहयोगी साथै मह(ाविपद् अवस्थामा तीन तहको उपयुक्त भूमिका स्पष्ट हुन आवश्यक देखिएको ।<br><br>संघीय प्राधिकरणले तयार गरेको पुनर्निर्माण अनुदान कार्यविधि केन्द्रीकृत र अति प्रकृयापेक्षी भएकोले परिमार्जन हुन आवश्यक देखिएको । | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सिकाई प्रतिवेदनहरू ।<br><br>संविधानको अनुसुची ८ र संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ । |



**(घ) अध्ययन गरिएका नीति, कानून तथा प्रतिवेदनहरू**

- संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको बाँडफाँड र विस्तृतीकरण प्रतिवेदन, २०७३ ।
- स्थानीय सरकारका दृष्टिमा संवैधानिक व्यवस्था र बाझिएका संघीय कानूनहरूको अध्ययन, २०७६ । गाउँपालिका राष्ट्रिय महासंघ नेपाल ।
- नेपालको संविधान २०७२ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।
- उपभोक्ता संरक्षण ऐन, २०७५ (२०७९ सम्मका संशोधन समावेश भएको) ।
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ।
- नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहका लागि प्रकाशन भएका विपद् व्यवस्थापन, वात(ावरण, जलवायु परिवर्तन अनुकूलन सम्बन्धी नमुना ऐन, मार्गदर्शन, दिग्दर्शनहरू ।
- राष्ट्रिय वन नीति, २०७५ ।
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६।
- राष्ट्रिय वातावरण नीति, २०७६ ।
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ।
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ - २०३० ।
- वन ऐन, २०७६ ।
- कोभिड - १९ सङ्कट व्यवस्थापन सम्बन्धमा बनेको अध्यादेश, २०७८ ।
- वातावरण संरक्षण ऐन, २०७६ ।
- वनस्पति ऐन, २०७९ (विधेयक) ।
- विजयसाल संरक्षण कार्ययोजना (२०७५-२०७९)।
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ ।
- खाद्य ऐन, २०२३ (तेस्रो संशोधन,२०४९)।
- कृषि जैविक विविधता नीति, २०६३ ।
- जलचर संरक्षण ऐन, २०१७ (२०५५) ।
- जीवनाशक विषादी ऐन, २०४८ (प्रथम संशोधन २०६६)
- खानी तथा खनिज पदार्थ ऐन २०४२ (तेस्रो संशोधन २०७२)
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन, २०७५) ।
- प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (सबै प्रदेश) ।
- गाउँ/नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (धनगढी, सिम्ता, पोखरा, शिवालय, बाह्रबीसे, दोधारा चाँदनी, इलाम) ।
- सार्वजनिक सडक ऐन २०३१ (२०७५) । संघीय ऐन।
- लुम्बिनी प्रदेश सडक ऐन, २०७७ ।
- कर्णाली, कोशी, मधेश, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका वन ऐन ।
- गण्डकी प्रदेशभित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक ।

- गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ ।
- कोशी प्रदेश वन नियमावली, २०७८ ।
- उर्लाबारी नगरपालिका, कालिका नगरपालिका, जिरी नगरपालिका, थाहा नगरपालिका, भीमदत्त नगरपालिका, शुक्लाफाँटा नगरपालिका, महाशिला गाउँपालिका, मन्छयामेयम गाउँपालिका, लिसङ्खुपाखर गाउँपालिका र सन्दकपुर गाउँपालिकाको वन ऐन । यी ऐनहरू २०७६ देखि २०७९ सम्ममा जारी भएका हुन् ।
- खानी तथा खनिज पदार्थ सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, कार्यविधि तथा मापदण्ड (मण्डन देउपुर नगरपालिका, चाँगुनारायण नगरपालिका, देवचुली नगरपालिका, त्रियुगा नगरपालिका)।
- ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ । नेपाल सरकार।
- विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ । नेपाल सरकार ।
- प्रदेश सरकारका राहत वितरण सम्बन्धी मापदण्ड, निर्देशिका वा कार्यविधि ।
- स्थानीय सरकारका राहत वितरण सम्बन्धी निर्देशिका वा कार्यविधि ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिरो संशोधन, २०७६) ।
- आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ । नेपाल सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ।
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ । राष्ट्रिय योजना आयोग ।

**कार्यविस्तृतीकरण प्रतिवेदन कार्यान्वयनका समस्या र स्थानीय तहमा कार्यान्वयनका सुझाव**

- यस प्रतिवेदनका आधारमा कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन गर्ने ।
- सबै विषयलाई सम्बन्धित तहको विषयगत कानूनमा समावेश गर्ने ।

**अनुसूची १: विज्ञहरु र अध्ययन गर्ने विषय क्षेत्र (एकल तथा साझा अधिकार सूची र मौलिक हक)**

**विज्ञ टोलीको संयोजन र प्रतिवेदनको पुनरावलोकनः डा. सोमलाल सुवेदी**

| क्र. सं. | विज्ञ तथा अभ्यासकर्ता | विषय क्षेत्र | विषय क्षेत्रमा समावेश हुने उपक्षेत्र (एकल अधिकार अनुसूची ८) | विषय क्षेत्रमा समावेश हुने उपक्षेत्र (साझा अधिकार अनुसूची ९) | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृष्णप्रसाद सापकोटा | शिक्षा | बुँदा नं. ८ः आधारभूत तथा माध्यमिक शिक्षा,<br>बुँदा नम्बर २२ः भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | बुँदा नम्बर २ः शिक्षा, खेलकुद र पत्रपत्रिका | |
| २ | विश्व खत्री, प्रताप पौडेल | स्वास्थ्य | बुँदा नं. ९ः आधारभुत स्वास्थ्य र सरसफाई | बुँदा नम्बर ३ः स्वास्थ्य | |
| ३ | मणिराम सिंह महत | आर्थिक विकास | बुँदा नं. २ः सहकारी संस्था<br>बुँदा नं.१५ः कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी<br>बुँदा नम्बर १८ः कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण<br>बुँदा नं. ६ः स्थानीय तथ्याँक अभिलेख संकलन<br>बुँदा नं. १३ः स्थानीय अभिलेख व्यवस्थापन<br>बुँदा नं. १७ः बेरोजगारको तथ्याँक संकलन | बुँदा नं. १ः सहकारी<br>बुँदा नम्बर ४ः कृषि<br>बुँदा नं. १३ः सुकुम्वासी व्यवस्थापन | |
| ४ | रामकृष्ण सापकोटा | पूर्वाधार | बुँदा नं. ७ः स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरु<br>बुँदा नं. ११ः स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई<br>बुँदा नं. १९ः खानेपानी, जलविद्युत आयोजना, बैकल्पिक उर्जा | बुँदा नं. ५ः विद्युत, खानेपानी सिंचाइ जस्ता सेवाहरु | |
| ५ | डा. हेमराज लामिछाने | वित्त क्षेत्र | बुँदा नं. ४ः स्थानीय कर (सम्पति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन | बुँदा नं. ६ः सेवा शुल्क, दस्तुर, दण्ड, जरिवाना, तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क<br>बुँदा नं. १४ः प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी | |
| ६ | पूर्णचन्द्र भट्टराई | सेवा क्षेत्र | बुँदा नं. १ः नगर प्रहरी<br>बुँदा नं. ३ः एफ.एम. सञ्चालन<br>बुँदा नं.५ः स्थानीय सेवाको व्यवस्थापन<br>बूँदा नं. १२ः गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन<br>बुँदा नं. १४ः घर जग्गा धनी पूर्जा वितरण<br>बुँदा नं. १६ः जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन | बुँदा नं. १० सामाजिक सुरक्षा र गरीवी निवारण<br>बुँदा नं. ११ः व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याँक<br>बुँदा नं. १५ः सवारी चालक अनुमती | |
| ७ | डा. दिनानाथ भण्डारी | वन, वातावरण, विपद् व्यवस्थापन | बुँदा नं. १०ः स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता<br>बुँदा नं. २०ः विपद् व्यवस्थापन<br>बुँदा नं. २१ जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | बुँदा नं. ७ः वन, जंगल, वन्यजन्तु, चराचुरुँगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>बुँदा नं. ८ः खानी तथा खनिज<br>बुँदा नं. ९ः विपद् व्यवस्थापन | |



## परामर्शका लागि गरिएका कार्यक्रमहरुका केही तस्विरहरु


चितवन कार्यशाला


चितवन कार्यशाला


बर्दिवास कार्यशाला


बर्दिवास कार्यशाला


धुलिखेल कार्यशाला



धुलिखेल कार्यशालामा सम्बोधन गर्दै नेपाली कांग्रेस **संसदीय** दलका प्रमुख सचेतक मा. रमेश लेखक

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)
५३० पण्डोल मार्ग, लाजिम्पाट, काठमाडौं
फोन नं. : (९७७-१) ४५२५६९२, ४४२०५५९
फ्याक्स : (९७७-१) ४४१८६७१
इमेल : muan@ntc.net.np, info@muannepal.org.np
वेवसाइट : www.muannepal.org